सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२९ फागुन २०८१, बिहीबार (13 Mar 2025, Thursday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक ३२६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

क्रिप्टोकरेन्सी कारोबार बढ्दै

कसुर बढ्दै गए पनि त्यसअनुसार अनुसन्धान-अभियोजन तथा विशेषज्ञ जनशक्ति र स्रोतसाधनको अभाव

■ दुई उदाहरण

१ | १८ वैशाखमा काठमाडौंका २४ वर्षीय पीयूष खेतानमाथि अभौतिक मुद्राको कसुरमा जिल्ला अदालत काठमाडौंमा मुद्दा दायर भएको छ। उनले एक मोबाइल एप्लिकेसन प्रयोग गरी ६ करोड नेपाली रुपैयाँभन्दा बढीको कारोबार गरेको देखिएको थियो। साथै, अभौतिक मुद्रा हुन्डीका रूपमा प्रयोग भएकोसमेत अनुसन्धानले देखाएको थियो। खेतानले आफू अध्ययनको सिलसिलामा भारतमा रहँदा क्रिप्टोबारे जानकारी पाएको र कारोबार गरिरहेको प्रहरीसामु बताएका थिए।

२ | चितवनका २१ वर्षीय निशान गायकमाथि पनि अभौतिक मुद्रासम्बन्धी कसुरमा मुद्दा दर्ता भएको छ। माइतीघर चोकमा गायकलाई प्रहरीले पक्राउ गर्दा उनको मोबाइलमा क्रिप्टोका एप फेला परेपछि प्रहरीले अनुसन्धान गरेको थियो। अनलाइनबाटै जोडिएकी एक महिलासँगको च्यापछि गायकले उक्त एपमा खाता खोलेका थिए। उनले अनलाइनबाटै विभिन्न व्यक्तिसँग अभौतिक मुद्राको १६ लाख नेपाली रुपैयाँभन्दा बढी कारोबार गरेको भेटियो।

एक वर्षअघि मात्र क्रिप्टोकरेन्सीलाई कसुर कायम

शिल्पा कर्ण/नयाँ पत्रिका


नेपालमा पछिल्लो समय क्रिप्टोकरेन्सी वा अभौतिक मुद्राको कारोबार बढेको छ। प्रतिबन्धित क्रिप्टोकरेन्सीको प्रयोग बढे पनि विशेषज्ञ जनशक्ति र स्रोतसाधनको अभावका कारण अनुसन्धान र अभियोजनमा समस्या देखिएको छ। विशेषगरी ठगीलगायतका अपराधमा अभौतिक मुद्राको संलग्नता बढ्दै छ।

यसै वर्ष असार महिनामा मात्रै जिल्ला अदालत काठमाडौंमा अभौतिक मुद्रासम्बन्धी चारवटा मुद्दा दर्ता भएका थिए भने साउनमा यस्तै प्रकृतिका ६ वटा मुद्दा थपिएका छन्। ठगी, सम्पत्ति शुद्धीकरण र हुन्डीजस्ता अपराधसँग अभौतिक मुद्राको कारोबार जोडिएको सरकारी अभिलेखमा उल्लेख छ।

न्यून स्रोतसाधन र विशेषज्ञ जनशक्ति अभावकै कारण यस्ता मुद्दाहरूको सफलता दर न्यून रहेको सरकारी पक्षकै स्विकारोक्ति छ। 'अभौतिक मुद्रासम्बन्धी कसुरमा सीमित मात्रामा मात्रै सफलता प्राप्त भएको छ। अनुसन्धान गर्ने निकायमा केही विशेषज्ञ

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.



नेपालको साइबर सुरक्षा संयन्त्र निकै कमजोर छ



● **टेकबहादुर घिमिरे**
नायब महान्यायाधिवक्ता

अभौतिक मुद्रासम्बन्धी कसुरमा सीमित मात्रामा मात्रै सफलता प्राप्त भएको छ। अनुसन्धान गर्ने निकायमा केही विशेषज्ञ छन्, तर अभियोजन भने सबै जिल्लामा हुन्छ, जहाँ सोस्तरको विशेषज्ञता हामीसँग छैन। यसप्रकारका मुद्दामा जानकार सरकारी वकिलको संख्या अत्यन्तै कम छ। जबकि, यस्ता मुद्दामा गहिरो अनुसन्धान आवश्यक पर्छ। नेपालको साइबर सुरक्षा संयन्त्र निकै कमजोर छ। हामीसँग डिजिटल फरेन्सिक ल्याबको संख्या कम छ, भएकोमा पनि राम्रो साधन छैन, जनशक्ति पनि न्यून छ।

● फौजदारी कानुनका जानकार डा. सुवास आचार्य भन्छन्- **साइबर सुरक्षामा कमजोर मुलुकलाई अपराधीले निसाना बनाउने गरेका छन्**

पछिल्लो समय डिजिटल संसारमा हुने अपराधमा एआईयुक्त अपराध बढेकाले नेपालजस्तो प्रविधिमा पछाडि रहेको मुलुकलाई झनै चुनौती थपिएको छ। यस्ता अपराध सीमाले नछेक्ने भएकाले पनि साइबर सुरक्षामा कमजोर मुलुकलाई अपराधीले निसाना बनाउने गरेको अधिवक्ता तथा फौजदारी कानुनका जानकार डा. सुवास आचार्य बताउँछन्। अनुसन्धान गर्ने प्रहरी, अभियोजन गर्ने निकायका साथै विशिष्टीकृत अदालतको गठन हुनुपर्ने उनको धारणा छ। 'जुन गतिमा अनलाइनबाट हुने अपराध बढिरहेका छन्, त्यो गतिमा नीति निर्माण, हाम्रो अनुसन्धान-अभियोजन र कानुन निर्माण भइरहेको छैन। त्यही प्रहरी दुई वर्षअघि शान्तिसुरक्षाका लागि भनी दंगा नियन्त्रणतिर खटिएको हुन्छ। आज ऊ क्रिप्टोदेखि अन्य अपराधको अनुसन्धानमा लागिरहेको हुन्छ। यस्तोमा प्रहरीमा पनि त्योस्तरको विशेषज्ञताको खाँचो देखिन्छ,' उनले भने।



डा. आचार्य

फौजदारी र देवानी अपराधका लागि छुट्टाछुट्टै अदालत नभएको देशमा यस्ता विशेष प्रकारका अपराधमा न्यायालय आफैं पनि कतिपय कुरामा स्पष्ट नहुने गरेको अधिवक्ताहरूको अनुभव छ। साथै, यस प्रकृतिका अपराधमा विदेशीको संलग्नता र विदेशबाट मान्छे खटाइनेसमेत गरेको अधिवक्ता आचार्य बताउँछन्। यस्ता 'अल्ट्रा मोडर्न' अपराधमा प्रयोग हुने 'इनोसेन्ट एजेन्ट' अर्थात् नजानी अपराध कार्यमा संलग्न हुनेहरूको प्रयोग पनि बढ्दै गएको अधिवक्ता आचार्यको भनाइ छ।

क्याम्पसमा तोडियो सिंहदरबारको गठबन्धन

नेता उत्पादनको 'नर्सरी' मानिने स्ववियु निर्वाचनमा ठुला दलनिकट विद्यार्थी संगठनले सिंहदरबारमा रहेको सत्तागठबन्धनका आधारमा होइन, क्याम्पसहरूमा चुनाव जित्न आवश्यकताका आधारमा बनाए समीकरण

८३ क्याम्पसमा नेतृत्व निर्विरोध

अनेरास्ववियु ३२, नेविसंघ २८, अनेरास्ववियु क्रान्तिकारी २१ र एकीकृत समाजवादीनिकट अनेरास्ववियू २

तीन ठुला संगठनकै गठबन्धन !

काभ्रेका १६ क्याम्पस तीन संगठनले भाग लगाएका छन्। अनेरास्ववियुले ६ तथा नेविसंघ र अनेरास्ववियु क्रान्तिकारीले ५-५ क्याम्पस लिने सहमति गरेका हुन्।

शिवहरि घिमिरे/नयाँ पत्रिका

त्रिभुवन विश्वविद्यालयका आंगिक र सम्बन्धनप्राप्त गरी चार सयहाराहारी क्याम्पसमा ५ चैतमा स्ववियु निर्वाचन हुँदै छ। नेता उत्पादनको 'नर्सरी' मानिने स्ववियुको निर्वाचनमा सिंहदरबारकै गठबन्धनका आधारमा निकट विद्यार्थी संगठनले तालमेल गर्ने अनुमान गरिएको थियो। तर, विद्यार्थी संगठनले सिंहदरबारमा रहेको सत्तागठबन्धनका आधारमा होइन, क्याम्पसहरूमा चुनाव जित्न आवश्यकताका आधारमा गठबन्धन गरेका छन्।

कतिपय क्याम्पसमा काग्रेसनिकट नेविसंघविरुद्ध एमालेनिकट अनेरास्ववियु र माओवादीनिकट अनेरास्ववियु

» पृष्ठ २ मा क्रमशः

■ १२ आंगिक क्याम्पसमा १४ वर्षपछि बल्ल निर्वाचन हुँदै

उपत्यकाभित्रका त्रिचन्द्र, विश्वभाषा, नेपाल कमर्श, आरआर तथा उपत्यकाबाहिर चितवनका वीरेन्द्र बहुमुखी र इन्जिनियरिङ क्याम्पस, वीरगन्जको ठाकुरराम बहुमुखी, पोखराका पृथ्वीनारायण, पश्चिमाञ्चल इन्जिनियरिङ र वन विज्ञान अध्ययन संस्थान, कञ्चनपुरको सिद्धनाथ क्याम्पस र डोटीको डोटी क्याम्पसमा ०६७ पछि निर्वाचन हुन सकेको थिएन।



मतदान : ५ चैत

चार क्याम्पसमा विद्युतीय मतदान

स्ववियु निर्वाचनमा केन्द्रीय क्याम्पस कीर्तिपुर, पुल्चोक इन्जिनियरिङ, पाटन संयुक्त र थापाथली इन्जिनियरिङमा विद्युतीय मतदान हुने तय भएको छ।

■ कीर्तिपुर केन्द्रीय क्याम्पससहित उपत्यकाका यी ठुला क्याम्पसमा निर्वाचन नै अन्योलमा

स्ववियु निर्वाचनको सरगर्मी बढिरहँदा विश्वविद्यालय केन्द्रीय क्याम्पस कीर्तिपुरमै चुनाव हुने/नहुने अन्योल छ। केन्द्रीय क्याम्पस मात्रै होइन, काठमाडौंकै अन्य ६ ठुला क्याम्पसहरू शंकरदेव, कोटेश्वर बहुमुखी, सरस्वती बहुमुखी, पब्लिक युथ, विश्वभाषा र थापाथली इन्जिनियरिङमा पनि विभिन्न विवादले निर्वाचन अन्योलमा छ। मंगलबार मनोनयन दर्ता भएको नाम फिर्ता गर्ने समय बिहीबारका लागि तोकिएको छ। बिहीबारसम्म समस्या नसल्टिए यी क्याम्पसमा निर्वाचन नै नहुने जोखिम छ।

■ **त्रिवि केन्द्रीय क्याम्पस–** नेविसंघका बागी उम्मेदवारहरूले क्याम्पस प्रमुखको कार्यकक्षमा तालाबन्दी गरेपछि समस्या जटिल बनेको छ। नेविसंघले आधिकारिक रूपमा दीपक जोशीलाई उम्मेदवार बनायो। तर, जोशीको उम्मेदवारीविरुद्ध नरेन्द्र साउद, सनम ओली, पद्मा भुसाल, पदम दाहाललगायतले पनि उम्मेदवारी दिएका छन्। बागी उम्मेदवार धेरै भएपछि यहाँ विवाद मिलाउन कठिन छ।

■ **शंकरदेव–** स्ववियु निर्वाचनमा चासो साथ हेरिने शंकरदेव क्याम्पसमा पनि मनोनयन प्रक्रिया नै अघि बढेको छैन। स्नातक तहमा विद्यार्थी भर्ना गर्दा नियम मिचेको भन्दै नेविसंघले अवरोध गरेको छ। यही विवादलाई लिएर मंगलबार क्याम्पसमा कुर्सी तोडफोडसमेत गरेका छन्।

काठमाडौं बाहिरका क्याम्पसमा पनि लफडा

■ **कोटेश्वर बहुमुखी–** यो क्याम्पसमा पनि मनोनयन प्रक्रिया अघि बढेको छैन। विद्यार्थी भर्ना र मतदाता संख्याका विषयमा विवाद भएपछि निर्वाचन समितिका संयोजक सुरेश पो खरेलले नै राजीनामा दिएका छन्।

■ **सरस्वती बहुमुखी–** लैनचौरमा रहेको सरस्वती बहुमुखी क्याम्पसमा पनि चुनावी प्रक्रिया अवरोध छ। एकीकृत समाजवादीनिकट अनेरास्ववियूले मतदाता र उम्मेदवारी दर्ता समयमै नआएको भन्दै अवरोध गरेको हो। हाल निर्वाचन समितिले नै यहाँ मनोनयन प्रक्रिया रोकेको छ।

■ **पब्लिक युथ–** पब्लिक युथ क्याम्पसमा अखिल क्रान्तिकारीले अवरोध गरेको छ। नेविसंघ र अनेरास्ववियुले नक्कली मतदाता खडा गरेको भन्दै उसले क्याम्पसमा तालाबन्दी गरेपछि निर्वाचन प्रक्रिया रोकिएको छ।

■ **विश्वभाषा–** विश्वभाषा क्याम्पसमा पनि अखिल क्रान्तिकारी र नेविसंघबिचको विवादका कारण निर्वाचन प्रक्रिया अगाडि बढ्न सकेको छैन। यहाँ निर्वाचन समितिले स्थिति असामान्य भएको भन्दै निर्वाचन प्रक्रिया रोकेको छ।

■ **थापाथली इन्जिनियरिङ–** यो क्याम्पसमा उम्मेदवारी दर्ता गराउने समय मंगलबार दुई बजेसम्म तोकिएको थियो। तर, अन्य क्याम्पसमा ४ बजेसम्म तोकिएको थियो। अखिल क्रान्तिकारीले उम्मेदवारी दर्ता गर्न नपाएको भन्दै अवरोध गरिरहेको छ।

■ मिटरब्याज समस्यामा आयोगमाथि आयोग

पुरानो आयोग निष्क्रिय बनाएर अर्को आयोग गठन

बाबुराम रेग्मीको अध्यक्षतामा भरतबहादुर बोहरा र बद्रीप्रसाद भट्टराई सदस्य रहेको आयोग गठन

नयाँ पत्रिका

मिटरब्याज (अनुचित लेनदेन)सम्बन्धी समस्या समाधानका लागि गठन भएको पुरानो आयोगलाई कामै गर्न नदिई निष्क्रिय पारेको सरकारले नयाँ आयोग गठन गरेको छ। यसअघि नै यससम्बन्धी दुईवटा जाँचबुझ आयोग र एउटा कार्यदल बनाइसकेको छ।

सोमबारको मन्त्रिपरिषद् बैठकले नयाँ आयोग गठन गर्ने निर्णय गरेको सूचना तथा सञ्चार प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले बताए। उनका अनुसार बाबुराम रेग्मीको अध्यक्षतामा नयाँ जाँचबुझ आयोग गठन भएको हो। आयोगको सदस्यमा भरतबहादुर बोहरा र बद्रीप्रसाद भट्टराई छन्। आयोगको कार्यादेश तथा अवधिबारे प्रस्ट पारिएको छैन।

● **गौरीबहादुर कार्की**, पूर्वअध्यक्ष, मिटरब्याज (अनुचित लेनदेन)सम्बन्धी जाँचबुझ आयोग



सरकारले हाम्रो प्रतिवेदन कता थन्क्याएर राखेको छ ? तेजबहादुर कार्की नेतृत्वको आयोगका काम के भए ? प्रतिवेदन कार्यान्वयन नगरेर यसरी नयाँ-नयाँ आयोग गठन गर्नुको अर्थ छैन।

यसअघिको तेजबहादुर कार्कीको अध्यक्षताको आयोग अघिल्लो सरकारले गठन गरेको भन्दै वर्तमान सरकारले कामै गर्न नदिई विघटन गराएको थियो। गत १५ असोजमा आयोगको म्याद सकिएकोमा थप नगरी स्वतः विघटन गराएको थियो।

मिटरब्याज पीडितहरूसँगको सहमतिपछि गत वर्ष चैतमा सरकारले सो आयोग गठन गरेको थियो। 'हाम्रो ६ महिनाको मिहिनेत खेर गयो, राज्यको खर्च पनि बेकार भयो,' सो आयोगका एक पदाधिकारी भन्छन्, 'यस्ता आयोगसमेत राजनीतिक प्रतिशोधको सिकार हुनु दुःखद हो।'

त्यसअघि पूर्वन्यायाधीश गौरीबहादुर कार्की अध्यक्ष भएको जाँचबुझ आयोगले आठ महिना लगाएर यससम्बन्धी प्रतिवेदन २०८० कै मंसिरमा दिएको थियो। सो प्रतिवेदनले दिएको सुझाव कार्यान्वयन भएको

» पृष्ठ २ मा क्रमशः

राजावादीको प्रदर्शनपछि के गर्दै छ सरकार ?



तत्काल नजिकबाट निगरानी, गणतन्त्रविरुद्ध गतिविधि बढाए राजनीतिक र प्रशासनिक प्रतिवाद

(विस्तृत पृष्ठ ३)

तीन करोडभन्दा कम बजेटका कार्यक्रम 'आयोजना बैंक'मा नराखिने

आयोजना बैंकको नयाँ मापदण्डअनुसार हालसम्म सूचीकृत १८ हजारभन्दा बढी कार्यक्रम हटाइयो, डिपिआर र इआइए नगरिएका आयोजना प्रविष्ट नहुने

(विस्तृत पृष्ठ ६)

ओलीको अभिव्यक्तिका दृश्य हटाएपछि मात्रै 'राजागंज'लाई प्रदर्शन अनुमति

पवन बराइली/नयाँ पत्रिका

केन्द्रीय चलचित्र जाँच समितिले मधेश आन्दोलनताका तत्कालीन एमाले अध्यक्षको हैसियतमा केपी ओलीले सार्वजनिक रूपमै बोलेको भिडियो प्रयोग गर्न रोक लगाएको छ। ओलीको अभिव्यक्तिका दृश्य हटाएर मात्र समितिले चलचित्र 'राजागंज'लाई बुधबार प्रदर्शन अनुमति दिएको छ। १ चैतमा चलचित्र प्रदर्शन हुँदै छ।



निर्देशक दीपक रौनियारले ओलीको अभिव्यक्तिसहितका दृश्य हटाएर समितिले सबै उमेर समूहका दर्शकले हेर्न पाउने गरी चलचित्रलाई युनिभर्सल प्रमाणपत्र दिएको बताए। नौ वर्षअघि एमाले अध्यक्ष ओलीले भाषणमा बोलेको केही दृश्य र संवाद प्रयोगलाई लिएर समितिले प्रदर्शन अनुमति दिन अस्वीकार गरेको थियो।

समितिले चलचित्रका केही दृश्य र संवाद हेर्न र सुन्न नमिल्ने बनाए पनि लेन्थ भने यथावत् राखिने निर्देशक रौनियारले बनाए। 'चलचित्रमा दृश्य धेरै काटिएको छ। काटेको ठाउँमा खाली राखिनेछ। हामीले सेन्सर देखिने गरी दर्शकलाई छोड्ने निर्णय गरेका छौं,' उनले भने, 'फिल्म समय घट्दैन। केही संवाद म्युट राखिनेछ। खाली राखिएको ठाउँमा काटिएछ भनेर दर्शकले बुझ्नेछन्।'

» पृष्ठ २ मा क्रमशः

अभिव्यक्ति स्वतन्त्रताको हनन भएको छ, विरोधस्वरूप काटिएको दृश्यमा खाली राखेर प्रदर्शन गर्ने निर्णयमा पुग्यौं

जाँच समितिले हटाउनुपर्ने गरी चलचित्रमा रहेको दृश्य र संवाद के थियो ?

'दुई-चारवटा आँप झरेर केही हुँदैन, बोट जस्ताको तस्तै छ' भन्ने झन्डै १० वर्षअगाडि केपी ओलीले बोलेको दृश्य राखिएको थियो। उहाँ मधेश समुदायलक्षित बोल्नुभएको थियो। त्यसले मधेशी समुदायलाई बिजाएको थियो। उहाँ बोलेको अहिले पनि युट्युबमा हेर्न सकिन्छ। उहाँको भनाइले मधेश आन्दोलनमा असर पारेको थियो। मधेशी जनताको मन दुखेको थियो। उहाँले बोलेको संवादको कुनै सम्पादन भएको छैन।



दीपक रौनियार, निर्देशक

यसैमा हो जाँच समितिले आपत्ति जनाएको ?

हो, यही दृश्य राखेको विषयलाई लिएर सेन्सर बोर्डले आपत्ति जनायो। त्यसपछि हामीले भाषण म्युट गरेका छौं। अब दर्शक आफैंले बुझ्नुहुन्छ, के काटिएछ भनेर।

असहमति रहेछ, तैपनि किन पछि हट्नुभयो ?

हामीसँग विकल्प रहेन। विरोधस्वरूप काटिएको दृश्यमा खाली राखेर प्रदर्शन गर्ने निर्णयमा पुग्यौं। त्यहाँ कुनै दृश्यले भरिँदैन। सिनेमा अभिव्यक्तिको माध्यम हो। तर, समितिका पदाधिकारीले कला र अभिव्यक्ति स्वतन्त्रताबारे सोच्नुभएन। फिल्मको महत्त्वपूर्ण पाटो थियो त्यो संवाद र दृश्य। त्यो दृश्य र संवाद निकाल्दा सिनेमाको मर्म मर्ने भयो। सिनेमाको कथा प्रधानमन्त्रीको भाषणसँग कनेक्टेड छ। अर्को फिल्ममा प्रधानमन्त्री भन्ने शब्द राख्न दिइएन। प्रधानमन्त्री जनताको छोरा हो। जनताको छोरालाई हामीले प्रश्न गर्न नपाइने हो ? प्रधानमन्त्रीलाई फेरि राजा बनाउन खोजिएको हो ? सिनेमाको मर्म नै प्रश्न गर्न पाऊँ भन्ने छ। उहाँहरूले प्रधानमन्त्री कार्यालयबाट अनुमति लिएर आउनु भन्नुभयो। फिल्म बनाउन प्रधानमन्त्री कार्यालयमा किन अनुमति लिनुपर्ने ?

■ होली रे...



तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

होलीका लागि काठमाडौंको असन-भोटाहिटी क्षेत्रमा रंगका प्याकेट, पिचकारी र टिसर्ट किन्दै सर्वसाधारण। फागुन शुक्ल पक्षको पूर्णिमा तिथिका दिन होलिका दहन गरेसँगै होली मनाउने गरिन्छ। तर, तराई-मधेश क्षेत्रमा भने पूर्णिमाको दिन होलिका दहन गरे पनि भोलिपल्ट होली मनाउने प्रचलन छ। सरकारले बिहीबार काठमाडौं उपत्यकासहित पहाडी क्षेत्र र शुक्रबार तराईमा होली पर्वको सार्वजनिक बिदा दिएको छ। दैत्यराज हिरण्यकश्यपुले विष्णुभक्त आफ्ना पुत्र प्रह्लादलाई मार्ने उद्देश्यले ब्रह्माबाट आगोले छुन नसक्ने वरदान पाएकी आफ्नी बहिनी होलिकालाई प्रह्लादका साथ दन्किरहेको आगोमा पस्न लगाउँदा होलिका आफैं भष्म भएकी, तर भक्त प्रह्लादलाई आगोले छुन नसकेको कथा यो पर्वसँग जोडिएको छ। त्यतिखेरदेखि शक्तिको दुरुपयोग गर्ने पापी प्रवृत्तिकी प्रतीक बनेकी होलिका मारिएको खुसियालीमा फागु खेल्ने परम्परा चलेको मानिन्छ।

क्रिप्टोकरेन्सी...

पृष्ठ १ बाट क्रमशः

छन्, तर अभियोजन भने सबै जिल्लामा हुन्छ, जहाँ सोस्तरको विशेषज्ञता हामीसँग छैन,' नायब महान्यायाधिवक्ता टेकबहादुर घिमिरे भन्छन्, 'यस प्रकारका मुद्दामा जानकार सरकारी वकिलको संख्या अत्यन्तै कम छ। जब कि, यस्ता मुद्दामा गहिरो अनुसन्धान आवश्यक पर्छ।'

भर्चुअल वर्ल्डमा हुने कारोबार भएकाले कुन डिभाइसबाट कहिले र कसरी भयो भन्ने लोकेट गरेपछि मात्रै कारोबारको वास्तविकता पत्ता लाग्छ। धेरै कुरा अनुसन्धान-अभियोजनका साथै अदालतमा पुष्टि गर्न कठिन हुने गरेको सरकारी पक्षकै भनाइ छ। 'नेपालको साइबर सुरक्षा संयन्त्र निकै कमजोर छ। हामीसँग डिजिटल फरेन्सिक ल्याबको संख्या कम छ, भएकोमा पनि राम्रो साधन छैन, जनशक्ति पनि न्यून छ,' घिमिरे भन्छन्।

विशेष गरी युवाहरू यस्तो अपराधमा संलग्न छन्। ३० वर्षमुनिका यस कसुरमा प्रत्यक्ष संलग्न रहेको जानकारहरू बताउँछन्। दुई मुद्दाका उदाहरणले पनि यसलाई पुष्टि गर्छ।

१८ वैशाखमा काठमाडौंका २४ वर्षीय पीयूष खेतानमाथि अभौतिक मुद्राको कसुरमा जिल्ला अदालत काठमाडौंमा मुद्दा दायर भएको छ। उनले एक मोबाइल एप्लिकेसन प्रयोग गरी ६ करोड नेपाली रुपैयाँभन्दा बढीको कारोबार भएको देखिएको थियो। साथै, अभौतिक मुद्रा हुन्डीका रूपमा प्रयोग भएकोसमेत अनुसन्धानले देखाएको थियो। खेतानले आफू अध्ययनको सिलसिलामा भारतमा रहँदा क्रिप्टोबारे जानकारी पाएको र कारोबार गरिरहेको प्रहरीसामु बताएका थिए।

चितवनका २१ वर्षीय निशान गायकमाथि पनि अभौतिक मुद्रासम्बन्धी कसुरमा मुद्दा दर्ता भएको छ। माइतीघर चोकमा गायकलाई प्रहरीले पक्राउ गर्दा उनको मोबाइलमा क्रिप्टोका एप फेला परेपछि प्रहरीले अनुसन्धान गरेको थियो। अनलाइनबाटै जोडिएकी एक महिलासँगको च्याटपछि गायकले उक्त एपमा खाता खोलेका थिए। उनले अनलाइनबाटै विभिन्न व्यक्तिसँग अभौतिक मुद्राको १६ लाख नेपाली रुपैयाँभन्दा बढी कारोबार गरेको भेटियो।

'यसमा अलि आइटी फ्रेन्ड्ली माइन्ड भएकाहरू, विशेष गरी १४ देखि ३५ वर्ष उमेरका मान्छेको संलग्नता बढी देखिन्छ। ठ्याक्कै प्रतिशत त छैन। तर, पढ्न वा वैदेशिक रोजगारीको सिलसिलामा विदेश गएका वा घरका कुनै सदस्य विदेश गएका अभौतिक मुद्राको कारोबारमा देखिन्छन्,' नायब महान्यायाधिवक्ता घिमिरे बताउँछन्।

अधिवक्ता तथा फौजदारी कानुनका जानकार डा. सुवास आचार्यको भनाइमा पछिल्लो समय डिजिटल संसारमा हुने अपराधमा एआईयुक्त अपराध बढेकाले नेपालजस्तो प्राविधिमा पछाडि रहेको मुलुकलाई झनै चुनौती थपिएको छ। यस्ता अपराध सीमाले नछेक्ने भएकाले पनि साइबर सुरक्षामा कमजोर मुलुकलाई अपराधीले निसाना बनाउने गरेका छन्। अनुसन्धान गर्ने प्रहरी, अभियोजन गर्ने निकायका साथै विशिष्टीकृत अदालतको गठन हुनुपर्ने उनको धारणा छ।

'जुन गतिमा अनलाइनबाट हुने अपराध बढिरहेका छन्, त्यो गतिमा नीति निर्माण, हाम्रो अनुसन्धान-अभियोजन र कानुन निर्माण भइरहेको छैन। त्यही प्रहरी दुई वर्षअघि शान्तिसुरक्षाका लागि भनी दंगा नियन्त्रणतिर खटिएको हुन्छ। आज ऊ क्रिप्टोदेखि अन्य अपराधको अनुसन्धानमा लागिरहेको हुन्छ। यस्तोमा प्रहरीमा पनि त्योस्तरको विशेषज्ञताको खाँचो देखिन्छ,' उनले भने।

फौजदारी र देवानी अपराधका लागि छुट्टाछुट्टै अदालत नभएको देशमा यस्ता विशेष प्रकारका अपराधमा न्यायालय आफैं पनि कतिपय कुरामा स्पष्ट नहुने गरेको अधिवक्ताहरूको अनुभव छ। साथै, यस प्रकृतिका अपराधमा विदेशीको संलग्नता र विदेशबाट मान्छे खटाइनेसमेत गरेको अधिवक्ता आचार्य बताउँछन्। यस्ता 'अल्ट्रा मोडर्न' अपराधमा प्रयोग हुने 'इनोसेन्ट एजेन्ट' अर्थात् नजानी अपराध कार्यमा संलग्न हुनेहरूको प्रयोग पनि बढ्दै गएको अधिवक्ता आचार्यको भनाइ छ।

विदेशी नागरिक पनि नेपालमा रहेको बखत अभौतिक मुद्राको कारोबारमा संलग्न रहेको भेटिएको छ। प्रहरीले गत ४ साउनमा गौशालास्थित एक होटेलमा छापा मार्दा दुई नेपाली, तीन भारतीय, एकजना चिनियाँ र एक मलेसियाका नागरिक मिलेर क्रिप्टो कारोबार र हुन्डी गरेको भेटिएको थियो।

क्रिप्टोमा युवालाई आकर्षित गर्ने र कारोबार गर्न लगाउने खाताहरू पनि विदेशबाट सञ्चालन हुने गरेको अनुसन्धानकर्ता बताउँछन्। तर, कानुन अपुरो रहेको एक सरकारी वकिल भन्छन्, 'कस्तो अवस्थामा मुद्दा चलाउने-नचलाउने, बिगो निर्धारण गर्दा कतिसम्म गर्ने, कुन आधारमा गर्ने र केलाई अपराधीकरण गर्नेजस्ता विस्तृत कानुन छैनन्।'

विश्वमा अभौतिक मुद्राको सुरुवात भएको दशकभन्दा बढी भइसकेको छ। सबैभन्दा पहिलो क्रिप्टोकरेन्सीका रूपमा बिटकोइनको सुरुवात सन् २००९ मा भएको थियो। नेपालमा २९ साउन ०७४ बाट क्रिप्टोमाथि प्रतिबन्ध लगाइएको छ।

निश्चित समूहले मात्र फाइदा लिने, मौद्रिक नीति कार्यान्वयन नहुने जोखिम, वित्तीय स्थायित्व नहुने, ठगी तथा करछलीजस्ता विभिन्न कारणले अभौतिक मुद्रालाई प्रतिबन्ध नै लगाउनु वाञ्छनीय हुने राष्ट्र बैंकले २०७९ चैतमा गरेको क्रिप्टोकरेन्सीसम्बन्धी जोखिम विश्लेषण प्रतिवेदनमा छ।

क्रिप्टोबाट कमाइ हुने भन्दै ठगी गर्ने पनि सक्रिय रहेको प्रहरी अनुसन्धानले देखाउँछ। यसै वर्ष असार ४ मा दर्ता भएको एक अभियोगपत्रमा अभौतिक मुद्राको कारोबार र ठगी कसुरमा तीनजना माथि मुद्दा दायर भएको थियो। गत १ साउनमा यस्तै ठगी र अभौतिक मुद्रासम्बन्धी कसुरमा ६ जनामाथि मुद्दा दर्ता भएको छ, जसमध्ये पाँचजना फरार थिए। सट्टेबाजीमा पनि यसको प्रयोग भएको भनी यसै वर्ष १५ साउनमा जिल्ला अदालतमा अर्को मुद्दा दर्ता भएको छ।

गत वर्ष चैत अन्तिमबाट मात्र क्रिप्टोकरेन्सीलाई कसुर कायम गरिएको छ। अभौतिक मुद्राको कारोबारलाई छुट्टै दफा बनाई कसुर कायम गरिएपछि यस्ता मुद्दा दर्ता बढेका छन्। मुलुकी अपराध संहिताको दफा, २६२(क) अनुसार रोक लगाइएको मुद्रा चलनमा ल्याए, लेनदेन गर्न वा राख्नु अपराध मानिएको छ।

क्रिप्टो तथा अभौतिक मुद्रासम्बन्धी कारोबारमा यसै दफाअनुसार मुद्दा चलाइने गरेको छ। उक्त दफाको उपदफा (ख) अनुसार यस्तो गराउनेलाई एक वर्षसम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्छ। साथै चलन चलाएको, लेनदेन गरेको वा राखेको मुद्रासमेत जफत हुन्छ। सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको ऐन ०८० ले उक्त दफा थप गरेको हो। सदनबाट पारित भई २०८० चैत अन्तिममा प्रमाणीकरण भएपछि मात्र यो दफा संहितामा जोडिएको हो।

यसअघि राष्ट्र बैंक ऐनको दफा ९५ अनुसार अभियोजन गर्ने गरिएको थियो। दफा ९६ मा व्यवस्था भएअनुसार यस्तो कसुर गर्नेलाई बिगो जफत गरी बिगोको तीन गुणासम्म जरिवाना र तीन वर्षसम्म कैद सजाय हुन सक्छ।

नयाँ ऐनअनुसार कसुर पुष्टि कम हुने र कानुनले अपराध नमानेकाले यस्ता मुद्दाको जग कमजोर हुने आचार्यको भनाइ छ। 'पहिलेदेखि नै यी कसुरमा मुद्दा चलाए पनि पछि मात्र कानुन बनाई क्रिमिनलाइज गरियो। यसबाट कानुन आउनुअघिको अपराधमा नयाँ दफा आकर्षित हुँदैन। अर्को भनेको त्यो वेला स्पष्ट रूपमा अपराध नभनिएकाले यस्तो मुद्दाको जग स्वतः कमजोर हुन्छ,' उनले भने।

महान्यायाधिवक्ताको कार्यालयको आर्थिक वर्ष ०८०/८१ को प्रतिवेदनअनुसार अभौतिक मुद्राको प्रयोगसम्बन्धी मुद्दा उक्त वर्ष देशभरका उच्च अदालतमा दुईवटा रहेकोमा दुवैमा कसुर कायमको फैसला भएको थियो। जिल्लाहरूमा पनि दुई मुद्दामा दुई प्रतिवादी रहेको अभिलेख छ। महान्यायाधिवक्ताको कार्यालयमा भने यस प्रकृतिका मुद्दा थिएनन्।

नायब महान्यायाधिवक्ता घिमिरेको अनुभवमा यससँगै जोडिएर आएका अन्य कसुरको पुष्टि सजिलै भए पनि अभौतिक मुद्रामा प्रमाण जुटाउन कठिन हुने गरेको छ। अधिवक्ता तथा फौजदारी कानुनका जानकार डा. आचार्य सुरुमा अभौतिक कारोबारलाई अपराधीकरण नगरेको र गत वर्षबाट मात्र गरेकाले त्यसअघिका कसुर प्रमाणित हुने सम्भावना कम रहेको बताउँछन्।

पुरानो आयोग...

पृष्ठ १ बाट क्रमशः

छैन। पुराना आयोगको प्रतिवेदन थन्क्याएर नयाँ आयोग गठन गर्नुको औचित्य नभएको पूर्वन्यायाधीश कार्की बताउँछन्। 'हाम्रो प्रतिवेदन कता थन्क्याएर राखिएको छ ? तेजबहादुर कार्की नेतृत्वको आयोगका काम के भए ?' उनी भन्छन्, 'प्रतिवेदन कार्यान्वयन नगरेर यसरी नयाँ आयोग गठन गर्नुको अर्थ छैन।'

सरकारले दुई वर्षअघि नै सहसचिव डा.भीष्मकुमार भुसालको नेतृत्वमा अध्ययन समितिसमेत बनाएको थियो। सो आयोगले २०७९ को भदौमा प्रतिवेदन बुझाएको थियो। तर, अझै पनि ३० हजारभन्दा धेरै मिटरब्याजसम्बन्धी उजुरीको फर्स्योट हुन सकेको छैन। तेजबहादुर कार्की नेतृत्वको आयोग गठन भएपछि मात्र मिटरब्याजसम्बन्धी थप २९ हजार उजुरी परेका थिए। आयोगले गत १० साउनसम्मको म्याद तोकेर उजुरी माग्दा २९ हजार ८७८ उजुरी परेका थिए। प्रहरी तथा जिल्ला प्रशासनमा सीधै उजुरी गर्न मिल्ने प्रावधान छ।

गौरीबहादुर कार्की नेतृत्वको आयोगले केही उजुरी फर्स्योट गरेकामा बाँकी जिल्ला प्रशासन र प्रहरीमार्फत फर्स्योटको सिफारिस गरेको थियो। जसअनुसार अहिले पनि प्रहरीले छलफल गराउने र बलियो प्रमाण देखिए मुद्दा चलाउने गरेको छ।

तर, राजनीतिक आडमा कतिपय मिटरब्याजीलाई सरकारले नै संरक्षण गरिरहेको पीडित बताउँछन्। आइतबार मात्र पर्साको जिल्ला प्रशासन कार्यालयमै एक पीडितले न्याय नपाएको भन्दै विष सेवनको प्रयास गरेका थिए। सरकारले पीडितको समस्या समाधानका लागि चासो नदिएको भन्दै पीडितहरूले बारम्बार विरोध प्रदर्शन गर्दै आएका छन्।

क्याम्पसमा तोडियो...

पृष्ठ १ बाट क्रमशः

क्रान्तिकारीलगायत संगठनले गठबन्धन गरेका छन्। कतै अनेरास्ववियुविरुद्ध नेविसंघ र अनेरास्ववियु क्रान्तिकारीलगायत संगठनले तालमेल गरेका छन्। कतिपय क्याम्पसमा यस्तो पनि छ जहाँ यी तीनै ठुला संगठनले भागबन्डा गरेर उम्मेदवारी दिएका छन्। कतै-कतै नेविसंघ र अनेरास्ववियु पनि मिलेका छन्। नेविसंघका प्रवक्ता सुरज सेजुवालले संगठनको आवश्यकताका आधारमा कतिपय क्याम्पसमा तालमेल भएको र कतिपयमा निर्विरोध भएको बताए। 'कतिपय जिल्लामा आवश्यकताका आधारमा गठबन्धन भएको छ, २८ क्याम्पसमा हाम्रो नेतृत्व निर्विरोध निर्वाचित भइसकेको छ,' उनले भने। देशभर ३८० क्याम्पसमा नेविसंघले उम्मेदवारी दर्ता गराएको सेजुवालले बताए।

नेविसंघ र अनेरास्ववियुले २५ जिल्लामा तालमेल गरेका छन्। तर, नेविसंघले त्रिवि केन्द्रीय क्याम्पस कीर्तिपुरमा ताला लगाएकोमा अनेरास्ववियुले विरोध गरेको छ। '३२ क्याम्पसमा हामीले निर्विरोध नेतृत्व पाइसकेका छौं, कतिपय क्याम्पसमा आवश्यकताका आधारमा हामीले अन्य संगठनसँग तालमेल पनि गरेका छौं,' अनेरास्ववियुका अध्यक्ष समिक बडालले भने, 'अहिले त्रिवि केन्द्रीय क्याम्पसमा नेविसंघले ताला लगाएको छ, केन्द्रीय क्याम्पसमै तालाबन्दी हुनु निकै लाजको विषय हो।'

अनेरास्ववियु क्रान्तिकारीले पनि कतै नेविसंघ, कतै अनेरास्ववियु त कतै अन्य विद्यार्थी संगठनसँग पनि तालमेल गरेको छ। उसले ३७३ क्याम्पसमा उम्मेदवारी दिएको छ। संगठनकी उपाध्यक्ष ममता अधिकारीले आवश्यकताका आधारमा तालमेल गरेको बताइन्। 'हामीले क्याम्पसहरूमा आवश्यकता हेरेर अरू संगठनसँग तालमेल गरेका छौं, कतिपय ठाउँमा निर्विरोध पनि भएका छौं,' उनले भनिन्।

एकीकृत समाजवादीनिकट अनेरास्ववियूले अधिकांश क्याम्पसमा वामपन्थी दलनिकट संगठनसँग गठबन्धन गरेको छ। केही क्याम्पसमा नेविसंघसँग पनि गठबन्धन गरेको छ। अनेरास्ववियूका नेता नरेश न्यौपानेले दुई क्याम्पसमा भने सभापति निर्विरोध भएको बताए। उनले भने, 'हामीले सबैजसो क्याम्पसमा गठबन्धन गरेर उम्मेदवारी दिएका छौं। गठबन्धनमा हाम्रो प्राथमिकतामा मुख्यतः वामपन्थीनिकट दलका विद्यार्थी संगठन छन्, नेविसंघसँग बाध्यात्मक आवश्यकतालाई हेरेर गठबन्धन गरेका छौं।'

त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका प्रमुख पशुपति अधिकारीका अनुसार त्रिविका ६२ आंगिक र ३५० भन्दा बढी सम्बन्धनप्राप्त क्याम्पसमा स्ववियु निर्वाचन हुँदै छ। तीन लाख ६० हजार मतदाता छन्। त्रिविमातहत देशभर एक हजार ६० क्याम्पस छन्। निर्वाचनको माग गरेका विद्यार्थी संगठनकै आन्दोलन, विरोध र लफडाका कारण अधिकांश क्याम्पसमा यसपटक पनि निर्वाचन हुन नसकेको उनले बताए।

'जसले चुनाव गरौं भनेको छ, उसैले नै चुनाव भाँडेको अवस्था पनि छ,' उनले भने, 'कतिपय क्याम्पसमा वर्षौंदेखि चुनाव भएको छैन, कतिपय क्याम्पस बन्द हुने अवस्थामा रहेकाले चुनाव गर्ने अवस्थै भएन, कतिपयमा विद्यार्थी निकै कम छन्, अलि बढी चलेका क्याम्पसमा बढी राजनीति लाग्छ। विद्यार्थीकै अवरोधका कारण ठाउँ-ठाउँमा समस्या पनि निम्तिएका छन्, चुनाव सम्पन्न गराउन निकै चुनौती छ।' हालसम्म आंगिकमध्ये नेविसंघले धनकुटा बहुमुखी क्याम्पस धनकुटा र अनेरास्ववियुले महेन्द्र बहुमुखी क्याम्पस दाङमा सर्वसम्मत नेतृत्व पाएका छन्।

स्ववियु निर्वाचनका लागि ९ फागुनमा तालिका सार्वजनिक भएको थियो। १९ फागुनमा संघसंगठन समूह दर्ताको मिति तोकेकामा २१ फागुनमा मतदाता सूची प्रकाशित गरिएको थियो। मंगलबार उम्मेदवारको नामावली प्रकाशन भएकामा नाम फिर्ताका लागि बिहीबारसम्मको समय तोकिएको छ। यसअघि ०७९ मा पनि सबै क्याम्पसमा निर्वाचन हुन सकेको थिएन।

आरआर क्याम्पसमा स्वतन्त्र उम्मेदवार कुटिए

हरेक स्ववियु निर्वाचनमा आरआर क्याम्पस विद्यार्थी संगठनहरूको केन्द्रमा रहन्छ। निर्वाचनको माहोल तातिएसँगै बुधबार क्याम्पस हाताभित्रै उम्मेदवार नै कुटिएका छन्। स्वतन्त्र उम्मेदवारी दिएका दीपक देवकोटामाथि अनेरास्ववियुका नीराजन भट्ट नेतृत्वको समूहले आक्रमण गरेको हो।

चार क्याम्पसमा विद्युतीय मतदानको व्यवस्था

स्ववियु निर्वाचनमा उपत्यकाका चार क्याम्पसमा विद्युतीय मतदान गर्ने तयारी छ। केन्द्रीय क्याम्पस कीर्तिपुर, पुल्चोक इन्जिनियरिङ, पाटन संयुक्त र थापाथली इन्जिनियरिङमा विद्युतीय मतदान हुने तय भएको हो। यी क्याम्पसमा रामलक्ष्मण इनोभेसनले विद्युतीय मतदानको व्यवस्थापन गर्ने जनाएको छ। रामलक्ष्मण इनोभेसनका सञ्चालक रामप्रसाद रिमालले धेरै क्याम्पसबाट अनुरोध आए पनि जनशक्ति र सीमित विद्युतीय मतदान मेसिनका कारण सम्भव नभएको बताए। उनले मतदान सम्पन्न भएको आधा घण्टामै परिणाम निकाल्न सकिने जानकारी दिए। 'हामीलाई सयौं क्याम्पसबाट स्ववियु निर्वाचनमा विद्युतीय मतदानका लागि अनुरोध आएको थियो। तर, हामीसँगको सीमित स्रोत र संवेदनशीलताका कारण उपत्यकाका चार क्याम्पसमा मात्रै विद्युतीय मतदानमार्फत निर्वाचनको व्यवस्थापन गर्न लागेका छौं,' उनले भने।

तीन ठुला संगठनकै गठबन्धन !

सत्तागठबन्धनमा कांग्रेस र एमाले रहँदा माओवादी प्रतिपक्षमा छ। तर, स्ववियु निर्वाचनमा केही क्याम्पसमा तीनै दलनिकट विद्यार्थी संगठनको गठबन्धन छ। काभ्रेका १६ क्याम्पस तीन संगठनले भाग लगाएका छन्। अनेरास्ववियुले ६ तथा नेविसंघ र अनेरास्ववियु क्रान्तिकारीले पाँच-पाँच क्याम्पस लिने गरी गठबन्धन गरेका हुन्।

कतिपय क्याम्पसमा दुई संगठन मिलेका छन्। जनप्रशासन क्याम्पसमा अनेरास्ववियु क्रान्तिकारी र नेविसंघको गठबन्धन छ। क्रान्तिकारीले अध्यक्ष र नेविसंघले सचिव लिने सहमति छ। त्यस्तै, भक्तपुरको सानोठिमी क्याम्पसमा पनि नेविसंघले अध्यक्ष र क्रान्तिकारीले सचिवमा भागबन्डा गरेका छन्। धनकुटा बहुमुखी क्याम्पस र दाङको महेन्द्र बहुमुखी क्याम्पसमा भने नेविसंघ र अनेरास्ववियुले भागबन्डा गरेका छन्। भागबन्डामा यी क्याम्पसमा उनीहरूले सर्वसम्मत नेतृत्व चयन गरिसकेका छन्।

१२ आंगिक क्याम्पसमा १४ वर्षपछि बल्ल निर्वाचन हुँदै

त्रिविका ६२ आंगिक क्याम्पस छन्। यीमध्ये १२ क्याम्पसमा १४ वर्षपछि बल्ल निर्वाचन हुँदै छ। उपत्यकाभित्रका त्रिचन्द्र, विश्वभाषा, नेपाल कमर्स, आरआर तथा उपत्यकाबाहिर चितवनका वीरेन्द्र बहुमुखी र इन्जिनियरिङ क्याम्पस, वीरगन्जको ठाकुरराम बहुमुखी, पोखराका पृथ्वीनारायण, पश्चिमाञ्चल इन्जिनियरिङ र वन विज्ञान अध्ययन संस्थान वन क्याम्पसमा ०६७ यता निर्वाचन हुन सकेको थिएन। त्यस्तै, कञ्चनपुरको सिद्धनाथ क्याम्पस र डोटीको डोटी क्याम्पसमा पनि ०६७ पछि बल्ल निर्वाचन हुन लागेको हो। ०६७ पछि ०७९ मा स्ववियु निर्वाचन भएको थियो। त्यतिवेला ५० आंगिक क्याम्पसमा मात्रै निर्वाचन भएको थियो।

नेविसंघ र अनेरास्ववियुमा बागी उम्मेदवारको त्रास

स्ववियु निर्वाचनमा बागी उम्मेदवारले ठुला संगठनलाई तर्साएको छ। आफूले टिकट नपाएपछि विद्यार्थी नेताहरूले विद्रोह गर्दै बागी उम्मेदवारी दर्ता गराएका छन्। नेविसंघबाट त्रिचन्द्र, थापाथली र त्रिवि केन्द्रीय क्याम्पसमा बागी उम्मेदवारी दर्ता भएको छ। त्यस्तै, काठमाडौंबाहिर १५ भन्दा धेरै क्याम्पसमा नेविसंघबाट बागी उम्मेदवार छन्। प्रवक्ता सुरज सेजुवालले बागी उम्मेदवारी फिर्ता गराउन छलफल भइरहेको बताए। निर्वाचन तालिकाअनुसार बिहीबारसम्म उम्मेदवारी फिर्ता लिन पाइन्छ। 'त्रिवि केन्द्रीय क्याम्पसमा हाम्रो संगठनकै बागी पक्षले ताला लगाएको छ, तर विवाद मिल्छ,' उनले भने, 'स्ववियु निर्वाचन निर्देशिका कमजोर र छिद्र हुँदा विवाद भएको हो।'

त्यस्तै, अनेरास्ववियुबाट पनि त्रिवि केन्द्रीय क्याम्पससहित आरआर, पाटन, पुल्चोक, मीनभवनलगायतमा बागी उम्मेदवार छन्। अध्यक्ष समिक बडालका अनुसार उपत्यकाबाहिर पनि १५-२० क्याम्पसमा बागी उम्मेदवारी परेको छ। 'पार्टी नै छाडेर जानेलाई केही भन्न सकिँदैन, सकेसम्म मिलाउने प्रयास छ,' उनले भने।

अखिल क्रान्तिकारीमा भने बागी खासै छैनन्। आरआरमा बागी उम्मेदवारी परेकामा बुधबार मिलिसकेको संगठनका नेताहरूले बताए। त्यस्तै, एकीकृत समाजवादीनिकट अनेरास्ववियूबाट पनि कुनै क्याम्पसमा बागी उम्मेदवारी परेको छैन।

काठमाडौंबाहिरका क्याम्पसमा पनि लफडा

सुर्खेत क्याम्पसमा चुनावका कार्यक्रम स्थगित : सुर्खेतको वीरेन्द्रनगरमा रहेको सुर्खेत बहुमुखी क्याम्पसमा स्ववियु निर्वाचनका सम्पूर्ण कार्यक्रम स्थगित भएको छ। क्याम्पस प्रशासन र निर्वाचन समितिले एकलौटी निर्णय गरेको भन्दै अनेरास्ववियुले बुधबार साँझ क्याम्पसमा तोडफोड गरेपछि निर्वाचन अधिकृत प्रेम थापाले सूचना जारी गर्दै निर्वाचनका सम्पूर्ण कार्यक्रम स्थगितको घोषणा गरेका हुन्। 'विवाद समाधान गरेर निर्वाचन गतिविधि अगाडि बढाउने खोज्दा पनि विद्यार्थीले नाराबाजी गर्दै क्याम्पसमा तोडफोड गरेकाले असहज परिस्थिति सिर्जना भई शान्ति सुरक्षा एवं सार्वजनिक सम्पत्तिको क्षतिलाई मध्यनजर गर्दै अर्को सूचना प्रकाशित नहुन्जेलसम्मका लागि निर्वाचनका सम्पूर्ण कार्यक्रम स्थगित गरिएको व्यहोरा सम्बन्धित सबैलाई सूचित गरिन्छ,' सूचनामा भनिएको छ।

भैरहवा र बुटवल क्याम्पसमा निर्वाचन समितिको कार्यकक्षमा ताला

रुपन्देहीका दुई ठूला क्याम्पस बुटवल र भैरहवा बहुमुखी क्याम्पसमा पनि तालाबन्दीका कारण निर्वाचन प्रक्रिया अगाडि बढ्न सकेको छैन। पाँच विद्यार्थी संगठनले १८ फागुनमा निर्वाचन समितिको कार्यकक्षमा तालाबन्दी गरेका थिए। क्याम्पसमा तोडफोड पनि भएको थियो। त्यस्तै, क्याम्पस प्रशासन र निर्वाचन समितिले अपरदर्शी रूपमा मतदाता नामावली प्रकाशन गरेको भन्दै सात विद्यार्थी संगठनले २५ फागुनमा बुटवल क्याम्पस, निर्वाचन समितिको कार्यालयमा ताला लगाएका थिए। यहाँ पनि निर्वाचन प्रक्रिया अगाडि बढ्न सकेको छैन।

नेविसंघको गुटगत झगडाले मोरङ क्याम्पसमा सुरक्षा चुनौती

तोडफोड र आगजनीको आरोपमा चार विद्यार्थी पक्राउ

विराटनगरस्थित महेन्द्र मोरङ क्याम्पसमा नेविसंघको आन्तरिक झगडाले सुरक्षा चुनौती बढेको छ। मोरङ क्याम्पसमा नेविसंघको संस्थापन र इतर पक्षबिच आधिकारिक उम्मेदवारीको विषयलाई लिएर विवाद भएको हो। नेविसंघबाट आफूलाई आधिकारिक दाबी गर्दै सभापति शेरबहादुर देउवा र नेता शेखर कोइराला पक्षका विद्यार्थीले अलग-अलग प्यानल खडा गरी उम्मेदवारी दर्ता गराएका थिए। तर, निर्वाचन समितिले कोइराला पक्षलाई स्वतन्त्र उम्मेदवारका रूपमा मान्यता दिएपछि कोइराला पक्षका विद्यार्थी आक्रोशित बन्दै तोडफोडमा उत्रिएका छन्। स्ववियु निर्वाचनका लागि कांग्रेस संस्थापन पक्षबाट प्रज्वलजंग विष्ट र कोइराला पक्षबाट योगराज दाहालको प्यानलले अलग-अलग उम्मेदवारी दिएका थिए।

प्रहरीले बुधबार क्याम्पसको निर्वाचन कार्यालय तोडफोड र आगजनीको आरोपमा नेविसंघ कोइराला पक्षका चार विद्यार्थीलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा मोरङ लेटाङ नगरपालिका- २ घर भई विराटनगर बस्दै आएका नेविसंघ केन्द्रीय सदस्य २६ वर्षीय योगराज दाहाल, विराटनगर महानगरपालिका- ४ का २० वर्षीय आयुश दाहाल, बुढीगंगा गाउँपालिका-२ का ३० वर्षीय नेविसंघ मोरङ सचिव गुड्डु साह र बुढीगंगा गाउँपालिका-२ की २६ वर्षीया नेविसंघ केन्द्रीय सदस्य पूजा विश्वास छन्। उनीहरूले बुधबार दिउँसो आफ्नो प्यानललाई आधिकारिक मान्यता नदिएको भन्दै क्याम्पसमा स्थापना गरिएको निर्वाचन कार्यालयमा तोडफोड गर्दै आगजनीको प्रयास गर्दै कर्मचारीलाई भित्रै थुनेर तालाबन्दी गरेका थिए। प्रहरीले क्याम्पसमा प्रवेश गरेर ताला फुटाएर भित्र थुनिएका कर्मचारीको उद्धार गरेको थियो। आगजनी प्रयासबाट निर्वाचन कार्यालयका केही कागजातमा क्षति पुगेको थियो। निर्वाचन अधिकृत डा. सुशीलकुमार अधिकारीले स्ववियु निर्वाचन निष्पक्ष र पारदर्शी बनाउन सबै विद्यार्थी संगठनलाई आचारसंहिता पालना गर्न उनले आग्रह गरेका छन्।

ओलीको...

पृष्ठ १ बाट क्रमशः

२०७२ को भदौ अन्त्यतिर एमाले अध्यक्ष ओलीले संविधानसभाबाट बाहिरिने मधेशवादी दललाई 'रुखबाट झरेका केही आँप' भनेर टिप्पणी गरेका थिए। चलचित्रले यो विषय समेटेको थियो। यसैमा समितिले कैंची लगाएको हो।

निर्देशक रौनियारले चलचित्रको दृश्य र संवाद काटिनु अभिव्यक्ति स्वतन्त्रता हनन भएको बताए। 'अभिव्यक्ति स्वतन्त्रतामाथि हनन भएको छ। अभिव्यक्ति स्वतन्त्रताको पक्षमा अडिग छौं भन्ने सन्देश दिन खोजेका हौं,' उनले भने, 'यसैका लागि हामीले पुनः सम्पादन नगर्ने भनेका छौं। बोर्डले अनुमति नदिएको भन्दै चलचित्रकर्मीले विरोध गरेका थिए।

समितिका सदस्य ऋषिराज आचार्यले समितिको निर्देशन फिल्म निर्माता पक्षले पालना गर्नुपर्ने बताए। एउटा प्रसंगमा बोलेको विषय अर्को प्रसंगमा अनुमतिविनै प्रयोग गरेको पाइएपछि सच्याएर ल्याउन भनेको उनको भनाइ छ। 'कुनै वेला बोलेको संवादलाई प्रधानमन्त्रीको रूपमा प्रस्तुत गर्न मिल्दैन। प्रधानमन्त्री र राष्ट्रपति भनेको संस्था हो,' उनले भने, 'एउटा प्रसंगमा पार्टी पदाधिकारीले बोलेको कुरा संस्थामा आएपछि आधिकारिक हुँदैन। उसले बोलेको दृश्य समावेश गर्न अनुमति लिनुपर्छ। हामीले त्यसैलाई सच्याएर ल्याउनु भनेको हो।'

सुदूरपश्चिम प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष
धनगढी, कैलाली

कोषबाट थोक कर्जा लिई स्थानीय स्तरमा स्वरोजगार क्रियाकलाप सञ्चालन गराउन चाहने सहकारी संस्थाहरूलाई जरुरी सूचना

सूचना प्रकाशित मिति : २०८१/११/२९

कोषबाट थोक कर्जा लिई कोषको उद्देश्य अनुसार विपन्न बेरोजगार व्यक्तिहरुलाई कोषले तोके बमोजिम व्यक्तिगत कर्जा प्रवाह गरी स्वरोजगार बनाउन तोकिएको मापदण्ड पूरा गरेका ईच्छुक बचत तथा ऋणको कारोबार गरिरहेका सहकारी संस्थाहरूलाई तोकिएका कागजात संलग्न राखी २०८१/१२/२९ गते शुक्रबार कार्यालय समयभित्र कर्जा आवेदन फाराम पूर्णरूपमा भरी सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष धनगढी उपमहानगरपालिका-५, तारानगर, कैलालीमा पेश गर्न सूचित गरिएको छ।

कर्जा आवेदन पेश गर्ने सहकारी संस्थाहरूले पूरा गर्नुपर्ने मापदण्ड, प्रति संस्था अधिकतम कर्जा रकम सीमा, संस्थाले प्रमाणित गरी पेश गर्नुपर्ने कागजातहरू, निर्णय गरी पेश गर्नुपर्ने कागजातहरू सम्बन्धी विस्तृत विवरण कोषको वेवसाईट **www. sdf.sudurpashchim.gov.np** मा हेर्न र कर्जा आवेदन फाराम प्राप्त गर्न सकिनेछ।

'दिगो विकास अनुपम संस्कृति, उन्नत पर्यटन समृद्ध चुमनुब्री'
चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा

प्राबिधिक प्रस्ताब स्वीकृत तथा आर्थिक प्रस्ताब खोल्ने सम्बन्धि सूचना

प्रकाशित मिति : २०८१/११/२९

यस कार्यालयबाट प्रकाशित तपसिल बमोजिमको निर्माण कार्यको लागि मिति २०८१/०९/२९ गते नयाँपत्रिका दैनिक राष्ट्रिय स्तरको पत्रिकामा आव्हान गरिएको बोलपत्र आव्हान सम्बन्धि सूचना बमोजिम E-GP मार्फत रितपूर्वक दर्ता हुन आएका ८ वटा बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव मुल्यांकन गर्दा तपसिल बमोजिमको वोलपत्रदाताहरुले पेश गरेको वोलपत्र प्राविधिक प्रस्तावमा ४ वटा बोलपत्रदाताहरु मात्र योग्य देखिएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ज) को उपनियम (५) बमोजिम तपसिलको मिति, समय र स्थानमा आर्थिक प्रस्ताव खोलि मुल्यांकन प्रयोजनार्थ छनौट भएका बोलपत्रादाताहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:

सि.नं	ठेक्का नं.	कामको बिबरण	प्राविधिक मुल्याङ्कनमा छनौट भएका बोलपत्रदाताहरुको नाम
1	CNRM/WORKS/NCB/02/2081/82	Construction of Gaupalika ko prashasakiya bhawan nirman	1. M/S Bhawana-Kalinag JV, Tokha, Kathmandu
			2. M/S Dreamway/Wangla/Gautam-JV, Balambu-12, Kathmandu
			3. M/S NC nirman Sewa, Pokhari Chauri-3, Kavre
			4. M/S Y.S.S. Nirman Sewa Pvt. Ltd, Birendranagar-6, Surkhet

आर्थिक प्रस्ताव खोल्ने मिति : २०८१/१२/०७, **समय** : दिनको १ बजे
स्थान: चुमनुब्री गाउँपालिका, सिर्दिबास, गोरखा।

प्रमुख प्रशासकीय अधिकृत

Request for Proposals

(First Published Date: 13th March, 2025)

Nabil Bank Ltd. invites sealed proposals from interested firms/companies for insurance of Bullion Gold worth of NPR. 750 Million.

Details of the requirement:

1. The total number of branches which shall be included for the insurance:

Inside Valley Branches				
1. Teendhara	2. Kantipath	3. Newroad	4. Maharajgunj	5. Chabhail
6. Lalitpur	7. Ghantaghar			

Outside Valley Branches				
1. Pokhara	2. Birgunj	3. Biratnagar	4. Janakpur	5. Narayanghad
6. Nepalgunj	7. Bhairahawa	8. Butwal		

2. Bidders must submit following documents:
   a. PAN/VAT Certificate- Notarized Copy
   b. Firm/Company Registration (renewed)- Notarized Copy
   c. Audited Balance Sheet of Last Two years
   d. Copy of Tax clearance (updated)- Notarized Copy
   e. List of Prime Customers
   f. Company profile with brief introduction of promoters and key management team
   g. Self- declaration not being black listed or under any legal prosecution.
3. The hard copy of Proposal/ Bid document along with copy of other supporting documents must be submitted in a sealed envelope to Nabil Bank Limited, Administration Department, Ghantaghar Building 4th floor, Kathmandu, Nepal, not later than 4:00 PM, 27 March 2025 (14th Chaitra, 2081). Bid documents received after this deadline shall not be accepted.
4. The bids shall be opened on 28th March, 2025 (15th Chaitra, 2081) at 11 AM at Nabil Bank Ltd. Ghantaghar Building, Kathmandu in absence/ presence of the bidder's representative. Non- attendance of any or all of the bidder's representatives shall not hinder opening of the bids.

NABIL BANK®
Administration Department, Ghantaghar, Kathmandu, Contact No: - 01-5971871

राजावादीको प्रदर्शनपछि के गर्दै छ सरकार ?

तत्काल नजिकबाट निगरानी, गणतन्त्रविरुद्ध गतिविधि बढाए राजनीतिक र प्रशासनिक प्रतिवाद



● **अजयकुमार चौरसिया**
कानुनमन्त्री

सरकारले सबै गतिविधि हेरिरहेको छ। स्वतन्त्रताको अति नै दुरुपयोग भयो भने सरकारले केही निर्णय लिन सक्छ। पूर्वराजाले व्यक्तिका रूपमा संविधानसम्मत अधिकार उपयोग गर्न पाएका छन्। तर, स्वघोषित राजा हुँ र हुने भनेर संविधानको खिलाफमा बोल्दै हिँडे भने उनको विरुद्ध जनता उठ्न सक्छन्। राजनीतिक दलमा आबद्ध भएर र कुनै राजनीतिक दललाई सपोर्ट गरेर राजनीति गर्नु छ भने गरून्। तर, संविधानलाई नै होच्याउने र उल्ट्याउने गरी खिलाफमा कुनै गतिविधि भयो भने सरकारभन्दा जनतालाई नै सह्य हुँदैन।



राजावादी समूहले सोमबार काठमाडौंमा निकालेको र्‍याली। फाइल तस्बिर



● **प्रकाशशरण महत**
प्रवक्ता, कांग्रेस

संविधान निर्माणमा सहभागी दल सबैले राजतन्त्र फर्कने कुनै सम्भावना छैन भनिरहेका पनि छौँ। अब हामी एक भएर नतिजा नआउने बाटोमा नलाग भनेर सन्देश दिन आवश्यक छ। हामी आफूले कमी-कमजोरीको समीक्षा गरेर सुधार्दै परिणाम ल्याउनुको विकल्प छैन। सबै कुरा लोकतान्त्रिक विधि र पद्धतिअनुसार ट्याकल गर्दै जान्छौँ। व्यवस्थाको विकल्प स्वीकार्य छैन।



● **प्रदीप ज्ञवाली**
उपमहासचिव, एमाले

प्रदर्शनमा सधैँ लोकतन्त्रविरोधी सोच राख्ने राजतन्त्रसँग जोडिएर अधिकतम लाभ लिएकाहरू जोडिएका छन्। भ्रामक नाराहरूबाट भ्रममा परेकाहरू, योजनाबद्ध रूपमा अराजकतालाई मलजल गर्दै भड्काएर देशलाई अस्थिरतामा लैजान खोजिएको छ। सजग हुँदै उनीहरूसँग संवाद गर्ने र भ्रमहरूबाट मुक्त गर्ने प्रयासमा लाग्नुपर्छ। र, समस्या सम्बोधन गर्नेतिर लाग्नुपर्छ।

शुरोजंग पाण्डे, केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

राजतन्त्र समर्थकहरूले संघीय लोकतान्त्रिक गणतन्त्रविरुद्ध गतिविधि तीव्र बनाउने प्रयास गरेपछि सरकारले 'हाई अलर्ट'सहित कडा निगरानी थालेको छ। सोमबार बसेको मन्त्रिपरिषद् बैठकले विभिन्न नामबाट संगठित हुन खोजिरहेका पूर्वराजावादीहरूले राष्ट्रिय एकता र सामाजिक सद्भाव भड्काउन खोजेको ठहर गर्दै उनीहरूको गतिविधिमा निगरानी राख्ने निष्कर्ष निकालेको छ।

प्रदर्शनहरूमा संविधान र गणतन्त्रविरुद्ध आपत्तिजनक नारा लागेपछि सरकारले विशेष सतर्कता अपनाउँदै रणनीतिक रूपमा अघि बढ्ने तयारी गरिरहेको मन्त्रीहरूले जनाएका छन्। पूर्वराजावादीहरूको गतिविधि संविधानविरोधी रहेको ठहर गर्दै सरकारले आवश्यक परे जनताले नै लोकतन्त्रको रक्षा गर्न प्रतिवाद गर्न सक्ने प्रतिक्रिया दिएको छ।

'सरकारले सबै गतिविधि हेरिरहेको छ। स्वतन्त्रताको अति नै दुरुपयोग भयो भने सरकारले केही निर्णय लिन सक्छ। पूर्वराजाले व्यक्तिका रूपमा संविधानसम्मत अधिकार उपयोग गर्न पाएका छन्। तर, स्वघोषित राजा हुँ र हुने भनेर संविधानको खिलाफमा बोल्दै हिँडे भने उनको विरुद्ध जनता उठ्न सक्छन्,' कानुनमन्त्री अजयकुमार चौरसियाले नयाँ पत्रिकासँग भने, 'देशभरबाट दुई-चार हजार जनता जम्मा गरेर हिँड्ने काम संविधानसम्मत भएन। राजनीतिक दलमा आबद्ध भएर र कुनै राजनीतिक दललाई सपोर्ट गरेर राजनीति गर्नु छ भने गरून्। तर, संविधानलाई नै होच्याउने र उल्ट्याउने गरी खिलाफमा कुनै गतिविधि भयो भने सरकारभन्दा जनतालाई नै सह्य हुँदैन।'

सोमबार मन्त्रिपरिषद् बैठकमा पूर्वराजावादीको प्रदर्शनबारे सामान्य छलफल भए पनि धेरै चर्चा नभएको मन्त्री चौरसियाको भनाइ छ। 'सामान्य छलफल मात्रै भयो। प्रधानमन्त्रीले खासै धेरै विषय बोल्नुभएन,' उनले भने। बैठकमा प्रधानमन्त्री केपी ओलीले पूर्वराजावादीले तुकविना प्रदर्शन गरेको भन्दै सरकारले धेरै गम्भीर रूपमा नलिए पनि आवश्यक सजगतासहित अगाडि बढ्ने बताएका थिए।

पूर्वराजावादीहरूले प्रदर्शन गरेकै दिन २५ फागुनदेखि लागू हुने गरी जिल्ला प्रशासन कार्यालय काठमाडौंले दुई महिनाका लागि राजधानीका केही संवेदनशील क्षेत्रमा निषेधाज्ञा जारी गरेको छ। राष्ट्रपति र उपराष्ट्रपति कार्यालयवरपर, सिंहदरबार, प्रधानमन्त्रीनिवास बालुवाटार र संघीय संसद् भवनआसपासका क्षेत्रमा निषेधाज्ञा लागू गरिएको छ। ती क्षेत्रमा पाँचजनाभन्दा बढी भेला भएर नाराबाजी, जुलुस, धर्ना, घेराउ तथा प्रदर्शन गर्न पाइनेछैन।

मन्त्री चौरसियाले प्रदर्शनमा संविधानको धज्जी उडाइएको र राष्ट्रिय झन्डाको दुरुपयोग भएको बताए। 'राजावादीहरूले राजाकै रोहवरमा, राजाकै उपस्थितिमा यो संविधानको धज्जी उडाउने काम गरेका छन्। संवैधानिक व्यवस्थामा राष्ट्रिय गानको अवहेलना र मानमर्दन भएको छ,' उनले भने, 'कुनै पार्टीको कार्यक्रममा राष्ट्रिय झन्डाको दुरुपयोग भएको छ। यो संविधानको सीमा उल्लंघन हो।'

■ कांग्रेस-एमाले रणनीति

कमजोरी सुधार, असन्तुष्टि सम्बोधन

प्रदर्शनपछि सरकारको मुख्य हिस्सेदार कांग्रेस-एमालेका शीर्ष नेताले अनौपचारिक संवाद र परामर्शसमेत गरेका छन्। उनीहरूले प्रदर्शनलाई सामान्य रूपमै लिएर तत्कालका लागि आ-आफ्नै तरिकाले प्रतिक्रिया जनाउने, तर आवश्यकता महसुस भए राजनीतिक प्रतिवाद गर्ने विषयमा समेत छलफल गरेका छन्।

दुई ठुला दलका नेताहरूले पूर्वराजावादीको गतिविधि ठुलो चुनौतीको विषय नभए पनि सरकारले जनताको असन्तुष्टि सम्बोधनमा ध्यान दिनुपर्नेमा जोड दिएका छन्। सरकारले कार्यशैली सुधारेर सुशासन र सेवा प्रवाहमा जनताले अनुभूत गर्ने गरी काम गर्नुपर्ने ती दलका नेताहरूको प्रतिक्रिया छ।

कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले पनि कमजोरी सुधारमार्फत लोकतान्त्रिक विधिबाटै सरकारले ट्याकल गरेर अघि बढ्नुपर्ने कांग्रेसको धारणा रहेको सुनाए।

'संविधान निर्माणमा सहभागी दल सबैले राजतन्त्र फर्कने कुनै सम्भावना छैन भनिरहेका पनि छौँ। अब हामी एक भएर नतिजा नआउने बाटोमा नलाग भनेर सन्देश दिन आवश्यक छ,' उनले भने, 'हामी आफूले कमी-कमजोरीको समीक्षा गरेर सुधार्दै परिणाम ल्याउनुको विकल्प छैन। सबै कुरा लोकतान्त्रिक विधि र पद्धतिअनुसार ट्याकल गर्दै जान्छौँ। व्यवस्थाको विकल्प स्वीकार्य छैन।'

एमाले उपमहासचिव प्रदीप ज्ञवालीले पूर्वराजावादीहरूको प्रदर्शनमा देशमा देखिएको आर्थिक संकटबाट पीडित व्यक्तिहरूसहित चार खालका मान्छे सहभागी भएकाले संवाद र कामबाट सरकारले असन्तुष्टि सम्बोधन गर्नुपर्ने पार्टीको धारणा रहेको बताए। 'पछिल्लो प्रदर्शनमा सधैँ लोकतन्त्रविरोधी सोच राख्ने राजतन्त्रसँग जोडिएर अधिकतम लाभ लिएकाहरू, नितान्त हावादारी प्रसंग र भ्रामक नाराहरूबाट भ्रममा परेकाहरू, योजनाबद्ध रूपमा अराजकतालाई मलजल गर्दै भड्काएर देशलाई अस्थिरतामा लैजान चाहेका पात्रले संगठित गरिरहेकाहरू र पछिल्लो समय संकटबाट रोजगारी गुमाएका, व्यवसाय गुमाएका वा सहकारीबाट ठगिएका व्यक्तिहरू जोडिएका छन्,' उनले भने, 'हामी मूलतः पछिल्लो पंक्तिसँग बढी सजग हुँदै उनीहरूसँग संवाद गर्ने र भ्रमहरूबाट मुक्त गर्ने प्रयासमा लाग्नुपर्छ। र, समस्या सम्बोधन गर्नेतिर लाग्नुपर्छ।'

एमाले उपमहासचिव ज्ञवालीले गुनासो र सेवा प्रवाहको काममा ध्यान दिएर गणतन्त्र र संविधानविरोधी गतिविधि निस्तेज पार्नुपर्ने बताए। 'केही हजारले विरोधमा नारा लगाउँदैमा परिवर्तन भइहाल्ने यति कमजोर हाम्रो गणतन्त्र छैन। तर, जनतामा निराशा फैलाएर भड्काउने प्रयास भइरहेकाले समयमै गुनासो सम्बोधन गर्ने र सरकारमार्फत सुशासन र सेवा प्रवाह बढाउने काममा लाग्न जरुरी छ,' उनले भने, 'प्रदर्शनलाई लिएर तरंगित हुनेभन्दा पनि सजग भएर अघि बढ्नुपर्ने अवस्था छ।'

■ सामूहिक बलात्कार र शंकास्पद मृत्यु प्रकरण

पञ्चायती बसेका थप दुईजना पक्राउ

लहानमा **मणिलाल विश्वकर्मा**

सिराहाको नवराजपुर गाउँपालिका- १ की १७ वर्षीया किशोरी रिंकुकुमारी सदायको सामूहिक बलात्कार र शंकास्पद मृत्यु घटनामा प्रहरीले पञ्चायतीमा बसेका थप दुईजनालाई पक्राउ गरेको छ। पञ्चायतीमा बसेका नवराजपुर- १ भगवतीपुरका ५५ वर्षीय कारी सदाय र ६६ वर्षीय रामदेव सदायलाई बुधबार पक्राउ गरिएको सिराहा प्रहरीका डिएसपी वीरेन्द्रकुमार पासवानले बताए। यद्यपि, आठजनाविरुद्धको किटानी जाहेरीमा उनीहरूको नाम भने थिएन। पक्राउ परेका दुवैजनालाई थप अनुसन्धानका लागि सिराहा जिल्ला अदालतबाट अनुमति लिएको उनले बताए।

गत माघ अन्तिम साता भएको घटनामा प्रहरीले हालसम्म १० जनालाई पक्राउ गरेको छ। जसमध्ये चारजना मात्र किटानी जाहेरीमा नाम उल्लेख भएकाहरू हुन्, चारजना अझै फरार छन्।

पञ्चायतीमा बसेका र पूरक जाहेरीमा नाम किटान गरिएका नवराजपुर- १ का वडासदस्य नथुनी साह, रामकृपाल मण्डल, विन्देश्वर साह र जाहेरीमा नाम नरहेका राजेन्द्र मण्डल २२ फागुनमा पक्राउ परेका थिए। मृतककी आमाले दिएको पूरक जाहेरीका आधारमा प्रहरीले ११ फागुनमा ८४ वर्षीय चन्देश्वर मण्डल, ४५ वर्षीय रामविनोद मण्डल र कमलेशकुमार दासलाई पञ्चायतीद्वारा लेनदेन गरी मिलापत्र गराउन संलग्न रहेको कसुरअन्तर्गत पक्राउ गरेको थियो।

पक्राउ गरिएका चन्देश्वर, रामविनोद र कमलेशलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २२७ (क) (करणीसम्बन्धी कसुरमा मिलापत्र गर्न वा गराउन नहुने)बमोजिमको कसुरमा म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। प्रहरीले २१ फागुनमा मुख्य आरोपी सांकेतिक नाम ०८१ लहान (ण)लाई पक्राउ गरी थप अनुसन्धान गरिरहेको छ। नाबालक रहेकाले उनको नाम खुलाइएको छैन।

डिएसपी पासवानका अनुसार पूरक जाहेरीमा किटान गरिएका फरार मुख्य दुई आरोपी र पञ्चायतीमा बसेका दुईजनासहित चारजनाको खोजी भइरहेको छ। गत २७ माघ कोराति शौच गर्न घर बाहिर निस्केकी रिंकुलाई स्थानीय तीनजनाले अपहरण गरी सामूहिक बलात्कार गरेको घटना गाउँमै दबाउन २९ र ३० माघमा दुईपटक जनप्रतिनिधिकै रोहवरमा पञ्चायती गरी पीडित परिवारलाई प्रहरीमा जान नदिएको सार्वजनिक भएको थियो। पहिलो दिनको पञ्चायतीले मुख्य आरोपीलाई एक लाख ५१ हजार जरिवाना गर्ने निर्णय सुनाएपछि आरोपी पक्षको आग्रहबमोजिम ११ हजार छुट गरी एक लाख ४० हजार तिर्नुपर्नेबारेमा दोस्रो दिनको पञ्चायतीमा पञ्चहरूबिच नै कुटाकुट भएको थियो। त्यही साँझ किशोरी आफ्नो घरको कोठामा झुन्डिएर मृत भेटिएकी थिइन्।

१ फागुनमा एकजनाविरुद्ध प्रहरीले आत्महत्या दुरुत्साहनको किटानी जाहेरी दर्ता गरेको थियो। त्यसको एक सातापछि ८ फागुनमा इलाका प्रहरी कार्यालय लहानमा मृतककी आमाले सामूहिक बलात्कारमा संलग्न तीन र पञ्चायती बसेका पाँच पञ्च गरी आठजनाविरुद्ध कर्तव्य ज्यान, बलात्कार र अपहरण तथा शरीर बन्धक, पञ्चायतीद्वारा लेनदेन गरी मिलापत्र गर्न खोजेको कसुरमा पूरक जाहेरी दिएकी थिइन्।

जबर्जस्ती करणी कसुरमा १२ वर्ष कैद

बर्दिया/ १६ वर्षीया बालिकालाई जबर्जस्ती करणी गरेको कसुरमा जिल्ला अदालत बर्दियाले गेरुवा गाउँपालिकाका १८ वर्षीय विकास थारूलाई १२ वर्ष कैद सजायको फैसला गरेको छ। जिल्ला अदालतका न्यायाधीश मनोज श्रेष्ठले थारूलाई कसुरदार ठहर गर्दै १२ वर्ष कैद सजाय, पाँच लाख जरिवाना, ५० हजार रुपैयाँ क्षतिपूर्ति र २० हजार पीडित राहत कोषमा जम्मा गर्न फैसला गरेको अदालतका स्रेस्तेदार कपिल पौड्यालले जानकारी दिए। थारूले बालिकालाई २४ भदौमा जबर्जस्ती करणी गरेको भन्दै पीडितका परिवारले २६ भदौमा प्रहरीमा उजुरी दिएका थिए। प्रहरीले २५ भदौमै थारूलाई पक्राउ गरेको थियो। जिल्ला सरकारी वकिलको कार्यालयले १३ असोज ०८१ मा जबर्जस्ती करणीको अभियोगमा अदालतमा मुद्दा गरेको थियो।

संक्षेप

एमाले जनसंगठनमा २४ लाख सदस्य रहेको दाबी

काठमाडौं/ एमालेले आफ्ना जनवर्गीय संगठनहरूको सदस्य संख्या २३ लाख नाघेको दाबी गरेको छ। आगामी वैशाख पहिलो साताभित्र १६ वटा जनसंगठनको राष्ट्रिय महाधिवेशन तयारीको सिलसिलामा नवीकरण र नयाँ सदस्यता विस्तारपछि जनवर्गीय संगठनमा सदस्य संख्या २३ लाख नाघेको एमालेले जानकारी दिएको छ। स्थायी समिति सदस्य तथा मोर्चा संगठनका प्रमुख भानुभक्त ढकालले जनवर्गीय संगठनहरूको सदस्य संख्या २३ लाख ९० हजार पुगेको जानकारी दिए। उनले अर्को वर्षसम्म यो संख्या थप बढ्ने जनाए। '२३ मध्ये अहिले १६ वटाको मात्रै महाधिवेशन हुँदै छ, अर्को वर्ष बाँकीको महाधिवेशन सम्पन्न हुँदा यो संख्यामा धेरै बढोत्तरी भइसक्छ,' उनले भने। प्रेस चौतारी नेपालको प्रतिष्ठान प्रदेशको अधिवेशन उद्घाटन गर्दै ढकालले जनसंगठनहरूको पदाधिकारी र केन्द्रीय कमिटी संख्या कटौती गरिएको जानकारी पनि दिए। उनले मुलुकलाई प्रतिगमनतिर फर्काउने प्रयास भइरहे पनि सफल नहुने बताए। पूर्वराजालाई सक्रिय हुन मन लागे दल खोलेर चुनावी प्रतिस्पर्धामा आउन उनले चुनौतीसमेत दिए।

मिथिला परिक्रमा आज जनकपुरधाम आइपुग्दै

जनकपुरधाम/ १५ दिने मिथिला माध्यमिकी परिक्रमा बिहीबार भारतको अन्तिम विश्रामस्थल बिसौलबाट जनकपुरधाम आइपुग्दै छ। परिक्रमावासी बुधबार दिउँसो बिहारको करुणाबाट भारतको बिसौल पुगेको हो। जनकपुरधामको हनुमाननगरबाट सुरु भएको १५ दिने मिथिला माध्यमिकी परिक्रमाको डोली बिसौलमा पुगेपछि भव्य स्वागत भएको छ। परिक्रमाका सहभागीलाई खाने, बस्नेलगायतको व्यवस्था गरिएको थियो। त्यस क्रममा बिसौलमा यात्रुहरूसँग होलीसमेत खेलेका थिए। बिहीबार बिहान जनकपुरधाम पुगेको भोलिपल्ट अर्थात् शुक्रबार अन्तरगृह परिक्रमा हुनेछ। अन्तरगृह परिक्रमा सम्पन्नको भोलिपल्ट अर्थात् शनिबार मात्रै जनकपुरधामसहित यस क्षेत्रमा होली पर्व मनाइन्छ। नेपाल-भारतको धार्मिक-सांस्कृतिक एवं पारम्परिक सामाजिक तथा सद्भावको प्रतीक बनेको माध्यमिकी परिक्रमा यात्रा नेपालको धनुषा र महोत्तरीका १३ तथा भारतमा दुई गरी १५ विश्रामस्थल रहेको छ। यसबिचमा १३० किलोमिटर यात्रा पूरा हुनेछ।

कोशी प्रदेश सभामा गैरसरकारी विधेयक दर्ता

विराटनगर/ कोशी प्रदेश सभामा पहिलोपटक गैरसरकारी विधेयक दर्ता भएको छ। लिम्बू र मैथिली भाषालाई प्रदेशको र अन्य ११ भाषालाई सम्बन्धित क्षेत्रको कामकाजी भाषाका रूपमा मान्यता दिन माग गर्दै प्रदेश सभामा बुधबार विधेयक दर्ता भएको हो। विपक्षी दल माओवादीका सांसद गोम्बु शेर्पा र एकीकृत समाजवादीका सांसद खिनुलङ्वा लिम्बूले 'प्रदेश सरकारी कामकाजको भाषासम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०८१' प्रदेश सभा नियमावली ०७४ को नियमअनुसार बुधबार दर्ता गराएका हुन्। भाषा आयोगले लिम्बू र मैथिलीलाई सरकारी कामकाजी भाषाका रूपमा तीन वर्षअगाडि नै सिफारिस गरे पनि कोशी प्रदेश सरकारले प्रदेश सभामा विधेयक प्रस्तुत नगरेपछि कानुनी मान्यता दिलाउन माओवादी र एकीकृत समाजवादीले गैरसरकारी विधेयकका रूपमा दर्ता गरेको सांसद शेर्पा र लिम्बूले बताए।

सल्यानका बजारमा छ्यापछ्याप्ती अवैध सामान

सल्यान/ सल्यानका विभिन्न बजारमा बुधबार अनुगमन भएको छ। उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय सल्यानको अगुवाइमा विभिन्न स्थानका बजारमा अनुगमन भएको हो। अनुगमन टोलीले त्रिवेणी, क्षत्रेश्वरी, सिद्धकुमाख गाउँपालिका र शारदा नगरपालिकाका बजार क्षेत्रको अनुगमन गरेको थियो। अनुगमनमा विभिन्न खाद्य तथा पेय पदार्थ, पेट्रोलियम पदार्थ र मदिरा विनाइजाजत बिक्री भइरहेको पाइएपछि बरामद गरिएको छ। अनुगमनका क्रममा ४६ हजार ५५ रुपैयाँबराबरको विनाइजाजत बिक्री भइरहेको पेट्रोलियम पदार्थ, घरेलु मदिरा, बियर, हल्का पेय पदार्थ (कोक, फेन्टा, फ्रुटी, जुस), विभिन्न मसला, दालमोठ, बिस्कुट, भुजालगायत खाद्यसामग्री बरामद गरिएको उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय सल्यानका प्रमुख श्यामलाल खरालले जानकारी दिए। अनुगमनका क्रममा अधिकांश पसलमा मूल्यसूची नराखेको, म्याद गुज्रेका सामग्री भेटिएका थियो।

प्रतिगामी चलखेललाई सफल हुन दिँदैनौँ : प्रचण्ड



बुटवल/ माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले नयाँ राष्ट्रिय आन्दोलनको आवश्यकता औँल्याएका छन्। उनले प्रतिगामी तथा सरकारका गलत क्रियाकलापका विरुद्धमा नयाँ राष्ट्रिय आन्दोलन गर्नेसमेत बताएका छन्। बुधबार मगर राष्ट्रिय मुक्ति मोर्चा नेपालको छैटौँ सम्मेलनको बुटवलमा उद्घाटन गर्दै उनले यस्तो बताएका हुन्।

प्रचण्डले उत्पीडित वर्ग र जातिले पाएको अधिकारमाथि धावा बोल्नेविरुद्ध षड्यन्त्रकारीलाई परास्त गर्न फेरि राष्ट्रिय एकतासहितको आन्दोलनमा जोड दिए। उनले भने, 'विगतमा जसरी बारम्बार संसद् विघटन हुँदा विघटनकारी प्रवृत्तिलाई परास्त गर्न आन्दोलन गरियो, त्यसरी नै सरकारका गलत क्रियाकलाप र जनताले रगत बगाएर ल्याएको परिवर्तन उल्ट्याउने दुस्साहसविरुद्ध नयाँ राष्ट्रिय आन्दोलन सुरु गर्नु छ,' प्रचण्डले भने।

सरकारका गलत क्रियाकलापका कारण निराश भएका जनतामा भ्रम दिएर प्रतिगमनले टाउको उठाउन खोजेको भन्दै उनले प्रतिगामी चलखेललाई सफल हुन नदिइने बताए। परिवर्तनको जन्मदाता भएकाले यसको रक्षा गर्ने मुख्य जिम्मेवारी पनि माओवादीकै भएको उनले बताए। विगतमा एमाले र कांग्रेससँग सहकार्य गर्दा उनीहरूको रोग माओवादीमा पनि अलिअलि सरेकाले रोगको उपचारका लागि माओवादी अभियानमा लागेको उनले प्रस्ट्याए। 'जनतासँग माओवादीको सम्बन्ध जनयुद्धमा जस्तो रहेन, यसमा सुधार गर्नुपर्छ भनेर पार्टीको बैठकले निर्णय गरेपछि जनतासँग माफी माग्नुपर्छ भनेर माओवादीले अभियान थालेको हो,' उनले भने।

राष्ट्रिय सभामा अझै सुरु भएन प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम

काठमाडौं/ संघीय संसद्को माथिल्लो सदन राष्ट्रिय सभामा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम सञ्चालनमा विलम्ब भएको छ। १८ माघदेखि फागुन मसान्तसम्मका दुइटा क्यालेन्डर बनाएर सदन चलाउँदा राष्ट्रिय सभाले प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रमको सुरुवात गर्ने विषयलाई कार्यसूचीमा राखेको छैन। जबकि १८ माघदेखि सुरु संघीय संसद्को हिउँदे अधिवेशनअन्तर्गत प्रतिनिधिसभामा ७ चैतमा दोस्रोपटक प्रश्नोत्तर कार्यक्रम तय भएको छ।

सभामुख देवराज घिमिरेले बुधबार प्रतिनिधिसभा बैठकमा प्रश्नोत्तर कार्यक्रम तय गर्दै ३ चैतभित्र प्रश्न दर्ता गराउन सकिने जानकारी समूह ९ का सांसदहरूलाई गराएका छन्। प्रतिनिधिसभाले यसअघि अधिवेशन प्रारम्भ भएपछि ४ फागुनमा प्रत्यक्ष प्रश्नोत्तर सञ्चालन गरेको थियो। १० सांसदले प्रधानमन्त्रीलाई प्रश्न गरेका थिए।

राष्ट्रिय सभाले नियमावली राखेको एक महिना बितिसक्दा पनि प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम कार्यान्वयनमा आउन सकेको छैन। १८ फागुन ०८० मा आफ्नो नियमावली संशोधन गर्दै कार्यकारी प्रमुखलाई जनताप्रति थप उत्तरदायी बनाउन परिच्छेद ८ (क) मा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम चलाउने व्यवस्था गरेको छ।

प्रधानमन्त्रीसँग प्रश्नोत्तर सुरुवात गर्न राष्ट्रिय सभा अध्यक्ष नारायण दाहालले प्रधानमन्त्री केपी ओलीलाई भेटेर पहल पनि गरेका छन्। तर, ठोस रूपमा निष्कर्षमा पुग्न सकिएको छैन। 'अबको दिनमा हुन्छ। चैतमा सुरु गर्ने प्रयत्न हुन्छ। नीतिगत रूपमा भन्दा पनि प्राविधिक ढंगले रोकिएको हो। माननीयज्यूहरूले प्रश्न ल्याएपछि म स्वीकृत गरिदिन्छु। प्रधानमन्त्री त तयारै हुनुहुन्छ,' अध्यक्ष दाहालले भने।

संसद् सचिवालयका सहायक प्रवक्ता अनन्त कोइरालाले नियमावलीमा संशोधनमार्फत प्रधानमन्त्रीसँग प्रश्नोत्तर कार्यक्रम राखिए पनि कार्यान्वयनमा आउन नसकेको बताए। राष्ट्रिय सभा नियमावलीको नियम ५५ (क) मा 'प्रधानमन्त्री वा निजको कार्यक्षेत्रसँग प्रत्यक्ष रूपमा सम्बन्धित महत्त्वपूर्ण विषयमा प्रश्न सोध्नका लागि अध्यक्षले प्रत्येक महिनाको तेस्रो हप्ताको कुनै एक दिनको बैठकको पहिलो एक घण्टा निर्धारण गर्न सक्ने' उल्लेख छ।

राष्ट्रिय सभामा कांग्रेस प्रमुख सचेतक कृष्णबहादुर रोकायले हिउँदे अधिवेशनमा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम सञ्चालनमा ल्याइने बताए। रोकायले चैतको क्यालेन्डरमा प्रधानमन्त्रीसँग प्रश्नोत्तर कार्यक्रमलाई समावेश गर्ने बताए। राष्ट्रिय सभामा एमाले प्रमुख सचेतक भगवती न्यौपानेले ढिलो भए पनि अब सुरुवात गरिने बताइन्। माओवादीका प्रमुख सचेतक गोपी सार्की अछामीले प्रधानमन्त्रीसँग प्रश्नोत्तर कार्यक्रम कार्यान्वयनका लागि सदनमा आवाज उठाउने बताए।

अत्यधिक दोहनले भेटिन छाडे बहुमूल्य जडीबुटी

कालीकोटमा **रमेश सुनार**

अत्यधिक दोहन तथा चोरी निकासीले कर्णाली प्रदेशका विभिन्न जिल्लाका लेकाली वन क्षेत्रमा पाइने बहुमूल्य जडीबुटी लोप हुँदै गएको छ। जलवायु परिवर्तन, आगलागी, लोपोन्मुख जडीबुटीको खेती प्रविधिको अभाव, अत्यधिक दोहन तथा चोरी निकासीका कारण जडीबुटी लोप हुँदै गएको हो।

गाउँनजिकैका वन क्षेत्रमा पाइने वनचोतेसमेत लोप भएको स्थानीयको भनाइ छ। झाडापखाला लागेमा वनचोते दुधमा पकाएर खुवाए निको हुने जनविश्वास छ। शुभकालिका गाउँपालिका- ४ का डम्बर शाहीले परापूर्वकालदेखि वन क्षेत्रमा पाइने महत्त्वपूर्ण जडीबुटी संरक्षण नहुँदा लोप हुने अवस्थामा रहेको बताए। 'पहिले-पहिले अस्पताल नहुँदा गाउँमा पहिले जडीबुटीकै भर थियो। कतिपय धामीझाँक्रीकहाँ जान्थे। अहिले गाउँगाउँमा मेडिकल खुले। व्यापारीले गाउँमा जडीबुटी नै लोप बनाइसके। अब त खोजे पनि नपाइने अवस्था छ,' उनले भने।

सरकारको प्राथमिकतामा परेका ३३ प्रजाति जडीबुटीमध्ये कर्णालीमा २७ प्रजातिका जडीबुटी पाइन्छन्। 'कालिकोटको जडीबुटीलाई व्यवसायीकरण गर्न सकिए यहाँको आर्थिक समृद्धिको मुख्य आधार बन्ने निश्चित छ,' डिभिजन वन कार्यालय कालीकोटका कार्यालय प्रमुख महेश कुमाईले भने। कालिकोटबाट ६४ प्रजातिका जडीबुटी व्यापारिक प्रयोजनाका लागि निर्यात हुने गरेका छन्। जसबाट बर्सेनि २२ देखि ३० लाखसम्म राजस्व संकलन हुँदै आएको छ। कुमाईका अनुसार यस वर्ष २० प्रतिशतले निर्यातमा वृद्धि भएको छ।



पहिले व्यापक रूपमा जडीबुटी पाइने हाल लोप हुँदै गएको त्रिवेणीको वन क्षेत्र।

कर्णालीका १० वटै जिल्लामा दर्जनौँ प्रजातिका जडीबुटी पाइन्छन्। 'कर्णाली जटीबुटीको हिसाबले धनी प्रदेश हो। तर, संकलन तथा प्रशोधन उद्योगहरू नहुँदा बाहिर निकासी हुन्छ,' प्रदेश वन निर्देशनालयका निर्देशक शेरबहादुर श्रेष्ठले भने। कर्णालीमा यार्सागुम्बा, टिमुर, सतुवा, पाखनवेद, पदमचाल, सिताल्चिनी, डाले चुक, चिराइतो, कयर, कुरिलो, कटुको, बायजडी, बोजोलगायत प्रजातिका जडीबुटी पाइन्छ। संघीय सरकारको जडीबुटी विकास कार्यक्रमअन्तर्गत जडीबुटी खेती विस्तार, खेती क्षेत्र निर्धारण, पकट क्षेत्र निर्धारण, भण्डारण केन्द्र र प्रशोधन केन्द्र निर्माणका लागि अनुदानका कार्यक्रम सञ्चालनमा छन्।

■ **बनेका संरचना पनि प्रयोगविहीन**

सुर्खेतमा नौ वर्षदेखि निर्माणाधीन जडीबुटी संकलन तथा प्रशोधन व्यवसाय केन्द्र अझै पूरा भएको छैन। सुर्खेत उद्योग वाणिज्य संघले जडीबुटी संकलन, प्रशोधन तथा व्यवसाय केन्द्र सञ्चालनका लागि बाहिरी पूर्वाधार तयार गरे पनि बाँकी काम नहुँदा प्रयोगविहीन छ। काँक्रेविहार संरक्षित क्षेत्रको सीमासँगै जोडिएको करिब सात कठ्ठा जग्गामा बनेको संरचना उद्देश्यअनुसार सञ्चालनमा आउन सकेको छैन।

सुर्खेत उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मण कँडेलले काँक्रेविहार संरक्षित क्षेत्रको सीमासँगै जोडिएको करिब सात कठ्ठा जग्गामा बनेको जडीबुटी संकलन, प्रशोधन तथा व्यवसाय केन्द्रमा पार्किङ निर्माण र बोरिङको काम छिट्टै थालनी हुने बताए। 'ती काम सम्पन्न भएपछि चाँडै सुर्खेतमा कर्णाली प्रदेशका १० वटै जिल्लाबाट आयात हुने जडीबुटीहरू संकलन गर्ने, प्रशोधन गर्ने, ग्रेडिङ गर्ने र निर्यात गर्ने योजना छ,' उनले भने। ०६८ बाट प्रशोधन केन्द्र निर्माण सुरु भएको हो। संरचना निर्माणमै उद्योग वाणिज्य संघले एक दशकभन्दा बढी समय खर्चिएको छ। पूर्वाधार निर्माणका लागि निजी तथा साझेदारी मोडलमा करिब चार करोड रुपैयाँ खर्च भएको छ।

निजी लगानीमा जडीबुटी संकलन गर्ने गरिए पनि जडीबुटी संकलन तथा भण्डारण केन्द्र नहुँदा सड्ने र गुणस्तर कायम गर्न निकै चुनौती भएको व्यवसायीहरू बताउँछन्। 'गाउँबाट संकलित जडीबुटीहरू बजारसम्म पुऱ्याउँदा कौडीको भाउमा बिक्री गर्नुपर्ने बाध्यता छ,' व्यवसायी धीरेन्द्र थापाले भने, 'गाउँमा संकलन गरिएका राम्रो जडीबुटी यातायात असुविधाका कारण बजारसम्म पुऱ्याउन समय लाग्छ। कतिपयको त गुणस्तर नै बिग्रिन्छ। बजारमा पनि जडीबुटी भण्डारण गर्ने ठाउँ छैन। भनेका वेला बिक्री हुँदैन। कौडीको भाउमा बिक्री गर्नुपर्छ।'

कर्णालीका व्यवसायी नेपालगन्ज हुँदै भारततर्फ सस्तो मूल्यमा जडीबुटी बिक्री गर्न बाध्य छन्। जडीबुटी संकल तथा प्रशोधन केन्द्र सञ्चालनमा आएपछि कर्णालीका जडीबुटी व्यवसायीलाई सहज हुने र सुर्खेतमै संकलन र प्रशोधन कार्य भएपछि जडीबुटीको ग्रेडिङसहित प्रशोधन गरी बजारीकरणमा सहज हुने व्यवसायीहरूको भनाइ छ। आयातमुखी बजार अर्थतन्त्रलाई निर्यातमुखी बनाउने मुख्य लक्ष्यअनुसार प्रशोधन केन्द्र सञ्चालन गर्ने उद्देश्य राखिएको सुर्खेत उद्योग वाणिज्य संघले जनाएको छ।

सार्वभौम बन्दै अल्गोरिदम

मानव रहस्य बुझ्ने र मानिसलाई एक-अर्काविरुद्ध उभ्याउने सामर्थ्य भएको अल्गोरिदमको प्रभुत्वबाट मानव समुदाय मुक्त हुने सम्भावना देखिन्न



● गोपीनाथ मैनाली


अग्रलेख

युभल नोह हरारीले आफ्नो बहुचर्चित कृति 'नेक्सस'मा सूचना र मानव सभ्यताबिचको सम्बन्ध चिरफार गरेका छन् । विचारोत्तेजक लेखमार्फत मानव सभ्यतामाथि चिन्ता र चिन्तन गर्ने हरारीले नेक्ससमा भने ढुंगेयुगदेखि एआईसम्म आइपुग्दा पाँच प्रकारका सूचना क्रान्ति भएको उल्लेख गरेका छन् । प्रारम्भिक मानव समाजमा मौखिक परम्परा, गुफाचित्र र प्रतीकमार्फत मानिस आफ्ना भावना र कथा प्रसारण गर्थे । प्रविधि विकास नभएका समयमा बोली, चित्र या संकेत नै भावना, संवेग, आवेग बाँड्ने माध्यम थिए । यसको प्रसारण गति स्वाभाविक रूपमा ढिलो थियो । श्रुति र स्मृतिले सूचना सारलाई प्रभाव पार्थ्यो । आवश्यकताले अक्षर र लिपिको विकास गर्‍यो, यानिकि सूचना सम्बन्धमा दोस्रो क्रान्ति आयो । यसले सूचना संग्रह, संरक्षण एवं सम्प्रेषणमा युगान्तकारी परिवर्तन ल्यायो । धार्मिक ग्रन्थ र शासनका विधि लेख्न थालियो । यस्ता ग्रन्थले मिथक र तिलस्मी कथामार्फत भय एवं त्रासका साथसाथै नीति र विधिलाई संस्थागत गर्न थाले । शासक र सम्भ्रान्तहरूले यसलाई उपयोग गर्न थाले । राम्रो-नराम्रो दुवैतिर अर्थ राख्नु सूचनाको चरित्र हो ।

छापाखानाको आविष्कारले सूचना प्रसारलाई तीव्रता दियो, भण्डारणलाई सहज बनायो, सूचनाको पहुँच आमजनतामा पुर्‍यायो । यो तेस्रो महान् जागरण ज्ञानोदयको समय थियो । त्यसपछि आमसञ्चारको युग सुरु भयो । विचार निर्माण, प्रसारण, उपभोग निकै सजिलो भयो । मानव चेतनाको क्षितिज झनै फराकिलो भयो । बीसौँ शताब्दीमा विकास भएको रेडियो, टेलिभिजन र इन्टरनेटले सूचना निर्माण, साझाकरण र उपयोगको तरिकामा अर्को क्रान्ति ल्याए । यसले सामाजिक, सांस्कृतिक, राजनीतिक र आर्थिक सम्बन्ध संरचना नै बदलिदियो । सूचना विकासका पाँच घटना एकपछि अर्कोको प्रवेग र गतिशीलता बढ्दै आएको छ । एक्काइसौँ शताब्दीको सन् २०२५ मा आइपुग्दा यसको प्रवेग अनुमान गरेभन्दा तीव्र छ र अरू तीव्रतर हुने प्रवृत्तिमा निरन्तर छ ।

सूचना केवल सञ्चार होइन, मानव सम्बन्ध र समाज निर्माणको आधार हो । सूचना विचार, जानकारी र अभिव्यक्तिको माध्यमबाट सम्बन्ध र शक्तिको रणनीतिक माध्यम बन्दै छ । सूचना सञ्जालले सहभागिता, अवसर र ज्ञान प्राप्तिका अवरोध भत्काएको छ । सूचनाका कारण शक्ति, सम्बन्ध र संस्कृतिको आकार फेरिँदै गएको छ । सूचनाका कारण लोकतन्त्र संस्थागत हुने र अधिकनायकतन्त्र विकास हुने परस्परविपरीतको प्रक्रिया तीव्र छ । जस्तो कि वैदिक-उत्तरवैदिक, पौराणिक कालमा जातिप्रथा, लैंगिक अधीनस्थता, सम्भ्रान्त संस्कृति निर्माणमा श्रुति, स्मृति, गुरुकुल, उक्ति, मिथकहरूले खुबै योगदान पुर्‍याए । एडोल्फ हिटलर र जोसेफ गोएबल्सले नाजी नश्लमुखी शासनका लागि सूचनाशक्तिको दुरुपयोग गरे । हेनरी किसिन्जरले अमेरिकी प्रभुत्व विस्तारका लागि लिएको कूटनीतिमा पनि सूचनालाई उपयोग गरका थिए । सोह्रौँ शताब्दीदेखि युरोपले गरेको आर्थिक वृद्धि, आन्तरिक लोकतन्त्रको विकास र बाह्य औपनिवेशिक साम्राज्य निर्माण सूचना शक्तिकै बलमा भएको थियो । सूचनाको दुई धार सुशासन र कुशासन, सभ्यता र विकृति, संस्कृति र विसंगति, निर्माण र ध्वंसजस्ता दिशामा रहन्छ । यसलाई उपयोग गर्ने पात्र र अभीष्टका आधारमा नै यसले आफ्नो अर्थवत्ता देखाउँछ ।

एक्काइसौँ शताब्दी सूचना संस्कृतिको युग भएकाले सूचनाको निर्माण, प्रसार र उपयोगले शासन र अर्थतन्त्रको आकार र आयतनलाई फेरिरहेको छ । सूचनाले उत्पादन, उपभोग, लगानीका क्षेत्र र विधिलाई विस्तार गरिरहेको छ । अवसरको केन्द्रीकरण पनि गरिरहेको छ । सोचाइका आयतन र स्वभावलाई पनि बदलिरहेको छ । सम्बन्धका संरचना बदलेको छ । नयाँ-नयाँ सहकार्यको अवसर सिर्जना गरेको छ, संघर्षको पृष्ठभूमि पनि तयार पारिरहेको छ । एकसाथ विनिर्माण र विनाशको आधार बनाइरहेको छ । यो शक्ति निर्माण र शक्ति संकुचनको कारक बनिरहेको छ । सूचनाले भौतिक सम्बन्ध सीमालाई भर्चुअल बनाइरहेको छ । सूचना शक्तिका कारण गुगल, अमेजन, फेसबुक, युट्युब, अलिबाबाहरूले विश्व-अर्थव्यवस्था मात्र बदलिरहेका छैनन्, ती सार्वभौम शक्तिसमेत बन्दै छन् । यस्ता ग्लोबल जाइन्टहरू नियमन शक्तिभन्दा माथि छन्, अर्थतन्त्र र उत्पादन-उपभोगको मानक बनाइरहेका छन् । यिनीहरूले नजानिँदो गरी विश्व अर्थव्यवस्था, समाज व्यवस्था र संस्कृतिलाई आफ्नो पकडमा लगिरहेका छन् । यी अदृश्य शक्ति नीति मानकका सप्लायर बनेका छन् । समयमा सूचना संग्रहण र उपयोग गर्न नसक्दा अग्फा, कोडाकहरूले अस्तित्व गुमाइसके । सूचना शक्ति एकसाथ सम्बन्ध विकास र सम्बन्धको विभाजक हो । सूचना अवसरका कारण सामाजिक हार्दिकता र राष्ट्रिय विकास निर्माण भइरहेको छ । साथै, सिलिकन पर्दाका कारण सीमान्तीकरणमा जाकिँदै जानेको संख्या कम छैन ।



सूचना र प्रविधिले मानिसको दृष्टिकोण र सोचवृत्तिमा परिवर्तन आएको छ । मानिसहरू अन्तरिक्ष यात्रामा गए, मानिसले अरूका प्रगति र पीडाका कथा हेरे, देखे, सुनेपछि विषय र विचार फराकिएका छन् । ब्रह्मान्द होइन, विषयान्द, मिथक होइन, तथ्यबोध र यसैअनुरूपको कार्य सामर्थ्य विकास भएको छ । सूचनाका कारण राजनीतिक प्रभुत्ववाद, आर्थिक साम्राज्यवाद, सांस्कृतिक सम्भ्रान्तवादका साथै निमानवीकृत समाज निर्माण हुने खतराबाट मानव सभ्यतालाई कसरी मुक्त गर्ने भन्ने चुनौती प्रतिदिन थपिएको छ । मानव सिर्जित शक्तिले आफ्नै स्रष्टामाथि, मानव विवेकमाथि धाबा बोल्ने चुनौतीका देखिने र नदेखिने आयाम विस्तार भएका छन् ।

हिजो सूचना शक्ति मानव साधन थियो, यस शताब्दीमा त्यो सीमाबाट सूचना सामर्थ्य माथि पुगेको छ र मानव सामर्थ्यलाई सूचना नियमनको सामर्थ्यबाट बाहिर्‍याउन थालेको छ । कृत्रिम बौद्धिकतामा आधारित टुल्सले 'कन्टेन्ट' मात्र प्रसार गर्दैन, स्वयं कन्टेन्ट निर्माण क्षमता पुगेर आफ्ना उद्देश्यमा दुरुपयोग हुने सामर्थ्य राख्छ । अल्गोरिदमले मानव रहस्य बुझ्न थाल्यो र मानिसलाई एक-अर्काविरुद्ध उभ्याउन थाल्यो । एआईले प्राकृतिक भाषालाई बुझ्न र त्यसैका आधारमा प्रतिक्रिया दिन थालेपछि मानवीय कार्यविना धेरै काम हुन सक्ने भएको छ । मेसिन लर्निङ, डिप लर्निङ, रोबोटिक्स, आइओटीले अहिले नै उत्पात मचाइसक्यो । इलोन मस्कको न्युरो लिंक प्रविधिले मानिसको सोच्ने प्रणालीमा कृत्रिम आयाम थपिने क्रमसँगै त्योभन्दा बढी चुनौतीको चाङ पनि थपिनेछ । सन् पचासतिर पुग्दानपुग्दै मानव रहस्यका सबै सीमा भत्किनेछन्, मन-मष्तिष्क उदांगो बन्ने सम्भावना छ । मानव रहस्यका सबै सीमा भत्किएपछि, एक मानिसका मनका कुरा, क्रिया-प्रतिक्रिया अर्काले बुझ्न थालेपछि त्यसको दुरुपयोगले हुने खतरा अनुमानभन्दा बाहिर हुनेछ । तर, अल्गोरिदमको प्रभुत्वबाट मानव समुदाय मुक्त हुने सम्भावना भने छैन । यसबारे त्यति सोचिएको पनि छैन ।

> समस्या साझा गर्न र साझा समाधान खोज्न विकास भएको कृत्रिम बौद्धिकता साझा शत्रु बन्ने दिशामा प्रवृत्त हुँदा राजनीति भने बिन्दास मक्ख छ । आफैँ कसरी म्यानुपुलेट भइरहेको छु भन्ने बुझ्ने क्षमताबाट पनि ऊ बाहिरिएको छ ।

सूचना, शक्ति र सम्बन्धबिच रेखीय सम्बन्ध छ । व्यक्ति जति सूचना निर्माण, ग्रहण र उपयोग गर्छ, त्यति नै शक्तिशाली बन्छ । सूचना सत्य वा असत्य जे भए पनि शक्तिशाली हुन्छन् । एआईले मानव समाजलाई बदल्छ, कि समृद्धितर्फ वा सीमान्तीकरणमा । कता जाने भन्ने निर्धारण सूचनाधारीको सोच, सामर्थ्य र स्वभावले निर्धारण गर्छ । सूचनाको पकड जमाउने स्टिभ जब्स, सेफ बिजोस र बिल गेट्सहरूले विश्व समाजलाई एउटा लय दिएका थिए, अहिले इलोन मस्कले अत्यधिक पकड राख्दै छन्, दुरुपयोग पो होला कि भन्ने मनोत्रासमा छ विश्व । सूचना शक्ति वा अल्गोरिदमले मानव दैनिकीका सबै क्षेत्रमा प्रवेश पाइसक्यो । यसैमा रमाउने 'जेन जी' र 'अल्फा जेन' पुस्ता एआई टुल्सले आफूहरूको जागिर खाइदिएकोमा दिक्दार छ भने 'गामा जेन' कति छटपटाइमा पुग्ला ? यी पुस्ता विनागल्तीको सजाय भोग्न विवश हुँदै छन् । उनीहरूको गल्ती भनेको एआईभन्दा अघि बढेर क्षमता विकास नगर्नुमा छ । अहिले नै एआईले वित्तीय तथा सार्वजनिक सेवा प्रवाहको क्षेत्र लिइसक्यो । वाट्सनले स्वास्थ्य सेवा खोसिसक्यो । एआईले ठुला डाटाबेस विश्लेषण गरेर कानुनी सेवा दिइरहेको छ । शिक्षा, प्रशिक्षण, यातायात परिवहनलगायत श्वेतपोसी सेवा खोसिसक्यो । गीत-सङ्गीत खोस्यो, कथा, कविता खोस्यो । युद्ध-कारखानाजस्ता जोखिमका काम त पहिल्यै खोसिसकेको थियो । प्रमुख रोजगारदाताको रोजाइमा एआई पर्न थालेपछि संस्थाहरूको ब्युरोक्रेसी नै अल्गोरिदम बन्दै छ । बहुराष्ट्रिय कम्पनीहरू कर्मचारी कटौतीको अभियानमा छन् । सूचना प्रविधिकै जागिर एआईबाट विस्थापित हुँदै छ । अति उच्च सीपका कामदार पनि निरन्तर सीपबाट अद्यावधिक नभए गतावधिक बन्नेछन् । त्यति मात्र होइन, यसले वैयक्तिक प्रज्ञा, सिर्जनशीलता र कलालाई कब्जामा लिएर आफैँ कवि, स्रष्टा र कलाकार बन्दै छ । 'युल्या'ले साहित्यको पुरस्कार जितेपछि नोबेल पुरस्कार पनि यस्तै रोबोटिकले जित्ला भन्ने भयले स्रष्टाहरू हड्तालमा उत्रिएका थिए । स्क्रिप्ट लेखन र अभिनयको काम पनि एआईले लिन थालेपछि हलिउड कलाकार आन्दोलित भए । कलकारहरूको संस्था राइटर्स गिल्स अफ अमेरिकाले हडताल नै आयोजना गर्‍यो । आफ्नै सिर्जनाविरुद्ध आन्दोलन गर्नुपर्ने अवस्थाले थुप्रै प्रश्न उब्जाएको छ ।

मतमार्फत सम्प्रभु शक्ति आफूले प्रयोग गरेर रमाएको राजनीतिलाई एआईले सबैभन्दा झुटो साबित गर्दै छ । इन्डोनेसियाको राष्ट्रपति चुनावमा पटक-पटक हारेका प्रोवोओ सुविआन्ताको विजयको कारण जेनेरेटिभ एआई जिमोई (क्युट अनुहारको कार्टुन) मार्फत भएको चुनावी अभियान थियो । भारतको चुनावमा भासिनी एपले रियल टायम ल्याङ्वेज ट्रान्सलेसन गरेर मतदातालाई मुग्ध बनाएको थियो । पाकिस्तानको चुनावमा एआई च्याटबटका कारण इमरान खानको पाकिस्तान तेहरिक ए इन्साफ समर्थित उम्मेदवारले अत्यधिक मत पाएका थिए । इमरानलाई जनतासम्म पुग्न सैनिक तानाशाहीले रोक्न सकेन । एआई एपको दुरुपयोगमा डिपफेकजस्ता विधि कैयन गुणा बढेका छन् । अमेरिकी राष्ट्रपति चुनावको प्राइमरीदेखि नै रोबोकलले उधुम मच्चाएको थियो । हिजो पैसाले चुनावमा प्रभाव पार्थ्यो, तर केही राम्रा राजनेता व्यक्तित्व र योगदानका कारण सुरक्षित थिए । तर, अब प्रविधिले चुनाव जित्छ, प्रविधिले नीति एजेन्डालाई कब्जा गर्छ र प्रविधिले नै शासन र अर्थतन्त्र कब्जा गर्दै छ । अर्को अर्थमा प्रविधिले सार्वभौम शक्तिको वरण गर्दै छ । समस्या साझा गर्न र साझा समाधान खोज्न विकास भएको कृत्रिम बौद्धिकता साझा शत्रु बन्ने दिशामा प्रवृत्त हुँदा राजनीति भने बिन्दास मक्ख छ । आफैँ कसरी म्यानुपुलेट भइरहेको छु भन्ने बुझ्ने क्षमताबाट पनि ऊ बाहिरिएको छ ।

(मैनाली नेपाल सरकारका पूर्वसचिव हुन्)

@mainaligopi

---

३ प्रश्न

अनेरास्ववियुका पूर्वउपाध्यक्ष **रश्मि आचार्य**लाई



परिवर्तित सन्दर्भमा स्ववियुको सान्दर्भिकता कति छ ?

अहिलेको समयमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)को सान्दर्भिकता झनै बढेर गएको छ । नयाँ पुस्तामा उच्च राजनीतिक सचेतना बढाउन स्ववियुहरूले झनै सशक्त भएर लाग्नुपर्ने समय आएको छ । हिजो पञ्चायती व्यवस्थाविरुद्ध लड्दा र गणतन्त्रको पक्षमा माहोल सिर्जना गर्दा अग्रपंक्तिमा रहेका स्ववियुहरूले आजका दिनमा गणतन्त्रलाई सुदृढ गर्न, यसविरुद्ध भइरहेका आक्रमणलाई निस्तेज बनाउन सकारात्मक भूमिका खेल्नु जरुरी छ । अबका स्ववियुहरूले समृद्धिको अभियान र गणतान्त्रिक व्यवस्थासित नयाँ पुस्तालाई जोड्न महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् । त्यसैले, आजका दिनमा स्ववियुको औचित्य झनै बढेर गएको हो ।

स्ववियु निर्वाचन नजिकिँदै जाँदा मित्रवत् प्रतिस्पर्धा गर्नुपर्ने विद्यार्थीहरू तोडफोड र मुठभेडमा किन उत्रिन्छन् ?

यसपटक त्यस्तो अवस्था देखिन्न । सबैतिर मित्रवत् स्वच्छ प्रतिस्पर्धाको वातावरण देखिँदै छ । प्रणालीले जित्नुपर्छ भन्नेमा सबै विद्यार्थी संगठन सकारात्मक देखिन्छन् । नयाँ राजनीतिक कल्चर स्थापनामा लाग्नुपर्ने विद्यार्थीले मुठभेड र तोडफोडमा विश्वास गर्लान् जस्तो लाग्दैन । त्यसैले, यसपटकको स्ववियु निर्वाचन विगतको भन्दा पनि शान्तिपूर्ण हुन्छ भन्ने विश्वास छ ।

अबका दिनमा स्ववियुहरू कसरी अघि बढ्नु ठिक होला ?

स्ववियुले अबका दिनमा क्याम्पसहरूमा रचनात्मक वातावरण सिर्जना गर्न सक्नुपर्छ । यसले सामाजिक सचेतनायुक्त राजनीतिक अभियान अघि बढाउनुपर्छ । क्याम्पसहरूमा शैक्षिक वातावरण सुधार्ने, शिक्षालाई देशको कृषि, उद्योग, पर्यटन, इन्नोभेसनलगायत क्षेत्र र विषयसित जोड्ने दायित्व स्ववियुहरूको काँधमा आएको छ । साथै, शैक्षिक गुणस्तर कायम गराई शिक्षालाई रोजगारी सिर्जनासित जोड्न पनि स्ववियुहरूले सकारात्मक भूमिका निर्वाह गर्न सक्नुपर्छ । शिक्षालाई व्यवहारमुखी बनाउने र नयाँ पुस्तालाई कल्चरयुक्त राजनीतिसित जोड्ने अभियानमा पनि स्ववियुहरूले नै नेतृत्वदायी भूमिका खेल्नुपर्छ ।

प्रेरक प्रसंग

जीवनको अमूल्य पाठ

सुन्दरवन इलाकामा जंगली जनावरको आक्रमणको डर बढी नै थियो । घना जंगलमा घाँसदाउराका लागि जाँदा जनावरबाट जोगिन हदैसम्म चनाखो हुनुपर्थ्यो । जनावरको आक्रमणबाट जोगिनकै लागि यस क्षेत्रका युवाले तीव्र गतिमा रुख चढ्ने र ओर्लिने प्रशिक्षण लिने गर्थे । गाउँकै एक वृद्धले प्रशिक्षण दिने गर्थे, जो आफ्नो जमानामा यस कलाका महारथी मानिन्थे ।



वृद्धले केही महिनादेखि युवालाई तीव्र गतिमा रुख चढ्ने र ओर्लिने कला सिकाउँदै आएका थिए । आज प्रशिक्षणको अन्तिम दिन थियो । वृद्धले सबैलाई भने- आज तिमीहरूको प्रशिक्षणको अन्तिम दिन हो । अब सबैले यस चिल्लो रुखमा तीव्र गतिमा पालैपालो चढ र ओर्लेर देखाओ । सबै युवक आआफ्नो कला देखाउन तयार भए । पहिलो युवक तीव्र गतिमा रुखको टुप्पामा पुग्यो र ओर्लिन थाल्यो । आधाजति ओर्लिसकेपछि वृद्धले भने- अलि होसियार भएर झर है, हतार नगर । युवक सावधानीपूर्वक ओर्लियो । यसैप्रकार बाँकी युवा पनि रुख चढे र ओर्लिए । वृद्धले सबैलाई आधा ओर्लिसकेपछि सावधान गराए । युवाहरूलाई वृद्धको यो कुरा अलि अनौठो लाग्यो र प्रश्न गरे- हजुरले हामीलाई रुख चढ्दा सबैभन्दा कठिन माथिल्लो हिस्सा पार गरेर आधाभन्दा तल झरिसकेपछि सावधान गराउनुभयो । यसको रहस्य के हो गुरु ? वृद्धले गम्भीर हुँदै भने- रुखको माथिल्लो भाग सबैभन्दा कठिन छ भन्ने सबैलाई थाहा थियो । त्यस्तोमा जो पनि आफैँ सावधान हुन्छन् नै । तर, जब हामी लक्ष्यको नजिक पुग्छौँ, त्यतिखेर हामीलाई त्यो निकै सरल लाग्छ । अनि, जोसमा हामीबाट अधिक गल्ती पनि त्यहीँ हुन्छ । त्यसैले, लक्ष्यको एकदम नजिक पुगिसकेपछि कुनै गल्ती नहोस् भनेर मैले तिमीहरूलाई सावधानी अपनाउन सचेत गराएको हुँ । युवाले वृद्धलाई प्रणाम गर्दै भने- हामीले हजुरबाट जीवनको अमूल्य पाठ पायौँ । हामी हजुरप्रति आभारी छौँ गुरु !

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

फागुमा विकृति नफैलाऔँ

फागु अर्थात् होली सद्भाव र रङको पर्व हो । असत्यमाथि सत्यको विजयको खुसियालीमा हामी प्रत्येक वर्ष फागु पर्व मनाउँछौँ । आपसमा रमाइलो गरेर, मिलेर हामीले होली खेल्नुपर्छ । अरूको इच्छाविपरीत कसैलाई पनि पानी छ्याप्ने, लोलाले हिर्काउने, कुनै रङ दल्ने गर्नुहुँदैन । तर, अहिले फागुमा पनि विकृति फैलिएको छ । केही युवा जमातले मदिरा सेवन गरी उच्छृंखल भई व्यक्तिको इच्छाविपरीत फोहोर पानी छ्याप्ने, स्वास्थ्यका लागि हानिकारक हुने रङको प्रयोग गर्ने गरेको पाइन्छ । जसले गर्दा आपसमा झैझगडा हुने गरेकोसमेत देखिन्छ । विगतमा पनि होलीका कारण झगडा भई हत्यासमेत भएको समाचार आएको थियो । मदिरा सेवन गरेर फागु खेल्दा सडक दुर्घटनामा परी अकालमा ज्यान जान पनि सक्छ । एक छिनको रमाइलोले गर्दा पछि कसैले पनि पछुताउनु नपरोस् । पर्वका नाममा समाजमा विकृति नफैलाऔँ । आपसमा सौहार्दतापूर्वक फागु खेली आफ्नो संस्कृति र परम्पराको जगेर्ना गरौँ ।

● **अच्युतमान सिंह प्रधान** 'उत्सुक', बालुवाटार, काठमाडौँ
achutpradhan@yahoo.com

ऋण गरेर घिउ खाने हो सरकार ?

पछिल्ला १० वर्षमा हाम्रो वैदेशिक ऋण चार गुणाले बढेको समाचार पढियो । ऋण बढ्नु ठुलो समस्या होइन, तर त्यसरी ल्याइएको ऋण कहाँ, कसरी र कति खर्च भयो, कति चुहावट भयो, कति तलब-भत्ता र अन्य सेवा-सुविधामा खर्च गरियो, त्यसलाई प्रतिफलमुखी आयोजनामा कति लगानी गरियो र त्यसबाट राज्यले कति प्रतिफल पायो भन्ने पक्ष मुख्य हो । हाम्रो सरकार ऋण गरेर घिउ खाने दाउमा किन देखिन्छ जहिल्यै ।

● **अमृता कुइँकेल**
काँडाघारी, काठमाडौँ

प्रतिवेदन सार्वजनिक गर

तीनपटकसम्म ताकेता गरेपछि शिक्षा मन्त्रालयले बल्लतल्ल त्रिवि जग्गा छानबिन समितिको प्रतिवेदन संसदीय समितिमा पठाएको समाचार पढियो । यो प्रतिवेदन तयार गर्न हामी जनताले तिरेको करबाट तलब, भत्ता र अन्य सुविधा बेहोरिएको थियो । त्यसैले, यस प्रतिवेदनमा के छ, त्यसको पहिलो जानकारी हामी जनतामाझ सार्वजनिक गरिनुपर्छ । यसमा कुनै यदि या तरको गुन्जाइस छैन । सरकारले समितिमा पठाइसकेको हुनाले अब समितिले नै त्यसलाई अविलम्ब सार्वजनिक गर्नुपर्छ ।

● **सोमनाथ पण्डित**
सामाखुसी, काठमाडौँ

विनापांग्रा जहाज उडाउनेलाई कारबाही हुन्न ?

ससाना लापरबाहीले ठुला दुर्घटना भएका उदाहरण धेरै छन् । केही दिनअघि जनकपुरबाट काठमाडौँका लागि उडेको बुद्ध एयरको जहाज एउटा 'नोजल ह्विल'बिनै काठमाडौँमा अवतरण भयो । ६२ जना यात्रु बोकेको सो जहाजमा एउटा पांग्रा जनकपुरकै रनवेमा झर्दा पनि किन कसैले चाल पाएन ? यति ठुलो लापरबाहीका लागि जिम्मेवार व्यक्ति को हो ?

विमानस्थलबाट जहाज उडाउनुअघि पूर्ण चेकजाँच गरिन्छ । जहाज कन्डिसनमा छ भने मात्र उडाइन्छ । तर, के यही हो त जहाज चेकजाँच गरेको ? कन्डिसनको जहाज उडाउँदा त ठुल्ठुला दुर्घटना भएका छन् भने कन्डिसन नै ठिक नभएको जहाज उडाउँदा के होला ? जहाजको बिमा हुने भएकाले निजी विमान कम्पनीको मनोपोली चल्ने गरेको छ । सरकारलाई जनताको ज्यानसँग मतलब छैन । जनता मरून् कि बाँचून् उसलाई कुनै मतलब नै छैन । यसरी त कहिलेसम्म चल्ला र हो ? बुद्ध एयरको जहाज विनापांग्रा पनि काठमाडौँमा सकुसल अवतरण भयो भनेर गर्व गर्ने कि यस्तो लापरबाही गर्ने को हो, उसलाई खोजेर कडा कारबाही गर्ने ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौँ
ghimirepuru@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

ट्रम्पकालमा खुम्चिँदै अभिव्यक्ति स्वतन्त्रता

अमेरिकामा श्वेत राष्ट्रवादी प्रशासनले 'यहुदीद्वेष'विरुद्धको लडाइँका नाममा नागरिक अधिकार र अभिव्यक्ति स्वतन्त्राविरुद्ध युद्ध छेडिरहेको छ



देश/विदेश

● ओवेन जोन्स

ट्रम्पले आफूले अभिव्यक्ति स्वतन्त्रताको रक्षा गरेको दाबी गर्दै आफ्नो स्टेट अफ द युनियन सम्बोधनमा सरकारको सेन्सरसिप अन्त्य गरेको घोषणा गरेका थिए । यसैबिच जेडी भान्सले युरोपमा 'अभिव्यक्ति स्वतन्त्रता खतरामा छ' भनेर चेतावनी पनि दिएका थिए । तर, ट्रम्पवादले वास्तविकतालाई तोडमोड गरी विरोधीलाई अलमल्याउने काम गर्छ । अभिव्यक्ति स्वतन्त्रताको गुणगान गाएको सोही दिन ट्रम्पले 'अवैध प्रदर्शन' गर्न दिने शैक्षिक संस्थाको संघीय अनुदान रोक्ने चेतावनी दिए, जुन प्रस्ट रूपमा प्यालेस्टाइन पक्षधर प्रदर्शनलाई तारो बनाउन दिइएको हो । उनले आन्दोलनकारीलाई जेल हाल्ने वा देशनिकाला गर्ने र अमेरिकी विद्यार्थीलाई निष्कासन वा पक्राउ गर्ने धम्की दिएका थिए । ट्रम्पको पहिलो निसानामा कोलम्बिया विश्वविद्यालय पर्‍यो, जसले यहुदीद्वेष रोक्न असफल भएको आरोपमा ४० करोड डलरको संघीय अनुदान गुमायो । हार्वर्ड र क्यालिफोर्निया विश्वविद्यालयसहित कम्तीमा नौ अन्य क्याम्पस पनि यो कारबाहीको सम्भावित निसानामा छन् । यी कलेजमा प्यालेस्टिनीविरुद्ध इजरायली आक्रमणको विरोध गर्दै इजरायलसँग सम्बन्धित लगानी फिर्ता गर्न माग गर्दै शान्तिपूर्ण प्रदर्शन भएका थिए । ट्रम्पवादले इजरायलको आलोचनालाई यहुदीद्वेषसँग जोड्छ, जसलाई एलिस स्टेफानिक र इलन मस्कजस्ता मुख्य सहयोगीले समर्थन गर्छन् । स्मरण रहोस्, मस्कले ट्रम्पको र्‍यालीमा नाजी सलाम प्रदर्शन गरेका थिए ।

ट्रम्पले ठुलो संख्याका डेमोक्रेट समर्थक यहुदीले 'आफ्नो धर्मसँग घृणा गर्छन्', 'इजरायलसँग घृणा गर्छन्' र 'आफैँप्रति लज्जित बन्नुपर्छ' भन्ने टिप्पणी गरेका थिए । उनले आफू राष्ट्रपतीय चुनाव हारे यी यहुदी जिम्मेवार हुने चेतावनी दिएका थिए । विश्वविद्यालयका प्रदर्शनमा संलग्न यहुदी विद्यार्थीले हस्ताक्षर गरेर प्रदर्शन यहुदीद्वेषी रहेको भन्ने आरोप अस्वीकार गरेका थिए । कोलम्बिया विश्वविद्यालयले पनि आफ्ना नरसंहारविरोधी यहुदी विद्यार्थी र संकायलाई तारो बनाएका थिए । प्रदर्शन सुरु हुनुअघि नै विश्वविद्यालयले 'ज्युइस भ्वाइस फर पिस' समूहमाथि प्रतिबन्ध लगायो र प्रहरीलाई छापा मार्न आदेश दियो, जसबाट सयभन्दा बढी विद्यार्थी पक्राउ, अनुशासनात्मक कारबाही र निष्कासनमा परे । सहानुभूति राख्ने प्राध्यापकलाई पनि निसाना बनाइयो, जसमा प्राध्यापक क्याथरिन फ्रांकीलाई सार्वजनिक रूपमा एलिस स्टेफानिकले निन्दा गर्दै अवकाश लिन बाध्य बनाइन् । उनले कोलम्बियालाई दबाबमा परेर अभिव्यक्ति स्वतन्त्रता दमन गरेको आरोप लगाएकी थिइन् । उनको बाध्यकारी अवकाशपछि पनि विश्वविद्यालयले संघीय अनुदान गुमाउनुपर्‍यो । परिस्थिति थप गम्भीर भएको छ । अमेरिकी होमल्यान्ड सेक्युरिटी विभागले कोलम्बिया विश्वविद्यालयको एक प्रमुख वार्ताकार महमुद खलिललाई पक्राउ गरेको छ, जो प्यालेस्टिनी मूलका अमेरिकी ग्रिन कार्डधारी नागरिक हुन् र उनले अमेरिकी नागरिकसँग विवाह गरेका छन् । उनकी श्रीमती आठ महिनाकी गर्भवती छिन् । उनकी श्रीमतीलाई थाहै नदिई उनलाई एक हजार माइलभन्दा टाढा रहेको लुइजियानामा रहेको एक कुख्यात डिटेन्सन सेन्टर (कारागार शिविरमा) मा पठाइएको छ । विभागले 'उनले हमाससँग सम्बद्ध गतिविधि सञ्चालन गरेका थिए' भन्ने आरोप लगाएको छ ।

अभिव्यक्ति स्वतन्त्रतालाई पुनर्स्थापित गर्नुको सट्टा ट्रम्प प्रशासनले अमेरिकी संविधानको पहिलो संशोधनलाई नै नामेट गर्दै छ । प्यालेस्टाइनका मामिलामा भन्ने हो भने अमेरिकामा अभिव्यक्ति स्वतन्त्रताको कुनै अस्तित्व छैन । निश्चय नै यो अन्यायसँग विशेष रूपमा एक



तस्बिर : स्पेन्सर प्ल्याट/गेटी इमेजेज

व्यक्ति चिढिनेछन् । उनले गत साता गर्वसाथ 'हामीले आपसी असहमतिका बाबजुद मानिसको रक्षा गर्ने कुरा सोधिए यदि कसैले रक्षा गर्दैन भने म तपाईंलाई युरोप वा अमेरिकाको नेतृत्व गर्न उपयुक्त ठान्दिनँ' भनेका थिए । ती व्यक्तित्व थिए, उपराष्ट्रपति जेडी भान्स । वास्तवमा अमेरिकी दक्षिणपन्थले कहिल्यै वास्तवमा अभिव्यक्ति स्वतन्त्रतामा चासो नै दिएको छैन । यो केवल एक चाल थियो, जुन वञ्चित अल्पसंख्यकको विरोधलाई कलंकित गर्नका लागि प्रयोग गरिएको थियो । ट्रम्प प्रशासनले मेकार्थीवादपछिको सबैभन्दा ठुलो अमेरिकी आक्रमणको विस्तार गरेको छ, अर्थात् इजरायलको नरसंहारको विरोध गर्नेलाई निकाला गर्ने, प्रताडित गर्ने र कोलम्बिया विश्वविद्यालयजस्ता संस्थालाई तारो बनाएको छ ।

तर, केवल कट्टरपन्थी दक्षिणपन्थी पक्षले मात्र इजरायली नरसंहारको विरोध गर्नेमाथि आक्रमण गरेका छैनन् । धेरै 'उदारवादी' र 'मध्यपन्थी' पनि यसमा सामेल छन्, जसले २१औँ शताब्दीको सबैभन्दा नृशंस अपराधको विरोध गर्नेलाई घृणित, खतरनाक चरमपन्थीका रूपमा चित्रित गरे र यसमा यहुदी अमेरिकीसमेत पर्छन् । यसले स्वभावतः तानाशाही दमनलाई वैधता प्रदान गर्न मद्दत गर्‍यो र यो अहिले चलिरहेको छ । सिमोन जिमरम्यान यहुदी अमेरिकन अभियान समूह 'इफनटनाउ'का सह-संस्थापकले हामी अहिले 'प्यालेस्टिनी स्वतन्त्रताको पक्षमा आवाज उठाउनेलाई यहुदीद्वेषीका रूपमा कलंकित गर्ने कामको भयावह नतिजा देख्दै छौँ' भनेका छन् । अमेरिकामा श्वेत राष्ट्रवादी प्रशासनले 'यहुदीद्वेषविरुद्धको लडाइँका नाममा नागरिक अधिकार र अभिव्यक्ति स्वतन्त्रतामा युद्ध छेडिरहेको छ । यो स्पष्ट आक्रमणबाट हामी सबैको लोकतन्त्र जोखिममा छ,' उनी थप्छन् ।

यो दमन प्यालेस्टाइनसँग ऐक्यबद्धता प्रदर्शन गर्नेको आक्रमणमा मात्र रोकिएला भन्ने विश्वास गर्नु गम्भीर भुल हुनेछ । वास्तवमा यो दमनले एक नजिर स्थापित गर्नेछ । अहिले अमेरिकी मिडिया ट्रम्पका मानहानि मुद्दा, झुटा जाँचको धम्की र जेफ बेजोसजस्ता धनाढ्य ट्रम्पसामु नतमस्तक हुँदै छन् । वास्तवमा अभिव्यक्ति स्वतन्त्रतामाथि ती व्यक्तिबाट आक्रमण भइरहेको छ, जसले आफूलाई यसको सबैभन्दा ठुलो समर्थक ठान्छन् ।

(जोन्स द गार्डियनका स्तम्भकार हुन्)

द गार्डियनबाट

इतिहासमा आज



सन् १६२४ : 'बद्र युद्ध'मा मुहम्मद नेतृत्वको मुस्लिम फौजले आफुभन्दा निक्कै शक्तिशाली मक्काको सेनाविरुद्ध निर्णायक जित हासिल गऱ्यो । यही युद्धपछि इस्लाम धर्म अरब प्रायद्वीपमा मुख्य शक्तिका रूपमा स्थापित भयो ।

सन् १७७८ : अमेरिकी स्वतन्त्रता संग्रामको क्रममा अमेरिकासँग गठबन्धन गरेको खुलेपछि बेलायतले फ्रान्सविरुद्ध युद्ध घोषणा गऱ्यो, जसका कारण संग्रामले विश्वव्यापी रूप लियो ।

सन् १७८१ : खगोलशास्त्री फ्रेडरिक विलियम हर्सचेलले युरेनस (अरुण) ग्रह पहिचान गरे, जसलाई उनले सुरुमा पुच्छ्रेतारा ठानेका थिए ।

सन् १८५२ : आजकै दिन अमेरिकालाई चिनाउन प्रयोग हुने कार्टुन 'अंकल स्याम' 'न्युयोर्क ल्यान्टर्न'मा पहिलोपटक छापियो ।

सन् १८८१ : रुसी क्रान्तिकारीले बम हानेर जार अलेक्ज्यान्डर द्वितीयको हत्या गरे ।

सन् १९३८ : नाजी जर्मनीले छिमेकी जर्मनभाषी देश अस्ट्रियालाई औपचारिक रूपमा आफूमा गाभ्यो ।

सन् १९४० : फिनल्यान्ड-रुस युद्धविराममा हस्ताक्षर भएसँगै शीतयुद्ध अन्त्य भयो । सम्झौताअन्तर्गत फिनल्यान्डले ११ प्रतिशत भूमि रुसलाई दिएको थियो ।

सन् १९७४ : योम किपुर युद्धमा इजरायललाई समर्थन गरेको आरोपमा अमेरिकामाथि अरब मुलुकले लगाएको तेल नाकाबन्दी पाँच महिनापछि अन्त्य भयो ।

सन् १९९७ : मदर टेरेसाको निधन भएको ६ महिनापछि नेपाली मूलकी सिस्टर निर्मला 'मिसिनरी अफ च्यारिटी'की प्रमुख चुनिइन् ।

सन् २०१२ : छापिन थालेको २४४ वर्षपछि 'इन्साइक्लोपेडिया ब्रिटानिका'ले डिजिटल माध्यममा मात्र केन्द्रित हुने घोषणा गऱ्यो ।

सन् २०१३ : अर्जेन्टिनी क्याथोलिक कार्डिनल जोर्ज मारियो बर्गोग्लियो नयाँ पोप चुनिए । पोपका रूपमा बर्गोग्लियोले आफ्नो नाम पोप फ्रान्सिस चुने । उनी पहिलो ल्याटिन अमेरिकी पोप हुन् ।

मानवताविरुद्धको अपराधमा पक्राउ परेका फिलिपिन्सका पूर्वराष्ट्रपतिलाई हेग पुऱ्याइयो



मंगलबार फिलिपिन्सको राजधानी मनिलास्थित अन्तर्राष्ट्रिय विमानस्थलमा पक्राउ परेका दुतेर्ते मानवताविरुद्धको अपराधको आरोपमा हेगमा मुद्दा चलाइएका पहिलो एसियाली नेता हुन् ।

मनिला/ फिलिपिन्सका पूर्वराष्ट्रपति रोद्रिगो दुतेर्तेलाई मानवताविरुद्धको अपराधको मुद्दामा पक्राउपछि नेदरल्यान्डको हेग पुऱ्याइएको छ । दुतेर्तेलाई लागुऔषध प्रयोगकर्ताविरुद्धको हिंसात्मक अभियानको विषयमा अनुसन्धान गर्न अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी) लगिएको छ । पूर्वराष्ट्रपति दुतेर्तेलाई लिएर नेदरल्यान्ड्सका लागि उडेको एक विमान दुबईमा केही घण्टा रोकिएपछि बुधबार पुनः उडान सुरु गरेको 'फ्लाइट ट्र्याकिङ साइट'ले जनाएको थियो ।

अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी)को आग्रहमा मंगलबार फिलिपिन्सको राजधानी मनिलास्थित अन्तर्राष्ट्रिय विमानस्थलमा दुतेर्तेलाई पक्राउ गरिएको थियो । हडकडमा एक कार्यक्रममा सहभागी भएर स्वदेश फर्किएका दुतेर्तेलाई विमानबाट ओर्लिएलगत्तै पक्राउ गरिएको थियो । प्रहरीले आइसिसीको आदेशमा उनलाई हिरासतमा लिएको जानकारी दिएको छ ।

दुतेर्तेले लागुपदार्थ प्रयोगकर्ताविरुद्ध चलाएको कारबाहीका क्रममा हजारौँ नागरिक अन्धाधुन्ध मारिएका थिए । त्यस अभियानमाथि आइसिसीले अनुसन्धान गरिरहेको र आफूले पक्राउमा सघाएको मात्र राष्ट्रपति फर्डिनान्ड मार्कोस जुनियरको कार्यालयले विज्ञप्तिमार्फत बताएको छ । दुतेर्ते मानवताविरुद्ध अपराधको आरोपमा हेगमा लगिएका पहिलो एसियाली नेता बनेका छन् ।

मंगलबार दुतेर्तेलाई बिना पूर्व सूचना गिरफ्तारीमा गर्दा विमानस्थलमा केही समय हंगामा मच्चिन पुगेको थियो । दुतेर्तेको पक्राउपछि लागुऔषध प्रयोगकर्ताविरुद्ध चालिएको रक्तपातपूर्ण अभियानका पीडितका परिवार भने खुसी भएका छन् । 'हामीले न्यायका लागि लामो समयदेखि प्रतीक्षा गरिरहेका थियौँ । हामीले थोरै भए पनि न्याय पाएको महसुस गरेका छौँ,' मनिला महानगरमा सन् २०१७ अगस्टमा लागुऔषधविरोधी कारबाहीका क्रममा प्रहरीबाट मारिएका एक किशोरका काका च्याहन्डी डेलोस सान्तोसले भने ।

सन् २०११ नोभेम्बर १ देखि सन् २०१९ मार्च १६ सम्म दुतेर्ते देशको दक्षिणी भेगमा अवस्थिति दावाओका सहरका मेयर रहँदा भएका हत्याको समेत आइसिसीले अनुसन्धान सुरु गरेको थियो । दुतेर्तेले आइसिसीको कारबाहीबाट बच्ने हिसाबले सन् २०१९ मा देशलाई रोम विधानबाट बाहिर निकालेका थिए । तर पनि उनी आईसीसीको अनुसन्धानबाट बच्न सकेनन् ।

दुतेर्तेविरुद्धको कदममा वर्तमान उपराष्ट्रपति सारा दुतेर्ते र राष्ट्रपति फर्डिनान्ड मार्कोस जुनियरबीच बढ्दो तनावलाइ जिम्मेबार ठानिएको छ । सारा रोद्रिगोकी छोरी हुन् । फिलिपिन्सका सर्वोच्च दुई पदाधिकारबीच विवाद बढ्दै जादाँ सारा दुतेर्तेले पछिल्लो समय आफूलाई केही भए मार्कोस जुनियरलाई मार्न मान्छे खटाईसकेको बताएकी थिइन् । जुनियर पक्षधर सांसदले संसदमा साराविरुद्ध महाअभियोग ल्याएका छन् ।

दुतेर्ते प्रशासनले सन् २०२१ को अन्त्यमा फिलिपिन्समा लागुऔषध प्रयोगकर्ताविरुद्ध चलाइएको कारबाही आइसिसीको क्षेत्राधिकार नभएको तर्क गरेको थियो । आइसिसीको अपिलमा न्यायाधीशहरूले सन् २०२३ मा अनुसन्धान पुनः सुरु गर्न सकिने फैसला गरेको थियो ।

अधिकारवादी समूहहरूका अनुसार दुतेर्तेको शासनमा चलेको अभियानका क्रममा झन्डै तीस हजार विपन्न पुरुषको अन्धाधुन्ध हत्या भएको थियो । यसबिच, दुतेर्तेलाई मनिला फर्काउने पर्ने माग गर्दै बुधबार फिलिपिन्सको सर्वोच्च अदालतमा मुद्दा परेको छ । बुधबार बिहान उनका वकिलले कान्छी छोरी भेरोनिकाका तर्फबाट सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । सरकारले दुतेर्तेलाई 'अपहरण' गरेको आरोप लगाउँदै उनले फिर्ता ल्याउन माग गरे ।

त्यस्तै दुतेर्तेकी जेठी छोरी तथा वर्तमान उपराष्ट्रपति सारा दुतेर्ते पनि पिताको मुद्दा सघाउन हेग उडेको फिलिपिनी मिडियाले लेखेका छन् । साराले हेगमा आफ्ना पिताको तर्फबाट वकालत गर्न वकिलहरूको समूह मिलाउने बताइएको छ ।

उता वर्तमान राष्ट्रपति मार्कोस जुनियरकी प्रेस अधिकृत क्लेयर क्यास्ट्रोले इन्टरपोललाई सहयोग गर्नु सरकारको जिम्मेवारी र विशेषाधिकार भएको बताइन् । 'मानवताविरुद्धको अपराध गरेको आरोप लागेको व्यक्तिलाई बुझाइएको हो,' उनले भनिन् । नेदरल्यान्ड्सको हेगमा रहेको आइसिसीले नरसंहार, युद्ध अपराध र मानवताविरुद्धको अपराधलगायत अत्यन्त जघन्य अन्तर्राष्ट्रिय अपराधमा संदिग्धहरूलाई मुद्दा चलाउन देशहरू अनिच्छुक वा असमर्थ हुँदा कदम चाल्न सक्छ । सन् २०२२ मा दुतेर्तेपछि राष्ट्रपति बनेका फर्डिनान्ड मार्कोस जुनियरले आइसिसीले रेड नोटिसमार्फत दुतेर्तेलाई हिरासतमा लिन आग्रह गरे सहयोग गर्ने बताउँदै आएका छन् ।

अमेरिका आयात हुने सबै स्टिल र आल्मुनियममा २५ प्रतिशत कर लागू



वासिंटन डिसी/ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको सरकारले बुधबारदेखि देशमा भित्रिने सबै स्टिल र आल्मुनियमको आयातमा २५ प्रतिशत भन्सार लगाएको छ । यसमा 'कुनै अपवाद वा छुट' नहुने प्रशासनले बताएको छ । यस वृद्धिले अमेरिकामा उत्पादन हुने घरेलु उपकरण, सवारी साधन र पेयपदार्थमा प्रयोग हुने क्यानसम्मको मूल्य वृद्धि हुने सम्भावना छ ।

ठुला कार उद्योग तथा बलियो आवासीय भवन क्षेत्र भएकाले अमेरिका स्पातको विश्वमै सबैभन्दा ठुला प्रयोगकर्तामध्ये एक हो । अमेरिकाले स्पात तथा आल्मुनियममा भन्सार वृद्धि गरेको जवाफमा युरोपेली आयोगले अप्रिल १ देखि 'जवाफी कारबाहीका शृंखला' लागू गर्ने बताएको छ । युरोपेली आयोगकी प्रमुख उर्सुला भोन डेर लेयेनले एक विज्ञप्ति जारी गर्दै यसको पुष्टि गरेकी छिन् ।

इवाईका प्रमुख अर्थशास्त्री ग्रेगरी डाकोको पछिल्लो भन्सार वृद्धिको सबैभन्दा ठुलो असर क्यानडालाई पर्नेछ । अमेरिका आयात हुने लगभग आधा आल्मुनियम र २० प्रतिशत स्पात अहिले क्यानडाबाट आइरहेको छ । क्यानडाबाहेक ब्राजिल र मेक्सिको पनि स्टिलको प्रमुख अमेरिकी आपूर्तिकर्ता हुन् । त्यसैपछि संयुक्त अरब इमिरेट्स (युएई) र दक्षिण कोरिया आल्मुनियमको प्रमुख निर्यातक मुलुक हुन् ।

बुधबारदेखि लागू भएको कर पहिले नै लागू भएको करमाथि लाग्नेछ । अर्थात्, 'युएस-मेक्सिको-क्यानडा सम्झौता (युएसएमसिए)' अनुरूप नरहेका क्यानडेली र मेक्सिकन स्टिल र अल्मुनियम उत्पादकले ५० प्रतिशतसम्मको भन्सार सामना गर्न सक्छन् । ट्रम्पको व्यापार योजनाको अनिश्चितताले अमेरिकी अर्थतन्त्र मन्दीमा धकेलिने चिन्ताबिच मंगलबार 'वाल स्ट्रिट इन्डेक्स' लगातार दोस्रो दिन पनि ओरालो लाग्यो । ट्रम्पले यसअघि नै वासिंटनले अप्रिल २ देखि आफूलाई जुन-जुन कुरामा कर लगाएको छ, त्यहीअनुरूप परस्पर कर लगाउने वाचा गरेका छन् ।

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management
Federal water Supply and Sewerage Management Project, Hetauda

Invitation for Bids (IFB)

First date of publication:-13/03/2025(BS-29/11/2081)

FWSSMP Hetauda invites only electronics bids for the following works under National competitive Biddings. Intrested Companies should submit bids through e-procurement portal **http://www.bolpatra.gov.np/egp only on or before 13/04/2025 (BS 31/12/2081) 12:00.**

IFB No.	Description of works	Bid Fee	Bid Security
NCB/W/14/ 81-82/FWSSMP/MAK	Construction of Lubhu Co-Finance Water Supply and Sanitation Project, Mahalaxmi Municipality, Lalitpur	NRs. 10,000.00	NRs. 45,00,000.00

Note: For details visit www.bolpatra.gov.np/egp **Project Chief**

रारा बहुउद्देश्यीय सहकारी संस्था लि.
RARA MULTI-PURPOSE CO-OPERATIVE LTD.
नागार्जुन न.पा.-५, स्वयम्भु, फोनः ०१-५२४७२९५, इ-मेलः raramultipurpose@gmail.com

धितो लिलाम बढाबढको ३५ दिने सूचना

सूचना प्रकाशित मितिः २०८१/११/२९ गते

यस संस्थाबाट तपसिलमा उल्लेखित अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएको तपसिलका ऋणी सदस्यले ऋणको साँवा, व्याज र हर्जना समेत नतिरी/नबुझाई लिखत अनुसारको ऋण सम्बन्धी शर्तहरु पटक-पटक उल्लंघन गरेकाले बारम्बार लिखित तथा मौखिक तरताकेता गर्नुका साथै नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८१/०८/०५ गते ३५ दिने कर्जा चुक्ता गर्न आउने बारेको सूचना प्रकाशित गर्दा समेत आफूले बुझाउनु पर्ने ऋणको रकम चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाएकाले यो धितो लिलामीको सूचना प्रकाशित गरिएको छ । संस्थासँग भएको शर्त, कबुलियत, तमसुक बमोजिमको धितो घर/जग्गाहरु जे जस्तो छ, सोही अवस्थामा सहकारी ऐन, २०७४, सहकारी नियमावली २०७५, प्रदेश सहकारी ऐन, २०७६, प्रदेश सहकारी नियमावली २०७६ तथा यस संस्थाको विनियम अनुसार तल उल्लेखित मिति र समयमा धितो लिलामको डाँक बढाबढ गरी बेचबिखन गरिने हुँदा सो धितो खरिद/सकार गरी लिन इच्छुक व्यक्ति वा फर्महरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपसिल

ऋणी सदस्यको तीन पुस्ते विवरण	फोटो	धितो रहेको अचल सम्पत्ति र कर्जा असुली हुनुपर्ने रकमको विवरण
ऋणीको नामः संगिता तामाङ **ना.प्र. नं.: १५११८१** जारी मितिः २०६३/०३/१४ काभ्रेपलाञ्चोक बाबुको नामः पुर्ण बहादुर तामाङ पतिको नामः शंख बहादुर लामा ससुराको नामः दिल बहादुर लामा ठेगानाः भुम्लुटार-०९,, काभ्रेपलाञ्चोक हालको ठेगानाः चन्द्रागिरी-०८, हिमाली मार्ग, काठमाण्डौ ।		काठमाण्डौ जिल्ला थानकोट मादेवस्थान गा.वि.स. वडा नं. २, सि.नं. २ग,कि.नं. ९४६, क्षे.फ. ९५.३६ व.मी. घर समेत (मिति २०८२।०१।०३ गते सम्मको साँवा, व्याज र हर्जना रकम रु.४६,७९,५७१/-(अक्षरेपी छयालीस लाख उनासी हजार पाँच सय एकहत्तर रुपैयाँ मात्र)। धितो मूल्याङकन मूल्य रु. १,०८,९२,०८९।- (घरजग्गा)
ऋणीको नामः कमान सिंह तामाङ **ना.प्र. नं.: ९३** जारी मितिः २०४४/१२/२१ काठमाण्डौं बाबुको नामः राम बहादुर तामाङ बाजेको नामः सुने तामाङ ठेगानाः भीमढुङ्गा-०८, काठमाण्डौं हालको ठेगानाः नागार्जुन-०८,काठमाण्डौ ।		काठमाण्डौ जिल्ला भीमढुङ्गा गा.वि.स. वडा नं. ८, सि.नं. ८ग, कि.नं. १०७, क्षे.फ.५०८.७४ व.मी.(मिति २०८२।०१।०३ गते सम्मको साँवा, व्याज र हर्जना रकम रु.१,४८,३४,५६९/- (अक्षरेपी एक करोड अठचालीस लाख चौंतीस हजार पाँच सय उनन्सत्तरी रुपैयाँ मात्र) । धितो मूल्याङकन मूल्य रु.१,४६,०१,०००।- (जग्गा)

लिलाम बिक्रीका शर्तहरुः

१. लिलाममा न्यूनतम रकम भन्दा बढी कबोल गर्ने व्यक्तिले आफूले बोलेको कूल रकमको १०% ले हुने रकम धरौटी बापत तुरुन्तै (डाँक बढाबढ गरेकै बखतमा) यस संस्थामा नगद वा चेक मार्फत बुझाउनु पर्नेछ ।
२. लिलाम सकार गर्ने व्यक्तिले स्वीकृत पत्र पाएको मितिले ७ दिनभित्र कबुल गरेको सम्पूर्ण रकम बुझाउनु पर्नेछ र नबुझाएमा धरौटी रकम जफत गर्न सकिनेछ । त्यसपछि दोश्रो बढी रकम कबोल गर्नेलाई मौका दिइनेछ ।
३. धितो सुरक्षण रहेको अचल सम्पत्ति लिलाम बिक्रीमा सकार गरी लिनेले अचल सम्पत्ति दाखिला/ खारेज गर्दा लाग्ने शुल्क दस्तुर बापतको नगद रकम सबै आफैले व्यहोर्नु पर्नेछ ।
४. यस संस्थाको कार्यालयमा तोकिएको दिन र समयमा लिलाम बढाबढ गरिनेछ । उक्त दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा तोकिएको समयमा लिलाम बढाबढ हुनेछ ।
५. ऋणीको धितो लिलाम भई जानुअघि कर्जा चुक्ता गर्न आएमा लिलाम प्रकृया रद्द गरिनेछ साथै अन्य कारणले अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
६. घर/जग्गा हेर्न चाहेमा संस्थाका कर्मचारीहरु संग सम्पर्क गरी आफ्नो खर्चमा सम्बन्धित स्थानमा गई हेर्न सकिनेछ ।
७. घर/जग्गाधनी वा निजको प्रतिनिधि लिलाम बिक्री हुने समयमा निज वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि लिलाम बिक्री गर्न बाधा पुगेको मानिने छैन ।
८.धितो लिलाम बिक्री हुँदा डाँक बढाबढमा कसैले भाग नलिएमा संस्था आफैले धितो जग्गा सकार गरी लिनेछ ।

धितो लिलाम हुने मिति, समय र स्थानः
लिलाम हुने मिति : २०८२/०१/०४ गते विहिवार
समय : दिनको ३:०० बजे
स्थान : संस्थाको कार्यालय, नागार्जुन-०५, स्वयम्भु , काठमाडौं ।

standard chartered

STANDARD CHARTERED BANK NEPAL LIMITED

is pleased to announce that with effect from 14th March 2025, the following range of interest rates will prevail.

INTEREST RATES (%P.A.) *

DEPOSIT RATES			LENDING RATES	
SAVINGS DEPOSIT	%P.A.	MINIMUM BALANCE (IN NPR) ***		%P.A.
Normal Saving Account	3.00	As per Note 2	**WORKING CAPITAL LOANS**	
Access plus Saving Account	3.15	1,000	Cash Credit	Base Rate + 2.00 to 4.00
Kiddy Bank Saving Account	3.15	5,000	Short Term Loan	Base Rate + 2.00 to 4.00
Women Savings Account	3.15	25,000	Import / Export Related Loan	Base Rate + 2.00 to 4.00
Shareholder Account	3.15	5,000		
Senior Citizen Account	3.15	1,000		
Payroll Plus Account **	4.00		**Term Loans**	
Amulya Bachat Khata **	4.00	100,000	VARIABLE RATE	Base Rate + 2.00 to 4.00
Special Saving Account**	4.05	300,000	FIXED RATE (upto 5 years)	9.00
Remittance Saving Account	5.05	10,000	FIXED RATE (upto 7 years)	9.50
			FIXED RATE (upto 10 yrs)	10.00
FIXED DEPOSIT:			FIXED RATE (above 10 yrs)	10.50
Individual	**Normal**	**Remittance**		
3 months to below 1 year	4.00	5.00	**Term Loans - Specified Sector Lending**	
1 Year to below 5 years	4.25	5.25	VARIABLE RATE	Base Rate + 2.00 to 3.50
5 years	6.25	7.25	FIXED RATE (upto 5 years)	8.50
			FIXED RATE (upto 7 years)	9.00
			FIXED RATE (upto 10 yrs)	9.50
Non Individual			FIXED RATE (above 10 yrs)	10.00
180-364 Days	3.00			
1 Year and above**	3.25		**Loan against Own Fixed Deposit**	Higher of Base Rate+2.00 or Coupon Rate+2.00
			LCY loan Against FCY Deposit with us**	Base Rate + 2.00
CALL DEPOSIT:	Up to 1.50		**Loan against Fixed Deposit of Other Banks**	Higher of Base Rate + 4.00 or Coupon Rate
BUSINESS PLUS ACCOUNT ** (Under Sweep Call Facility for SME Segment only):	0.25-1.00			
MONEY MAXIMIZER ** (Under Call Deposit Account for Individuals Only):	1.50		**Loan Against SBLC/Bank Guarantee/ Government Bonds**	Base Rate + 2.15 to 4.00
			Loan to Watchlist Customers	Base Rate + 4.00 to 5.00
FCY SAVING ACCOUNT:				
USD	0.25		**Loans to Multinational Companies ****	Base Rate + 2.00 to 3.75
GBP	0.25			
			DEPRIVED SECTOR LOANS	Base Rate + 2.00
FCY FIXED DEPOSITS:			**HOME LOAN**	
USD (Upto 1 yr)	Linked to international benchmark rates.		VARIABLE RATE	Base Rate + 2.00 to 4.00
GBP (Upto 1 yr)			FIXED RATE (upto 5 yrs)	9.75
Other Currencies			FIXED RATE (above 5 yrs upto 10 yrs)	10.50
			FIXED RATE (above 10 yrs)	10.75
			PERSONAL LOAN	
			VARIABLE RATE	Base Rate + 4.50 to 5.00
			FIXED RATE (upto 5 yrs)	10.75
			GRAMEEN PRATHAMIK KARZA	
			VARIABLE RATE	Base Rate + 5.00
			FIXED RATE (upto 5 yrs)	10.75
			US $ DENOMINATED FCY LOANS	as per NRB regulation

*** Rates are indicative | ** Conditions Apply | *** Account Balance in excess of the indicated minimum balance shall only be available for withdrawal**

Notes:
1. Interest rates on consortium lending will be as per the decision of consortium subject to applicable base rate of this bank.
2. Minimum balance for Normal Savings account: NPR 10,000 for Biratnagar, Pokhara, Narayangarh, Birgunj and all Kathmandu Valley Branches. NPR 5,000 for all other outside Kathmandu Valley Branches.
3. All applicable interest rates shall be in accordance with NRB directives.

Base Rate as of Magh 2081 : 5.07%
Average Base rate of Mangsir 2081, Poush 2081 and Magh 2081: 5.11%
Net Interest Spread as of Magh 2081 : 4.00%

विद्युत् बक्यौता घटाउन बनाइएको समितिविरुद्धको बहस सकिएन, आइतबार तोकियो पेसी

नयाँ पत्रिका

उद्योगीको बक्यौता घटाउने उद्देश्यसहित ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले बनाएको जाँचबुझ समितिविरुद्ध परेको रिटमा सर्वोच्च अदालतले छलफल सुरु गरेको छ। बुधबार न्यायाधीशद्वय सारंगा सुवेदी र टेकप्रसाद ढुंगानाको संयुक्त इजलासमा दुवै पक्षका वकिलहरूको बहस नसकिएपछि उक्त रिट हेर्दाहेर्दैमा राखिएको छ। अब उक्त रिटमा आइतबार पेसी तोकिएको छ। आइतबार वकिलहरूको बहस सकिएपछि आदेश जारी हुन सक्ने बताइएको छ।

नेपाल विद्युत् प्राधिकरणले उद्योगीहरूलाई बक्यौता तिर्न १२ मंसिरसम्मको समय दिएको वेलामा ऊर्जामन्त्री दीपक खड्काले प्रा.डा. अरविन्दकुमार मिश्रको संयोजकत्वमा तीनसदस्यीय बक्यौता जाँचबुझ समिति गठन गरेका थिए । त्यसपछि प्राधिकरणले बक्यौता असुलीको कारबाही अघि बढाउन सकेको छैन। तर, उक्त समिति गठन कानुनी आधार नभएको भन्दै अधिवक्ता खडानन्द कँडेलले १३ मंसिरमा सर्वोच्चमा रिट दर्ता गरेको थिए। त्यसको भोलिपल्ट १४ मंसिरमा न्यायाधीश विनोद शर्माको इजलासले कारण देखाउ आदेश जारी गर्दै अन्तरिम आदेशका लागि छलपल गर्न आदेश दिएको थियो। त्यसपछि २५ मंसिरमा न्यायाधिशद्वय तिल प्रसाद श्रेष्ठ र टेक प्रसाद ढुंगानाको संयुक्त इजालसले रिटलाई अग्राधिकार अर्थात् प्राथमिकतामा राख्ने आदेश दिएको थियो।

यो रिटमा पछिल्लोपटक २८ माघमा तिलप्रसाद श्रेष्ठ र नित्यानद्य पाण्डेयको संयुक्त इजालसले पेसी सचुना दिने आदेश भएको थियो। विद्युत् नियमन आयोग ऐन, २०७४ ले जाँचबुझ तथा निरीक्षण गर्ने अधिकार स्पष्ट रूपमा आयोगलाई दिएको अधिवक्ता खडानन्द कँडेलले बताए। मन्त्रालयले ऊर्जासम्बन्धी सरकारी निकायको संयन्त्रबाहिरबाटै प्राधिकरणले जारी गरेको बिल जाँच गराउन समिति बनाएको थियो। तसर्थ, उक्त जाँचबुझ समिति खारेज गर्नुपर्ने मागसहित सर्वोच्चमा रिट दर्ता गराएको उनको भनाइ छ।

मौसम बिग्रिँदा दिनभरि आन्तरिक र अन्तर्राष्ट्रिय उडान प्रभावित

नयाँ पत्रिका

खराब मौसमका कारण बुधबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको उडान अवतरण प्रभावित भएको छ। कम भिजिबिलिटी र हावा तीव्र गतिमा चल्दा जहाज आकाशमा होल्ड हुनेदेखि ओभरसुटसम्म गर्नुपरेको छ। मलेसियाबाट आएको बाटिक एयर आकाशमा ६ राउन्ड घुमेर अवतरण गर्न खोज्दा मिस एप्रोच (अवतरण गर्न नसकेपछि) हुँदा ढाका डाइभर्ट गर्नुपरेको थियो। त्यस्तै, कतार एयर पनि ओभरसुट गरेर आठ-नौ फन्को मारी साँझ ६:१० मा त्रिभुवन विमानस्थलमै अवतरण गरेको थियो। यो जहाज काठमाडौंमा ४:४५ बजे अवतरण गर्ने तालिका थियो। मौसम प्रतिकूल हुनाले दिनभरि आन्तरिक र अन्तर्राष्ट्रिय उडान होल्ड भएको त्रिभुवन विमानस्थलका महाप्रबन्धक जगन्नाथ निरौलाले बताए।

बुधबार बिहान त्रिभुवन विमानस्थल खुल्दा १६ सय मिटर हाराहारी भिजिबिलिटी थियो। दिउँसो केही समय भिजिबिलिटी बढेर पाँच हजार मिटर पुगे पनि अधिकांश समय त्योभन्दा कम नै रह्यो। तीन वजेपछि कतिपय आन्तरिक तथा अन्तर्राष्ट्रिय वायुयानहरू आकाशमा एक घण्टाभन्दा बढी समयसम्म होल्ड गर्नुपरेको थियो। दिनभरी उडान-अवतरण अस्तव्यस्त हुँदा साँझ ट्राफिक कन्जेसन बढेर जहाज धेरै होल्ड भएको विमानस्थलका प्रवक्ता रिन्जी शेर्पाले बताए। 'तीन बजेपछि एकैपटक फ्लाइट थुप्रिँदै गए, हावाको चापका कारण बाटिक र कतार एयरवेजको जहाज मिस एप्रोच भयो' उनले भने, 'बुधबार हावाका कारण पनि जहाज सहज रूपमा ल्यान्ड हुन सकेनन्।'

त्रिभुवन विमानस्थलमा पाँच हजार मिटरभन्दा धेरै भिजिबिलिटी हुँदा भिएफआर र त्योभन्दा कम हुँदा आइएफआर फ्लाइट हुने गर्छ। भिएफआरभन्दा आइएफआर प्रणालीमा जहाज अवतरण गर्न बढी समय लाग्छ। 'आइएफआर प्रणालीमा एउटै लाइन (बाटो) हुन्छ, अन्तरिक र अन्तर्राष्ट्रिय सबै जहाज त्यही लाइनबाट अवतरण गर्नुपर्ने हुन्छ, एउटै लाइन भएपछि सेप्रेसन पनि मेन्टेन गर्नुपर्छ,' महाप्रबन्धक निरौलाले भने 'एकातिर डिले भइरहेका उडान अवतरण खप्टिँदै गए, अर्कोतिर आइएफआर प्रणालीमार्फत एउटै बाटोबाट जहाज अवतरण गराउनुपर्दा जहाजको चाप बढ्यो।' आन्तरिक फ्लाइट भने होल्ड गर्नुपरे पनि डाइभर्ट गर्नुपरेन।

दुबईबाट आएको फ्लाई दुबईको जहाज आकाशमा सात फन्का मारेर ५:३४ बजे अवतरण गरेको थियो। कोरियाबाट आएको कोरियन एयरको विमान सात फन्को मारेर ६:१८ बजे अवतरण गरेको थियो। यो जहाज ५:३० बजे अवतरण गर्ने समय थियो। ढाकाबाट आएको बिमान बंगलादेश ६ बजे ल्यान्ड गर्नुपर्नेमा पाँच फन्को मोर ६:२४ मा अवतरण गरेको थियो। दुबईबाट आएको फ्लाई दुबईको अर्को जहाज ६:२० मा अवतरण गर्नुपर्नेमा आकाशमा सात फन्को मारेर ६:४८ बजे अवतरण गऱ्यो भने मुम्बईबाट आएको नेपाल वायुसेवा निगमको जहाज पनि केही समय आकाशमै होल्ड गरिएको थियो। बुद्ध एयरका बजार निर्देशक रूपेश जोशीले मौसम खराब भएर दिनभरी नै उडान भद्रगोल भएको बताए। श्री एयर का प्रवक्ता अनिल मानन्धरले पनि बुधबार अधिकांश उडानहरू डिले भएको बताए।

तीन करोडभन्दा कम बजेटका कार्यक्रम 'आयोजना बैंक'मा नराखिने

आयोजना बैंकको नयाँ मापदण्डअनुसार हालसम्म सूचीकृत १८ हजारभन्दा बढी कार्यक्रम हटाइयो, डिपिआर र इआइए नगरिएका आयोजना प्रविष्ट नहुने

पवन तिमिल्सिना/नयाँ पत्रिका

राष्ट्रिय योजना आयोगले आगामी आर्थिक वर्ष ०८२/८३ को बजेटमा तीन करोड रुपैयाँभन्दा कम लागतका आयोजना प्रस्ताव गर्न नमिल्ने गरी आयोजना बैंकको नयाँ मापदण्ड स्वीकृत गरेको छ। सन् २०२० बाट सुरु भएको बैंकको प्रभावकारी कार्यान्वयन हुन नसकेपछि आयोगले नयाँ मापदण्ड ल्याएको हो।

२२ फागुनमा मापदण्ड स्वीकृत भइसके पनि प्रधानमन्त्री केपी ओलीसमक्ष प्रस्तुत गरेपछि जारी गर्ने तयारी आयोगको छ। गत भदौमा आयोगका सदस्य डा. प्रकाशकुमार श्रेष्ठको संयोजकत्वको अध्ययन समितिले आयोजना बैंकलाई सरलीकृत बनाउन गरेको अध्ययनले नयाँ मापदण्ड सिफारिस गरेको थियो। आयोगले आयोजना सुशासनलाई केन्द्रमा राखेर नयाँ मापदण्ड तर्जुमा गरेको सहसचिव अर्जुन भण्डारीले जानकारी दिए। 'यसअघि जति नै लागत भएका आयोजना पनि बैंकमा प्रविष्ट गर्ने प्रवृत्ति थियो। तर, अब तीन करोडभन्दा कम लागतका आयोजना प्रविष्ट गर्न नपाइने भएको छ। संघले कार्यान्वयन गर्ने आयोजना तीन करोडभन्दा बढी हुनुपऱ्यो,' उनले भने।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनले नै आयोजना बैंकमा प्रविष्ट गरेपछि मात्रै बजेटमा राख्न पाइने व्यवस्था गरेपछि यसको प्रयोग हुन थालेको हो। यद्यपि, यसलाई सरलीकृत बनाउन उपयुक्त मापदण्डको आवश्यकता महसुस गरेको उनले बताए। उनका अनुसार नयाँ मापदण्डले आयोजनालाई स्पष्ट रूपमा परिभाषित गरेको छ।

हालसम्म सबै मन्त्रालय तथा निकायले आयोजनालाई आ-आफ्नै ढंगले परिभाषित गर्दै आएका थिए। नयाँ मापदण्डमा निश्चित लक्ष्य र उद्देश्य किटान भएका, आयोजनाको लागतअनुसारको स्रोत खुलेको, चालू प्रकृतिको र सालबसाली नभएका, आयोजना सम्पन्न भएपछि सार्वजनिक सम्पत्तिको रूपमा हस्तान्तरण हुने खालका कार्यक्रमलाई मात्रै आयोजनाको रूपमा परिभाषित गरिएको छ। भण्डारीले भने, 'पुँजीगत खर्च हुने सबै कार्यक्रमलाई आयोजनामा परिभाषित गर्दा टेबल, कुर्सी खरिदजस्ता कार्यक्रम पनि प्रविष्ट गर्ने प्रवृत्तिको अब अन्त्य हुनेछ।' आयोजना बैंकलाई सञ्चालन गर्ने सचिवालयको पनि व्यवस्था मापदण्डमा गरिएको छ।

त्यस्तै, आयोजना बैंकलाई मन्त्रालयगत बजेट सूचना प्रणाली, सार्वजनिक खरिदको इप्रक्योरमेन्ट प्रणाली र एकीकृत अनुगमन प्रणालीसँग अन्तरआबद्धता गर्ने उल्लेख छ। भण्डारीले भने, 'यसले संघबाट कति लागतका आयोजना कुन चरणमा कार्यान्वयनमा छन् हेर्न सकिन्छ। कति आयोजना सम्पन्न भएका छन् भन्ने थाहा हुने भयो। आयोजना सुशासनमा यो नयाँ खुड्किलो हो।'

समस्या समाधान गर्न नयाँ मापदण्ड



अर्जुन भण्डारी
सहसचिव
योजना आयोग

यसअघि जति नै लागत भएका आयोजना पनि बैंकमा प्रविष्ट गर्ने प्रवृत्ति थियो। तर, अब तीन करोडभन्दा कम लागतका आयोजना प्रविष्ट गर्न नपाइने भएको छ। बैंकमा धेरै र ससाना आयोजना पनि प्रविष्ट हुने गरेकाले त्यसलाई समाधान गर्न नयाँ मापदण्ड ल्याइएको हो। पहिलेका आयोजना बैंकमा पनि समस्या त थिएन। तर, यसको प्रभावकारी कार्यान्वयन गर्न सकिएन।



डिपिआर नभएका आयोजना प्रविष्ट नहुने प्रणाली

अब आयोजना बैंकमा कुनै पनि आयोजना प्रविष्ट गर्दा पूर्वतयारी नभएका आयोजनालाई इन्ट्री नै गर्न नसकिने गरी सिस्टम तयार गरिएको भण्डारीले जानकारी दिए। उनले भने, 'हाम्रोमा यसअघि के अभ्यास थियो भने नाम घुसाइहाल्ने र पछि अध्ययन गर्ने प्रचलन थियो। यसले स्रोतको चाप बढाउन थाल्यो। पूर्वतयारीको चरणजस्तै विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर), सम्भाव्यता अध्ययन, वातावरणीय मूल्यांकनजस्ता पूर्वतयारीका कागजात अपलोड नगरेसम्म आयोजना बैंकमा प्रविष्ट नहुने व्यवस्था मिलाइएको मापदण्डमा उल्लेख छ।'

आयोजना बैंकमा एक अर्बभन्दा कम र एक अर्बभन्दा बढी लागतका आयोजनालाई अलग्गै ढंगले प्रविष्ट गर्ने व्यवस्था मापदण्डमा छ। एक अर्बभन्दा कम लागतका आयोजनालाई सम्बन्धित क्षेत्र हेर्ने आयोगका सदस्यले स्वीकृत गरेपछि प्रविधिक रूपमा अध्ययन गरी प्रविष्ट गर्ने उल्लेख छ। एक अर्बभन्दा बढी लागतका आयोजनामा सम्बन्धित क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा रहने सिफारिस समितिले आयोगमा सिफारिस गर्ने र डिपिआर, अध्ययन प्रतिवेदनजस्ता विषय अध्ययन गरिसकेपछि मात्रै आयोजना बैंकमा प्रविष्ट हुने उल्लेख छ। यसअघि आयोजना बैंकमा प्रविष्ट भएका १८ हजार ६३ वटा आयोजनालाई हटाएर शून्यमा झारिसकेको भण्डारीले जानकारी दिए। उनले भने, 'आयोजना बैंकबाट यी आयोजना हटाइए पनि अभिलेख सुरक्षित राखिएका छन्। तर, अब यी आयोजनालाई क्रमागत रूपमा अध्ययन गरेर मात्रै प्रविष्ट गर्नुपर्ने भएको छ।'

स्थानीय र प्रदेशको काम संघले गर्नु संविधानको मर्मविपरीत : अर्थमन्त्री



काठमाडौं/ उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले स्थानीय तह र प्रदेशले गर्ने काम संघले गर्नु संविधान र संघीयताको मर्म र भावनाविपरीत हुने बताएका छन्। आर्थिक वर्ष ०८२/८३ वर्षको बजेटसम्बन्धी अर्थ मन्त्रालयले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग गरेको छलफलमा अर्थमन्त्री पौडेलले स्थानीय तह र प्रदेशले गर्ने काम अब संघले गर्न नहुने बताएका हुन्।

०७२ सालमा संविधानसभाबाट जारी संविधानमा संघको एकल अधिकार अनुसूची ५ मा, प्रदेशको एकल अधिकार अनूसूची ६ मा, स्थानीय तहको एकल अधिकार अनूसूची ८ र संविधानको अनुसूची ७ मा संघ र प्रदेशको साझा अधिकार उल्लेख छ। यसैगरी अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार उल्लेख छ। संविधानमा उल्लेख भएका अधिकारहरूलाई कार्य विस्तृतीकरण प्रतिवेदनले अझ विस्तृत गरेको छ।

अर्थमन्त्री पौडेलले संघीय सरकारको सीमामा रहेर मात्र नयाँ बजेटमा कार्यक्रम पेस गर्न आग्रह गरे। उनले सहकारी, जमिनको खण्डीकरण, बाँझो जमिन, अस्थायी बसोवास, सार्वजनिक जग्गाको संरक्षण, भूमि बैंक, अभिलेखहरूको डिजिटलाइजेसनलगायतलाई सम्बोधन गर्ने गरी बजेट तथा कार्यक्रम प्रस्ताव पेस गर्न पनि आग्रह गरे।

छलफलमा अर्थसचिव, भूमिसचिव, विभागीय प्रमुखलगायतको उपस्थिति थियो। नयाँ बजेट निर्माणसम्बन्धी यसअघि अर्थ मन्त्रालयले भौतिक, सहरी, ऊर्जा, स्वास्थ्य, उद्योग, खानेपानी, संघीय मामिला, कृषि मन्त्रालयबारे छलफल गरेको थियो।

ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/११/२९ गते

यस माछापुच्छ्रे बैंक लि. मिर्चैया शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको साँवा, व्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपमा कर्जा चुक्ता गर्नको लागि पटक पटक अनुरोध गर्दा पनि कर्जाको साँवा व्याज, थप व्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित ऋणीको नाउँमा बक्यौता ऋणकर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले पैतिस (३५) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ। उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिंदा उपलब्ध गराएको धितो लिलाम गर्ने ऋणी, संचालक/प्रोप्राइटरको नाम कर्जा सूचनाकेन्द्रको कालोसूचीमा समावेश गर्ने तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु समेत अवलम्बन गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराउदै यथाशिघ्र कर्जा भुक्तानी गर्न विशेष अनुरोध गरिन्छ।

तपसिल

ऋणीको नाम, ठेगाना

१. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहामा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम भएको **माँ दुर्गा हार्डवेयर।**
दर्ता नं. १३५७/०६६/०६७, दर्ता मिति : २०६६/११/१२, पान नं. ३०१६०१६७२, दर्ता मिति : २०६१/०२/०४
ठेगाना : सिरह जिल्ला, रामनगर मिर्चैया गा.वि.स. वडा नं. ४, **प्रोप्राईटर : विनोद कुमार महतो**

२. **विनोद कुमार महतो**
ना.प्र.नं. १७८०, जि.प्र.का. सिराहा, जारी मिति : २०४८/०५/३१
बाबु : रामचन्दर महतो सुडी, बाजे : पुलकित महतो सुडी
ठेगाना : सिराहा जिल्ला, भेडिया गा.वि.स. वडा नं. ८

३. नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहामा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम रहेको **श्रीराम अटो मोबाईल्स ।**
दर्ता नं. ५०२/०६४/०६५, दर्ता मिति : २०६५/०१/१७, पान नं. ३०२९१०१५३, दर्ता मिति : २०६५/०१/१७
ठेगाना : सिराहा जिल्ला, रामनगर मिर्चैया वडा नं. ५, **प्रोप्राईटर : राम प्रकाश महासेठ**

४. नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता कायम रहेको **कमलदह ट्रेडिङ प्रा.लि.।**
दर्ता नं. २२६९७१/०७६/०७७, दर्ता मिति : २०७६/०७/०५, पान नं. ६०९६४७३०५, दर्ता मिति : २०७६/०८/०३
ठेगाना : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ६, **संचालक : राम प्रकाश महासेठ**

५. **पिंकि महासेठ**
ना.प्र.नं. १५१०९०/६५, जि.प्र.का. सिरहा, जारी मिति : २०६४/११/२७
बाबु : राजिन्दर साह, पति : राम प्रकाश महासेठ, ससुरा : राम रतन महासेठ
ठेगाना : सिरहा जिल्ला, रामनगर मिर्चैया गा.वि.स. वडा नं. ५

व्यक्तिगत जमानतकर्ताहरू

१. विनोद कुमार महतो ना.प्र.नं. १७८०, जि.प्र.का. सिराहा जारी मिति : २०४८/०५/३१ बाबु : रामचन्दर महतो सुडी बाजे : पुलकित महतो सुडी ठेगाना : सिराहा जिल्ला, भेडिया गा.वि.स. वडा नं. ८	**२. रेखा कुमारी साह सुडी** ना.प्र.नं. १५३०९७/२१२, जि.प्र.का. सिराहा जारी मिति : २०६३/१०/१८ बाबु : रामचन्द्र साह पति : विनोद कुमार महतो, ससुरा : रामचन्दर महतो सुडी ठेगाना : सिराहा जिल्ला, भेडिया गा.वि.स. वडा नं. ८
३. मनोज कुमार महतो ना.प्र.नं. २०८३४२१४, जि.प्र.का. सिराहा जारी मिति : २०५४/०४/१७ बाबु : रामचन्दर महतो सुडी, बाजे : पुलकित महतो सुडी ठेगाना : सिराहा जिल्ला, भेडिया गा.वि.स. वडा नं. ८	**४. रामचन्दर महतो सुडी** ना.प्र.नं. २०८३२८३९, जि.प्र.का. सिराहा जारी मिति : २०४०/०३/०१ बाबु : पुलकित साह सुडी, बाजे : बलचन महतो ठेगाना : सिराहा जिल्ला, निर्दना गा.वि.स. वडा नं. ९
५. सरिता कुमारी साह ना.प्र.नं. १५३०९७/५०, जि.प्र.का. सिराहा जारी मिति : २०७०/०२/२० बाबु : बिजय कुमार पति : मनोज कुमार महतो, ससुरा : रामचन्दर महतो सुडी ठेगाना : सिराहा जिल्ला, भेडिया गा.वि.स. वडा नं. ८	**६. दुर्गी देवी सुडीन** ना.प्र.नं. २०८३२८४०, जि.प्र.का. सिराहा जारी मिति : २०३७/०३/२३ बाबु : जिवछ महतो पति : रामचन्दर महतो सुडी, ससुरा : पुलकित महतो सुडी ठेगाना : सिराहा जिल्ला, निर्दना गा.वि.स. वडा नं. ९
१. पिंकि महासेठ ना.प्र.नं. १५१०९०/६५, जि.प्र.का. सिरहा जारी मिति : २०६४/११/२७ बाबु : राजिन्दर साह पति : राम प्रकाश महासेठ, ससुरा : राम रतन महासेठ ठेगाना : सिरहा जिल्ला, रामनगर मिर्चैया गा.वि.स. वडा नं. ५	**२. राम प्रकाश महासेठ** ना.प्र.नं. १४९४, जि.प्र.का. सिरहा जारी मिति : २०५५/०७/१९ बाबु : राम रतन महासेठ बाजे : मन्सीफ महासेठ ठेगाना : सिरहा जिल्ला, रामनगर मिर्चैया गा.वि.स. वडा नं. ५

धितोमा रहेको सम्पतिको विवरण

१. पुलकित महतो सुडीको नाति, रामचन्दर महतो सुडीको छोरा, सिराहा जिल्ला, भेडिया गा.वि.स. वडा नं. ८ बस्ने विनोद कुमार महतोको नाममा मालपोत कार्यालय सिरहामा दर्ता कायम भएको सिरहा जिल्ला, रामनगर गा.वि.स. वडा नं. ४ क स्थित कि.नं. ४५५६ को क्षेत्रफल ०-०-५-० (बि.क.धु.क.) र सिरहा जिल्ला, रामनगर गा.वि.स. वडा नं. ३ स्थित कि.नं. ६१५९ को क्षेत्रफल ०-०-८-० (बि.क.धु.क.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।

४. ऋणी माँ दुर्गा हार्डवेयरले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु।

धितोमा रहेको सम्पतिको विवरण

१. मन्सीफ महासेठको नाति, राम रतन महासेठको छोरा, सिरहा जिल्ला, रामनगर मिर्चैया गा.वि.स. वडा नं. ५ बस्ने राम प्रकाश महासेठको नाममा मालपोत कार्यालय सिरहामा दर्ता कायम भएको सिरहा जिल्ला, रामनगर गा.वि.स. वडा नं. ४ क स्थित कि.नं. ३३९६ र ३४१६ को क्षेत्रफल क्रमशः ०-१-८१/२-० (बि.क.धु.क.) र ०-१-५-१२१/२ (बि.क.धु.क.) र सिरहा जिल्ला, रामनगर गा.वि.स. वडा नं. ६ क स्थित कि.नं. १२८८ को क्षेत्रफल ०-०-७१/२-० (बि.क.धु.क.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।

२. मन्सीफ महासेठको नाति, राम रतन महासेठको छोरा, सिरहा जिल्ला, रामनगर मिर्चैया गा.वि.स. वडा नं. ५ बस्ने राम प्रकाश महासेठको नाममा मालपोत कार्यालय सिरहामा दर्ता कायम भएको सिरहा जिल्ला, लालपुर गा.वि.स. वडा नं. ६ क स्थित कि.नं. ५९१, ५६१ र ५६२ को क्षेत्रफल क्रमशः ०-०-५-० (बि.क.धु.क.), ०-०-६.५०-० (बि.क.धु.क.) र ०-१-०-० (बि.क.धु.क.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।

३. राम रतन महासेठको बुहारी, राम प्रकाश महासेठको पत्नी, सिरहा जिल्ला, रामनगर मिर्चैया गा.वि.स. वडा नं. ५ बस्ने पिंकि महासेठको नाममा मालपोत कार्यालय सिरहामा दर्ता कायम भएको सिरहा जिल्ला, लालपुर गा.वि.स. वडा नं. ६ क स्थित कि.नं. ६०८ को क्षेत्रफल ०-२-१३-० (बि.क.धु.क.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।

(उल्लेखित सम्पत्तिहरु ऋणी श्रीराम अटोमोबाईल्सको ऋण कर्जाको लागी धितोबन्धक पारी भई ऋणी कमलदह ट्रेडिङ प्रा.लि. को ऋण कर्जाको लागी समेत धितो निरन्तरता कायम रहेको)

४. मन्सीफ महासेठको नाति, राम रतन महासेठको छोरा, सिरहा जिल्ला, रामनगर मिर्चैया गा.वि.स. वडा नं. ५ बस्ने राम प्रकाश महासेठको नाममा मालपोत कार्यालय सिरहामा दर्ता कायम भएको सिरहा जिल्ला, पडरीया गा.वि.स. वडा नं. ४ स्थित कि.नं. ८७१ को क्षेत्रफल ०-०-१६.५-० (बि.क.धु.क.) र सिरहा जिल्ला, फुलबरिया गा.वि.स. वडा नं. ६ स्थित कि.नं. ३२८८ को क्षेत्रफल ०-३-१४-१३.७५ (बि.क.धु.क.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।

(उल्लेखित सम्पत्ति ऋणी कमलदह ट्रेडिङ प्रा.लि. को ऋण कर्जाको लागी धितोबन्धक कायम रहेको)

५. राम रतन महासेठको बुहारी, राम प्रकाश महासेठको पत्नी, सिरहा जिल्ला, रामनगर मिर्चैया गा.वि.स. वडा नं. ५ बस्ने पिंकि महासेठको नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषामा दर्ता कायम भएको धनुषा जिल्ला, भरतपुर गा.वि.स. वडा नं. ४ क स्थित कि.नं. ४२४ को क्षेत्रफल ०-०-१०-० (बि.क.धु.क.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।

(उल्लेखित सम्पति ऋणी पिंकि महासेठको ऋण कर्जाको लागी धितोबन्धक कायम रहेको)

६. ऋणी श्रीराम अटोमोबाईल्स र कमलदह ट्रेडिङ प्रा.लि. ले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु।

माछापुच्छ्रे बैंक

सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, मिर्चैया

संक्षेप

बिपी राजमार्ग निर्माण प्रक्रिया सुरु

काठमाडौं/ सडक विभागले १०-१२ असोजको बाढीले क्षतिग्रस्त बिपी राजमार्गको पुनर्निर्माण प्रक्रिया सुरु गरेको छ। विभागले बुधबार ३० दिनको म्याद राखेर पुनर्निर्माणको पहिलो प्याकेजको टेन्डर आह्वान गरेको हो।

बिपी राजमार्गको काभ्रेपलाञ्चोकको रोशीदेखि सिन्धुलीको नेपालथोकसम्मका विभिन्न ठाउँमा गरी १३ किलोमिटर क्षतिग्रस्त सडकलाई विभागले चार प्याकेजमा पुनर्निर्माण गर्दै छ। बुधबार पहिलो प्याकेजमा सिन्धुलीको नेपालथोकदेखि बार्खेखोलासम्मको खण्ड पुनर्निर्माणको ठेक्का आह्वान गरेको हो।

काभ्रेपलाञ्चोकमा पर्ने तीन प्याकेजको बोलपत्र पनि छिट्टै आह्वान गर्ने सडक विभागको संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौंका सुपरिन्टेन्डिड इन्जिनियर शुभराज न्यौपानेले जानकारी दिए। पहिलो प्याकेजमा टेन्डर पेस गर्ने कम्पनीले पछिल्लो १० वर्षमा कुनै तीन वर्ष वार्षिक न्यूनतम ५४ करोड ७६ लाख रुपैयाँबराबरको निर्माणसम्बन्धी कारोबार गरेको हुनुपर्नेछ।

अरुण तेस्रोको मुआब्जा वितरण सुरु

संखुवासभा/ एक साता रोकिएको अरुण तेस्रो जलविद्युत् आयोजना प्रवेशमार्गको मुआब्जा वितरण सुरु भएको छ। संखुवासभामा निर्माणाधीन नौ सय मेगावाट क्षमताको आयोजनाले प्रवेशमार्गको छुट मुआब्जाबापत जिल्ला प्रशासन कार्यालयको खातामा रकम पठाएपछि वितरण सुरु गरिएको हो। आयोजनाले ५३ करोड रुपैयाँ जिल्ला प्रशासनको खातामा जम्मा गरिसकेकाले वितरण कार्य सुरु गरिएको संखुवासभाका सहायक प्रमुख जिल्ला अधिकारी मोहनमणि घिमिरेले बताए। उनका अनुसार सुरुमा आयोजनाले ५३ करोड रुपैयाँ जिल्ला प्रशासनको खातामा जम्मा गर्ने र जग्गाधनीलाई वितरण गर्ने गरी १७ पुसदेखि काम सुरु गरिएको थियो। जसमध्ये पहिलो चरणमा २५ करोड मात्र उपलब्ध गराएकाले सो रकम ६० परिवारलाई वितरण गरिसकिएको छ। तर, आर्थिक अभाव भएको भन्दै आयोजनाले थप रकम खातामा नपठाएपछि दुई हप्तादेखि मुआब्जा वितरण रोकिएको थियो।

घिमिरेका अनुसार आयोजनाले पहिलोमा ६०, दोस्रोमा २२ र तेस्रो चरणमा १९ जनाको मुआब्जा रकम प्रशासनको खातामा पठाएको छ। कुल एक सय ३४ जना छुट जग्गा मुआब्जा पाउन बाँकी रहेकामध्ये अहिले एक सय ११ जनाको निवेदन प्राप्त भएको छ।

'दूरसञ्चार क्षेत्र संकटनजिक'

काठमाडौं/ नेपालको दूरसञ्चार क्षेत्र संकटनजिक पुगेकाले सरकारले सुरक्षा र संरक्षणका लागि विशेष जोड दिनुपर्ने सरोकारवालाले जनाएका छन्। नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले बुधबार काठमाडौंमा आयोजना गरेको 'रिभाइटलाइजिङ द टेलिकम इन्डस्ट्री' विषयक कार्यक्रममा दूरसञ्चारविज्ञ मनोहरकुमार भट्टराईले डिजिटल अर्थतन्त्र संवर्द्धनका लागि मोबाइल उद्योग आधारभूत माध्यम भएको बताए। पछिल्लो समय टेलिकम क्षेत्रको योगदान ३.६ प्रतिशतबाट १.८ प्रतिशतमा झरेको तथ्यांक उनले प्रस्तुत गरे।

निजी क्षेत्रको दूरसञ्चार सेवाप्रदायक एनसेलका प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध निर्देशक जाब्बोर कायुमोभले नेपालको दूरसञ्चार क्षेत्र ठूलो संकटको नजिक आइपुगेको भन्दै सबै सचेत हुनुपर्ने अपिल गरे। उनले सन् २०२५ भित्रै एनसेलले थ्रिजी सेवा बन्द गर्ने तयारी गरिरहेको र यसका लागि सरकारले भिओएलटिई प्रविधि नचल्ने फोनको आयातमा कडाइ गर्नुपर्ने बताए। कार्यक्रममा नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष भूपेन्द्र भण्डारीले देशभर फोरजीको कभरेज शतप्रतिशत नपुगेको अवस्थामा त्यसलाई वर्ष दिनभित्र पूरा गर्ने बताए।

कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले दूरसञ्चार क्षेत्रलाई व्यवस्थित र चुनौतीबाट पार लगाउन आवश्यक रहेको बताए। मन्त्री गुरुङले दूरसञ्चार अपरेटरलाई नयाँ शैलीसहित काम गर्न सुझाव दिए। घट्दो आम्दानीको समस्या समाधान गर्न टेलिकम कम्पनीहरूमा नयाँ शैली आवश्यक रहेको औंल्याउँदै मन्त्री गुरुङले कानुन सुधारमा सरकार गम्भीर रहेको बताए।

ग्लोबलबाट भाषा परीक्षा शुल्क तिर्दा ५०% छुट

काठमाडौं/ ग्लोबल आइएमई बैंक लिमिटेडले वैदेशिक शिक्षा तथा भाषा परीक्षाका लागि लाग्ने विभिन्न शुल्कको अनलाइन भुक्तानी गर्दा लाग्ने सेवाशुल्कमा ५० प्रतिशत छुट दिने भएको छ। बैंकले सार्वजनिक गरेको योजनाअनुसार विद्यार्थीले अन्तर्राष्ट्रिय विश्वविद्यालयको शैक्षिक शुल्क, बिमा शुल्कलगायतमा उक्त छुट पाइने भएको हो। त्यसैगरी, भाषा परीक्षाअन्तर्गत आयल्स, टोफेल, स्याट, जिम्याट, पिटिई, एसिटीलगायतको शुल्क अनलाइनमार्फत भुक्तानी गर्दा ५० प्रतिशत छुट पाइने बैंकले जनाएको छ। यो योजना १५ भदौ ०८२ सम्म लागू हुनेछ।
अन्तर्राष्ट्रिय भुक्तानी सेवामा सेवाग्राहीले आवश्यक कागजात पेश गरेपपछि बैंकले ५० प्रतिशत छुट दिनेछ।

मुक्तिनाथ विकास बैंकको वित्तीय साक्षरता कार्यक्रम

काठमाडौं/ मुक्तिनाथ विकास बैंकले सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत फागुनमा सातै प्रदेशका विभिन्न स्थानमा बृहत् वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रम कृषक, उद्यमी, महिला तथा युवालाई लक्षित गरी आयोजना गरिएको बैंकले जनाएको छ। कार्यक्रममा व्यावसायिक योजनाको तयारी, बजारीकरणको सम्भावना, बजार व्यवस्थापनका रणनीति, व्यक्तिगत तथा पारिवारिक बजेटका विषय समेटिएका थिए। त्यसैगरी, आम्दानी र खर्चको सन्तुलन, नगद प्रवाह, बचत परिचालन, कर्जा परिचालन, बिमा, विप्रेषण, डिजिटल बैंकिङ सेवा, डिजिटल माध्यमबाट हुन सक्ने रकम अपचलन, ग्राहकको अधिकारलगायतका विषय पनि वित्तीय साक्षरता कार्यक्रका विषयवस्तु थिए।
सहभागी व्यक्तिले यस्ता जनचेतनामूलक कार्यक्रमले भएका द्विविधा हट्ने र भविष्यमा आइपर्ने जोखिमलाई समयमा नै व्यवस्थापन गर्न सहजीकरण हुने धारणा व्यक्त गरेका थिए। बैंकले विगतदेखि नै यस्ता खालका कार्यक्रम सञ्चालन गर्दै आएको र भविष्यमा पनि निरन्तरता दिने बताएको छ।

महासंघ कोषाध्यक्षमा आचार्य मनोनीत



काठमाडौं/ नेपाल उद्योग वाणिज्य महासंघको कोषाध्यक्ष पदमा भरतराज आचार्य मनोनीत भएका छन्। महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले बुधबार आचार्यलाई कोषाध्यक्षमा मनोनयन गरेका हुन्। महासंघ कोषाध्यक्षमा निरक केसीको १८ महिने कार्यकाल सकिएपछि पद रिक्त थियो। अब कोषाध्यक्षको बाँकी कार्यकाल आचार्यले सम्हाल्ने महासंघले जनाएको छ।

नवनियुक्त कोषाध्यक्ष आचार्यले महासंघको उद्योग समिति सभापति, रोजगारदाता परिषद्को सहसभापति तथा स्थायी समिति सदस्य भई कार्यसम्पादन गरिसकेको अनुभव छ। एक दशकभन्दा लामो समयदेखि महासंघमा विभिन्न भूमिकाबाट आबद्ध उनी उत्पादनमूलक तथा प्रविधिजन्य औद्योगिक प्रतिष्ठानमा आबद्ध छन्।

सिद्धार्थ र मनिपाल टेक्नोलोजिजबिच सम्झौता

काठमाडौं/ सिद्धार्थ बैंक र मनिपाल टेक्नोलोजिज लिमिटेडबिच सम्झौता भएको छ। ग्राहकको वित्तीय सुरक्षालाई ध्यान दिँदै बैंकको वित्तीय प्रणालीलाई थप स्थिर र सुरक्षित बनाउन उक्त सम्झौता गरिएको बताइएको छ।

यो सम्झौताले सम्पत्ति शुद्धीकरण (एन्टी मनी लाउन्डरिङ) प्रविधिको सुदृढीकरण हुने र वित्तीय अपराधको जोखिमलाई न्यूनीकरण गर्ने प्रतिबद्धतामा सघाउ पुग्ने विश्वास बैंकले लिएको छ।

बैंकका अनुसार यस सोलुसनले बैंकलाई कृत्रिम बुद्धिमत्ता (एआई) र मेसिन लर्निङको प्रयोग गरी कारोबार अनुगमन, ठगी नियन्त्रण तथा ग्राहक पहिचान गर्न सक्षम बनाउनेछ। मनिपाल टेक्नोलोजिजसँगको सहकार्यमा सम्पत्ति शुद्धीकरण न्यूनीकरण प्रणालीलाई अन्तर्राष्ट्रियस्तरको बनाइने र बैंकिङ उद्योगमा नयाँ मापदण्ड स्थापित हुने अपेक्षासमेत गरिएको छ।

सिटिजन्सका ग्राहकलाई जननी क्लिनिकमा छुट



काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र कुपन्डोल, ललितपुरस्थित जननी फर्टिलिटी क्लिनिकबिच छुटसम्बन्धी समझदारी भएको छ। समझदारीपश्चात् बैंकका ग्राहकले जननी फर्टिलिटीमा छुट पाउने भएका छन्। जसअन्तर्गत औषधिमा ५, प्याथोलोजी टेस्टमा १० र डाक्टर परामर्शमा ५० प्रतिशतसम्म छुट पाउने भएका हुन्।

यस्ता सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ। बैंकले डिजिटल बैंकिङ माध्यमको प्रयोग बढाउन र ग्राहकलाई डिजिटल माध्यमबाट भुक्तानीमा प्रोत्साहित गर्न ग्राहकमैत्री सुविधा सञ्चालनमा ल्याइरहेको जनाएको छ।

भुलसुधार

डिभिजन वन कार्यालय भेरीको मिति २०८१/११/२८ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र सूचना नं DFOB/Surkhet/Works/NCB-02/2082/82 को सूचनामा प्रथम पटक प्रकाशित मिति २०८१/११/२७ हुनुपर्नेमा अन्यथा भएकोले संसोधन गरिएको छ।

RATE OF INTEREST

(with effect from 14th March, 2025)

SAVINGS DEPOSITS (NPR)	% per annum
Basic Savings	3.00
Payroll Savings	4.00
Premium Savings	5.00
Remittance Savings	6.00

Term Deposits (NPR) - % per annum	Institutions	Personal	Personal-Remittance
3 months - Below 6 months	-	4.00	5.00
6 months - Below 1 year	3.00	4.50	5.50
1 year - Below 2 years	3.50	5.00	6.00
2 years - Below 5 years	4.00	5.50	6.50
5 years and above	4.50	5.75	6.75
Recurring Deposits (upto 5 years)	-	5.50	-

FCY DEPOSITS - % per annum	Savings	Individual Term	Institutional Term
USD Saving Deposits	3.00	-	-
USD Term Deposits			
Below 1 year	-	4.25	3.25
1 year - Below 2 years	-	4.50	3.50
2 years and above	-	4.75	3.75
EUR Deposits	2.00	3.00	2.00
GBP Deposits	2.50	3.00	2.00
AUD Deposits	2.00	3.00	2.00

LOANS AND ADVANCES (NPR)

Premium rates on Loan and Advances (NPR) remains unchanged and is available in our bank website.

Fixed Rate for Home Loans, Home Equity Loans, Education Loans, Auto Loans, Personal Loans and Term Loans for upto 15 years will be 8.49% - 11.99%

Note:
* Interest rate on Call & Saving accounts will be calculated on daily basis and paid quarterly. Interest rate on Fixed deposit can be paid monthly.
* Interest rates on Call accounts are negotiable (Maximum up to 50% of lowest saving rate of respective currency) and subject to change based on market conditions. Please contact any of our branch for details.
* Average Base Rate (Mangshir, Poush, Magh 2081) is 7.13%.
* LCY Spread Rate for Magh 2081 is 3.88%.

* Conditions Apply

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ५९७०६८४/४२१७०७०
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.
Durbarmarg, Tel: 4328229, 4342530
E-mail: info@nimb.com.np
website: www.nimb.com.np
Customer Support Tel No: 4541110/4540564. ext. 131
Toll Free No: 1660-01-00070

INTEREST RATES ON DEPOSITS AND LOANS & ADVANCES

Effective from 14th March, 2025 (1st Chaitra 2081)

Deposit Interest Rates

a. NPR Fixed Deposits

Particulars		Interest Rate p.a.
Individual Fixed Deposit	3 Months to 6 Months	4.25%
	Above 6 Months to 1 Year	5.00%
	Above 1 Year to 2 Years	6.00%
	Above 2 Years	6.50%
Remittance Fixed Deposit	1 Year	6.00%
	Above 1 Year to 2 Years	7.00%
	Above 2 Years	7.50%
Institutional Deposit	6 Months to 1 Year	3.15%
	Above 1 Year to 2 Years	3.85%
	Above 2 Years to 3 Years	4.55%
	Above 3 Years	5.10%

b. FCY Fixed Deposits

Particulars	Interest Rate p.a.
FCY Fixed Deposit (USD)	4.00%
FCY Fixed Deposit Others	2.50%

c. Saving Deposits

Particulars	Interest Rate p.a.
NPR Saving Deposit	3.00%-5.00%
NPR Call Account	Up to 1.50%
FCY Others Saving	1.50%
USD Saving	3.00%
USD Call Account	Up to 1.50%
FCY Others Call Account	Up to 0.75%

Lending Interest Rates

Premium rates on Loans and Advances shall remain same for the month of Chaitra 2081 as published in previous month and is available in Bank's website. The gap of interest rate on loan and advances of same nature shall be maintained as per regulatory requirements.

Notes:

- Tenure of Individual Fixed Deposit should be minimum of 3 months and interest shall be provided on quarterly basis.
- Tenure of Institutional Fixed Deposit should be minimum of 6 months.
- Additional 1% on higher rate of normal saving deposit shall be provided for Remittance Saving deposits.
- Interest Rate for Akshyakosh shall be decided as per mutual consent between Bank and the client.
- Interest rate on Remittance Fixed Deposit including renewal shall be applicable only for funds received from abroad with legitimate source.
- Interest rate on loans and advances shall be average base rate plus applicable premium rate.
- Interest rate as per special agreement shall be applicable till the expiry of such agreement.
- Penal interest of 2% p.a. shall be applied on the expired/overdue loan.
- Rate on consortium financing shall be as decided by the consortium meeting. However, rate shall not be less than base rate of the Bank.
- Agriculture and Livestock, Energy and MSME sectors as per NRB directive shall be considered as Specified Productive Sector Lending.
- Other terms and conditions including features of the products have been mentioned in Bank's website:- www.nimb.com.np.

INTEREST RATES

Following rates on lending and deposit products shall be applicable from
14th March 2025 (1st Chaitra 2081)

LCY DEPOSITS		Interest Rates (% p.a.)	LCY DEPOSITS		Interest Rates (% p.a.)
A.	**Savings Deposit:**			**Savings Deposit:**	
	Nabil General Savings Account	3.00		Nabil Gen Alpha Account	3.00
	Nabil Premium Nari Bachat Khata	3.00		Nabil Digo Bachat Khata	3.00
	Nabil Corporate Staff Savings Account	3.00		Nabil Shareholders Savings Account	3.50
	Nabil Jestha Bachat Khata	3.00		Nabil Premium Payroll Savings Account	3.50
	Nabil Bal Bachat Khata	3.00		Corporate Premium Savings	4.00
	Nabil Karmashil Bachat Khata	3.00		Nabil Gold Savings Account	5.00
	Nabil Social Security Savings Account	3.00		Corporate Super Savings	5.00
	Nabil Gen N Account	3.00		Nabil Gold Payroll Savings	5.00
	Nabil Sahuliyat Khata	3.00		Nabil Dhukka Bachat Khata	5.00
	Corporate General Savings	3.00		Nabil Premium Remittance Savings Account	6.00

B.	Fixed Deposit:		
	Individual	**Normal**	**Remittance**
	3 months to 1 year	5.00	6.00
	Above 1 to 2 years	5.25	6.25
	Above 2 to 5 years	5.50	6.50
	Above 5 years	5.75	6.75
	- Cumulative Fixed Deposit (1 Year)	5.00	
	Institutional		
	6 months to 1 year	3.00	
	Above 1 to 2 years	3.25	
	Above 2 to 5 years	3.75	
	Above 5 years	4.25	
	Nabil Akshaya Kosh Muddati	**Negotiable**	
C.	**Call Deposit:**	**upto 1.50**	

FCY DEPOSIT

Currency	Saving Deposit			Interest Rate (% per annum)
USD	USD Saving	Nabil USD Special Savings A/c	Nabil USD Elite Savings A/c	
	1.5	1.75	2.75	
	Fixed Deposits**			
	3 to 6 months			3.5
	Above 6 to 12 months			3.25
	Above 12 months			3
	Call Deposits			Up to 0.75

Currency	Deposit	Interest Rate (% per annum)	Currency	Deposit	Interest Rate (% per annum)
GBP	Saving Deposit	1.5	JPY	Saving Deposit	0.10
	Fixed Deposits**	2		Fixed Deposits**	0.50
	Call Deposits	up to 0.75		Call Deposits	up to 0.05
EUR	Saving Deposit	0.25	AUD	Saving Deposit	0.10
	Fixed Deposits**	0.5		Fixed Deposits**	0.50
	Call Deposits	up to 0.12		Call Deposits	up to 0.05

** Minimum tenor for Individual Fixed Deposit is 3 months and Institutional Fixed Deposit is 6 months

NRN Fixed Deposit (Minimum Balance USD 1,000.00 or equivalent & minimum Tenor 1 year)

Currency	USD	GBP	AUD
Interest Rate (% per annum)	4.50	3.00	3.00

LCY LOANS		Premium over base rate (% p.a.)	
A.	**Business Loan**		
	1. Directed Sector	**Prime**	**Standard**
	Energy	0.25-2.25	1.50-2.25
	Loans to the specified sector as per NRB Directive (up to NPR 20 million)	1.00-2.00	
	Agriculture (except specified sector as per NRB Directive)	0.25-2.25	1.00-2.25
	SME loan up to NPR 20 Million (except specified sector as per NRB Directives)	1.00-2.50	2.00-3.00
	2. Deprived Sector		
	Institutional Deprived Sector (MF-DSL)	0.00-2.00	
	Direct Deprived Sector Lending (DDSL)	1.00-2.00	
	Loan to Specified Sector as per NRB directives	1.00-2.00	
	DDSL Auto Loan	1.50-3.00	2.00-3.50
	Low Cost Housing	1.50-3.00	2.00-3.50
	Other DDSL Products	1.50-3.00	2.00-3.50
	3. Interest Subsidized Loan as per NRB	1.00-2.00	
	4. Export Finance		
	a. Corporate	1.00-3.00	2.00-3.00
	b. SME	1.00-3.00	1.50-3.00
	5. Term Loan		
	a. Corporate	1.00-3.00	2.00-3.00
	b. SME	1.75-3.50	2.00-3.75
	c. Contractor Business	1.50-3.50	2.00-3.50
	d. Hospitality Business	0.75-2.75	1.75-2.75
	6. Working Capital Loans		
	I. Cash Credit/Demand Loan/ Overdraft		
	a. Corporate	1.00-3.00	2.00-3.00
	b. SME	1.50-3.50	2.00-3.50
	c. Contractor Business	1.50-3.50	2.50-3.50
	II. TR/Import Loans		
	a. Corporate	0.50-2.50	1.75-2.50
	b. SME	1.50-3.50	2.00-3.50
	c. Contractor Business	1.50-3.50	2.50-3.50

B.	RETAIL LOAN	
	1. Sustainable Housing Loan	**1.00-2.75**
	2. Affordable Housing Loan	**0.75**
	3. Housing Loan	**1.25-3.00**
	4. Mortgage loan	
	Upto NPR 25 million	**1.25-3.25**
	Above NPR 25 million	**1.50-3.50**
	5. Auto	
	i. Private	**2.00-4.00**
	ii. Commercial	**3.00-4.00**
	iii. Tractor	**3.00-4.00**
	iv. Electric Vehicle	
	a. Private	**1.00-3.00**
	b. Commercial	**3.00-4.00**
	6. Education	**2.00-4.00**
	7. Personal Overdraft	**2.50-4.00**
	8. Corporate Employee Loan	**0.00-2.00**
	9. Nabil Personal Loan/OD for Employee	**3.50-4.00**
	10. Gold Loan	**2.00-4.00**
	11. Nabil Fone Loan	**4.5**
	12. # Fixed Rate Education loan	**11.99%**

LCY LOANS			
A.	**Business Loan**	Premium over base rate (% p.a.)	
	III. Working Capital Term Loan		
	a. Corporate	1.00-3.00	2.00-3.00
	b. SME	1.75-3.50	2.00-3.75
	c. Contractor Business	1.75-3.75	2.50-3.75
	IV. Short Term Loan (STL)		
	a. Corporate	0.50-2.50	1.75-2.50
	b. SME	1.50-3.50	2.00-3.50
	c. Contractor Business	1.75-3.75	2.50-3.75
	V. Structured Short Term Loan/ Time Loan		
	a. Corporate	0.10-2.10	1.10-2.10
	b. SME	1.50-3.50	2.00-3.50
	c. Contractor Business	1.75-3.75	2.50-3.75
	7. Bills Purchase/Documentary Negotiation	0.75-2.75	1.25-2.75
	8. Institutional Auto Loan	1.50-3.50	2.50-3.50
	9. Equity Mortgage Loan	1.50-3.50	2.50-3.50
	10. Channel Financing	1.50-3.50	1.75-3.50
	11. Nabil Sakchhyam Karja	1.50-3.50	1.75-3.50
	12. Nabil Nari Karja	1.50-3.50	1.75-3.50
	13. Nabil Sajilo Karja	1.50-3.50	1.75-3.50
	14. Nabil Sajilo Express Karja	1.50-3.50	1.75-3.50
	15. Nabil Kishan Karja	0.00-2.00	0.00-2.00
	16. Nabil Udhyamshil Karja	1.50-3.50	1.75-3.50
	17. Nabil Skill Migrant Entrepreneurship Loan		1.50-3.50
	18. # Fixed rate Business Term Loans other than Auto Loan		
	Up to 5 Years	11.00%	11.25%
	Above 5 to 10 Years	11.25%	11.50%
	Above 10 Years	11.50%	11.75%
	19. # Fixed rate Business Term Loans For Vehicle Financing		
	Up to 5 Years	9.99%	9.99%
	Above 5 to 7 Years	10.49%	10.49%

B.	RETAIL LOAN	
	13. # Fixed rate Retail Loan Products	
	a) Up to 5 years	
	Mortgage Loan upto NPR 25 million	**8.49%**
	Mortgage Loan above NPR 25 million	**10.99%**
	Other Retail loans	**11.99%**
	Auto Loans	**9.99%**
	Auto Loans Commercial	**12.00%**
	b) Above 5 years to 7 years	
	Auto Loans	**10.49%**
	c) Above 5 years to 10 years	
	Mortgage Loan upto NPR 25 million	**9.99%**
	Mortgage Loan above NPR 25 million	**11.49%**
	d) Above 10 years to 15 years	
	Mortgage Loan upto NPR 25 million	**10.49%**
	Mortgage Loan above NPR 25 million	**11.99%**
	e) Nabil Dhukka Ghar Karja	
	i. Fixed for 7 years	**8.99%**
	ii. Fixed for 10 years	**9.49%**

C.	Loan Against	
	1. Fixed Deposit (Nabil Bank)*	**0.50-2.00**
	2. Fixed Deposit (Other banks)*	**0.50-2.00**
	3. 1st Class Bank Guarantee	**2.00-4.00**
	4. Other Bank's Guarantee	**2.00-4.00**
	5. Govt. Securities	**2.00-4.00**
	6. LCY Loan Against FCY Deposit	**2.00-4.00**
	7. Loan Against Shares	
	Upto 50 Lakh	**1.00-2.75**
	Above 50 Lakh	**1.00-3.00**
	* **Coupon rate plus premium upto 2.00% or Base Rate whichever is higher.**	
	# Rates are all-in-rates (Base rate plus premium)	
	Average Base Rate applicable for Falgun 2081 (Last 3 months' average)	**6.17%**
	LCY Interest Spread rate for the month of Magh 2081	**3.82%**

Notes:
1. The effective applicable loan interest rate shall be automatically revised with effect from the 1st day of every month based on the change in the immediate last three months (Bikram Sambat Calendar) average base rate as published by the Bank periodically.
2. Interest rates on consortium loans shall be as decided by consortium meetings.
3. Penal interest shall be charged at 2% above the agreed/applied premium over base rate on all overdue/expired loans.
4. Interest rate on foreign currency loans shall be determined on deal to deal basis as per market movements subject to applicable NRB guidelines.
5. Interest rates on loans against NRB refinance shall be as per applicable NRB guidelines.
6. Call deposit interest rate shall be as per agreement subject to applicable NRB guidelines.
7. Interest rate concession shall be provided to the specified sector under normal Deprived Sector Loan in line with NRB Directive.
8. Bank shall comply applicable NRB circular/regulation while determining interest rate on Loan Products.
9. For Loan against Institutional deposit to their staffs/associates, premium will be up to 2% on prevailing base rate.
10. In case Bank provides discount on Base Rate for the month; Applicable Base Rate can be lower than that of published Base Rate.
11. For organizations having co-service agreement, institutional FD rate of Above 5 years shall be applied.

NABIL BANK®
Head Office, Durbarmarg, Kathmandu | Phone No.01-5971871

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७७

५२ क्रिकेट खेलाडीसँग क्यानको पारिश्रमिकसम्बन्धी सम्झौता

३३ पुरुष र १९ महिला खेलाडीलाई क्यानले केन्द्रीय सम्झौतामा समेटेको छ



फाइल तस्बिर

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

नेपाल क्रिकेट संघ (क्यान)ले बुधबार नेपाली राष्ट्रिय पुरुष तथा महिला खेलाडीको नयाँ ग्रेड सार्वजनिक गरेको छ। क्यानले दुवैतर्फका खेलाडीको केन्द्रीय सम्झौता गर्दा धेरै परिवर्तन गरेको छैन। पुरुष र महिलामा गरी समग्रमा ५२ खेलाडीलाई समेटिएको छ। सम्झौतामा ३३ पुरुष र महिलातर्फ १९ खेलाडी छन्। नयाँ ग्रेड्डिमा खेलाडीको पारिश्रमिक बढाइएको छैन।

क्यानले ग्रेडिङ प्रणाली २०२५ को सुरुको ६ महिनाका लागि लागू हुने जनाएको छ। जनवरीदेखि जुनसम्म सम्झौता अवधि रहेको छ। त्यसपछि जुलाईदेखि डिसेम्बरसम्मको नयाँ ग्रेड सार्वजनिक हुनेछ। घरेलु तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा गरेको प्रदर्शनका आधारमा पुनः मूल्यांकन गरिनेछ। प्रदर्शनका आधारमा खेलाडीको ग्रेडिङसमेत परिवर्तन हुन सक्छ।

पुरुषतर्फको ग्रेड 'ए'मा रहेका खेलाडीले मासिक एक लाख र महिलातर्फ ग्रेड 'ए'मा रहेकाले ५० हजार रुपैयाँ पारिश्रमिक पाउनेछन्। यसपटकको पुरुषतर्फको 'ए' ग्रेडबाट कुशल भुर्तेल र करण केसी बाहिरिएका छन्। दुवै खेलाडी 'बी'मा घटुवा भएका छन्। अनिल शाह 'बी' ग्रेडमा उक्लेका छन्। पछिल्लो सम्झौतामा उनी 'सी' ग्रेडमा थिए। अन्तर्राष्ट्रिय खेलमा गतिलो प्रदर्शन गर्न नसकेका फास्ट बलर अविनाश बोहरा ग्रेड 'बी'बाट 'डी'मा झरेका छन्।

विनोद र अर्जुन अटेनन्

सिजनमा अन्तर्राष्ट्रिय खेलमा अलराउन्ड प्रदर्शन गर्न चुकेका कुशल मल्ल पनि घटुवा भएका छन्। उनी यसपटक 'सी' ग्रेडमा पुगेका छन्। पछिल्लो सम्झौतामा उनी 'बी'मा थिए। गत वर्ष 'सी' ग्रेडमा रहेका विनोद भण्डारी र अर्जुन साउद भने यसपटक बाहिरिएका छन्। प्रतिश जिसी 'सी'बाट 'डी'मा झरेका छन्। सम्झौताबाट बाहिरिने खेलाडीमा पवन सर्राफ पनि रहे। उनी गत वर्षको सम्झौताको 'डी' ग्रेडमा थिए। क्यानले युवा खेलाडी लोकेश बम र मयन यादवलाई पहिलोपटक ग्रेड्डिङ दिएको छ।

यसैगरी इमर्जिङ क्याटेगोरीमा अर्जुन कुमाल, शुभ कंसाकार र सन्तोष यादवले स्थान बनाएका छन्। अघिल्लो सम्झौताको इमर्जिङमा रहेका सुदूरपश्चिमका विपिन खत्री यसपटक बाहिरिए।

पुरुष खेलाडी

ग्रेड 'ए' (मासिक पारिश्रमिक एक लाख)

रोहितकुमार पौडेल, दीपेन्द्रसिंह ऐरी, सन्दीप लामिछाने, सोमपाल कामी र आशिफ शेख

ग्रेड 'बी' (मासिक पारिश्रमिक ७० हजार)

कुशल भुर्तेल, गुल्सनकुमार झा, करण केसी, ललितनारायण राजवंशी र अनिलकुमार साह

ग्रेड 'सी' (मासिक पारिश्रमिक ५५ हजार)

सन्दीप जोरा, आरिफ शेख, भीम सार्की र कुशल मल्ल

ग्रेड 'डी' (मासिक पारिश्रमिक ३५ हजार)

सागर ढकाल, लोकेशबहादुर बम, साहव आलम, आकाश चन्द, विवेककुमार यादव, सूर्य तामाङ, रिजन ढकाल, देव खनाल, बसिर अहमद, प्रतिश जिसी, अविनाश बोहरा र मयन यादव

इमर्जिङ (मासिक पारिश्रमिक २५ हजार)

दीपेशप्रसाद कँडेल (कोशी), रूपेशकुमार सिंह (मधेश), शुभ कंसाकार (बागमती), अर्जुन कुमाल (गण्डकी), सन्तोष यादव (लुम्बिनी), अर्जुन घर्ती (कर्णाली) र हेमन्त धामी (सुदूरपश्चिम)

महिला खेलाडी

ग्रेड 'ए' (मासिक पारिश्रमिक ५० हजार)

इन्दु बर्मा, पूजा महतो, रुविना क्षेत्री र सीता रानामगर

ग्रेड 'बी' (मासिक पारिश्रमिक ३५ हजार)

कविता जोशी

ग्रेड 'सी' (मासिक पारिश्रमिक २५ हजार)

कविता कुँवर र सम्झनाकुमारी खड्का

ग्रेड 'डी' (मासिक पारिश्रमिक २० हजार)

विन्दु रावल, अलिसाकुमारी यादव, मनीषाकुमारी उपाध्याय, सना प्रवीण, रिया शर्मा, सिमाना केसी, कृष्मा गुरुङ, सावित्री धामी, रोमा थापा, ईश्वरी विष्ट, ज्योत्सनिका मरासिनी र रचनाकुमारी चौधरी

■ चारदेशीय टी-२० सिरिज

नेपालको फाइनल पुग्ने सम्भावना कमजोर

चार खेलमा २ अंक जोडेको नेपाल तालिकाको पुछारमा



काठमाडौं/ युगान्डामा चलिरहेको चारदेशीय टी-२० क्रिकेट प्रतियोगितामा नेपाली महिला राष्ट्रिय टोलीको फाइनल पुग्ने सम्भावना कमजोर बनेको छ। सिरिजअन्तर्गत बुधबारदेखि सुरु डबल राउन्डको प्रतिस्पर्धामा नामिबियासँग नेपाल २३ रनले पराजित भयो। सिरिजमा नेपालको यो तेस्रो हार हो। नामिबियाले नेपाललाई दुईपटक नै हरायो। चार खेलमा नेपालले एक मात्र जित निकालेको छ। २ अंकका साथ नेपाल चौथो स्थानमा छ। पहिलो चरणमा नेपालले युगान्डामाथि सनसनी रूपमा एक विकेटको जित निकालेको थियो।

नामिबियाले नेपालविरुद्ध आफ्नो दोस्रो भेटमा २० ओभरमा आठ विकेटको क्षतिमा १२५ रनको योगफल खडा गऱ्यो। प्रत्युत्तरमा नेपालले २० ओभरमा पाँच विकेटको क्षतिमा १०२ रन मात्र बनाएको थियो। प्रतिस्पर्धामा कप्तान इन्दु बर्मा टी-२० आईमा नेपालबाट धेरै क्याच लिने फिल्डर बनेकी छिन्। उनले पूर्वकप्तान रुविना क्षेत्रीको नाममा रहेको २३ सर्वाधिक क्याचको रेकर्ड तोडेकी हुन्। इन्दुले आफ्नो नाममा सर्वाधिक २४ क्याच लेखाएकी छिन्।

फेरि पनि फितलो ब्याटिङ

नामिबियाविरुद्ध १२५ रन पछ्याएको नेपालले इनिङ्सको २.३ ओभरमा ओपनर सम्झना खड्कालाई गुमाएको थियो। यू-१९ टोलीकी कप्तान पूजा महतो र सना प्रवीणले दोस्रो विकेटका लागि २५ रनको साझेदारी गरेकी थिइन्। इनिङ्सको ६.४ ओभरमा पूजाले आफ्नो विकेट गुमाइन्। उनले १४ बलमा दुई चौकाको सहयोगमा १५ रन जोडिन्। कप्तान इन्दुले सनासँग तेस्रो विकेटका लागि २९ रनको साझेदारी गरेकी थिइन्। इन्दुले १५ बलमा एक चौकाको सहयोगमा १५ रन बनाइन्। मध्यक्रममा पूर्वकप्तान रुविनाले १६ बलमा ७ रन बनाउँदा नेपाल रनरेटमा पछि पऱ्यो।

कविता जोशीले नामिबियाविरुद्ध १९ बलमा १७ रन बनाइन्। सना १४.१ ओभरमा आउट भइन्। उनले ३७ बलमा एक चौकाको महतमा ३१ रनको योगदान दिइन्। नामिबियाविरुद्ध ईश्वरी विष्टले तीन विकेट लिइन्।

अंक तालिका

टोली	खेल	जित	हार	अंक	रनरेट
नामिबिया	४	२	२	४	०.२४
युगान्डा	३	२	१	४	०.२४
हङकङ	३	२	१	४	- ०.१३
नेपाल	४	१	३	२	- ०.३३

कोशीविरुद्ध कुशलको अलराउन्ड प्रदर्शन

नयाँ पत्रिका

कुशल भुर्तेलले अलराउन्ड प्रदर्शन गरेपछि नेपाल पुलिस क्लबले प्रधानमन्त्री (पिएम) कप क्रिकेट प्रतियोगितामा कोशी प्रदेशलाई १५४ रनको फराकिलो अन्तरले पराजित गरेको छ। कुशलले ब्याटिङमा ६५ रन तथा बलिङमा दुई विकेट लिएका थिए। लगातार दुई जित निकालेको पुलिस तालिकाको दोस्रो स्थानमा छ। त्रिभुवन आर्मीले पनि दुई जित हात पारेको छ। रनरेटका आधारमा आर्मी शीर्ष स्थानमा छ। लगातार तीन खेल हारेको कोशी पुछारमा छ। बागमती प्रदेशले दुई खेल गुमाएको छ।

भैरहवाको मैदानमा बुधबार पहिलो ब्याटिङ गरेको पुलिसले ५० ओभरमा आठ विकेट गुमाएर २८८ रन बनाएको थियो। प्रत्युत्तरमा कोशीले ३६.२ ओभरमा सबै विकेटको क्षतिमा १३४ रन मात्र जोडेको थियो। कोशीविरुद्ध करण केसीले आठ ओभरमा २९ रन दिँदै तीन विकेट लिए। ललित राजवंशीले सात ओभरमा १० रन खर्चदै दुई विकेट लिए। खेलकै म्यान अफ दी म्याच कुशलले १.२ ओभरमा एक मेडन राखी दुई विकेट हात पारे।

नाम चलेका ब्याट्सम्यान टिके



राष्ट्रिय खेलाडीले भरिएको पुलिसले पहिलो ब्याटिङ गरेको थियो। अनुभवी खेलाडीले टोलीलाई ब्याटिङमा निराश बनाएनन्। ओपनर अर्जुन साउद र कुशलबिच पहिलो विकेटका लागि १३.१ ओभरमा ६९ रनको साझेदारी भयो। अर्जुनले ४८ बलमा चार चौका र एक छक्का प्रहार गरी ३८ रन जोडेका थिए। पुलिसले चौथो विकेटका रूपमा कुशललाई गुमाएको थियो। उनले कप्तान दीपेन्द्रसिंह ऐरीसँग चौथो विकेटका लागि ५६ रन जोडेका थिए। कुशलले ७८ बलमा समान दुई चौका र छक्का प्रहार गरे।

यसैगरी, कप्तान दीपेन्द्रले ३९ बलमा ३२ रन बनाए। दिलीप नाथले ६४ बलमा चार चौका र एक छक्काको सहयोगमा ६१ तथा रासिद खानले २५ बलमा पाँच चौका र एक छक्काको महतमा ३८ रनको योगदान दिए। कोशीको कमजोर ब्याटिङमा कप्तान अंकित सुवेदीले २१ तथा सूर्य थपलियाले ५२ बलमा ३३ रन बटुले। पुलिसका बलरले समग्रमा सात मेडन ओभर फ्याँकेका थिए।

आर्मी आठ विकेटले विजयी

प्रतियोगिताअन्तर्गतको नवौं खेलमा आर्मीले सुदूरपश्चिमलाई आठ विकेटले हराएको छ। सिद्धार्थनगर मैदानमा पहिलो ब्याटिङ गरेको सुदूरपश्चिम ४५.३ ओभरमा ११७ रनमा समेटियो। प्रत्युत्तरमा आर्मीले २३.५ ओभरमा दुई विकेटको नोक्सानीमा ११९ रन जोड्यो। आर्मीको जितमा सहाव आलमले घातक बलिङ गरेका थिए। उनले १९ रन खर्चेर सुदूरपश्चिमका चार विकेट लिए। सुदूरपश्चिमका निश्चल क्षेत्रीले १२१ बलमा ४९ रन जोडेका थिए। प्रत्युत्तरमा आर्मीका लागि सन्तोष कार्कीले ६३ बलमा १० चौकाको सहयोगमा ५५ रनको योगदान दिए। कप्तान विनोद भण्डारीले नटआउट २० रन जोड्न दुई चौका र एक छक्का प्रहार गरे।

खेल संक्षेप

मञ्जुश्री ट्रेल रेस आजदेखि

काठमाडौं/ पाँचौं मञ्जुश्री ट्रेल रेस १ देखि ३ चैतसम्म हुने भएको छ। रेसमा ३७१ नेपाली र १३१ विदेशी गरी ५०२ जनाको सहभागिता रहने आयोजकले जनाएको छ। पुरुषमा ४०८ र महिलामा ९४ जनाले प्रतिस्पर्धा गर्नेछन्। रेसमा सय माइल्स, सय किमि, ५० किमि, ३० किमि र दश किमि इभेन्टमा दौड हुनेछन्। सय माइल्स स्वयम्भूस्थित सिंगल ट्रीबाट सुरु भई सोही स्थानमा आएर सकिनेछ। रेस एसिया ट्रेल मास्टर्सको छनोट पनि हो। विजेताले भियतनाममा हुने एसिया ट्रेल मास्टर्समा सहभागी हुने अवसर पाउनेछन्। सन् २०२३ मा रसिला तामाङ र २०२४ मा प्रिया राईले एसिया ट्रेल मास्टर्सको उपाधि जितेका थिए।

बाँसबारीलाई प्रुडेन्सियलको साथ

काठमाडौं/ सहिद स्मारक 'बी' डिभिजन लिगमा प्रतिस्पर्धा गरिरहेको बाँसबारीले आइजआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेडलाई मुख्य प्रायोजकका रूपमा भित्र्याएको छ। क्लबका अध्यक्ष प्रेम थापाका अनुसार प्रुडेन्सियलले मुख्य प्रायोजनस्वरूप १० लाख रुपैयाँ दिने सम्झौता गरेको छ। क्लबले सात लाख र तीन लाखबराबरको खेल सामग्री पाउनेछ। काठमाडौं महानगरपालिका- ३ का अध्यक्षसमेत रहेका थापा र प्रुडेन्सियल इन्स्योरेन्सका चिफ मार्केटिङ म्यानेजर श्रीराम भण्डारीले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्। क्लबलाई आइएमई ग्रुपले सहप्रायोजनबापत तीन लाख दिनेछ।

अन्तरपालिका कप हुने

काठमाडौं/ काठमाडौं जिल्ला समन्वय समितिको आयोजनामा काठमाडौं जिल्ला अन्तरपालिका फुटबल 'डिसिसी कप' हुने भएको छ। २ देखि ९ चैतसम्म हलचोकको एपिएफ मैदानमा हुने प्रतियोगितामा काठमाडौं जिल्लाका ११ पालिकाबाट सहभागी हुने जिल्ला समन्वय समितिका प्रमुख सन्तोष वुढाथोकीले बताए। प्रतियोगिताको विजेताले दुई लाख र उपविजेताले एक लाख रुपैयाँ प्राप्त गर्नेछन्। प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई २५ हजार तथा उत्कृष्ट गोलरक्षकले १० हजार रुपैयाँ पाउनेछन्। सर्वाधिक गोलकर्तालाई १० हजार रुपैयाँ दिइनेछ। प्रतियोगितामा अखिल नेपाल फुटबल संघ (एन्फा) र काठमाडौं जिल्ला खेलकुद विकास समितिले प्राविधिक सहयोग गर्नेछन्।

फ्रिस्टाइल च्याम्पियनसिप हुँदै

काठमाडौं/ बुद्धिचालमा नयाँ प्रयोगका रूपमा नेपालमा पहिलोपल्ट फ्रिस्टाइल प्रतियोगिता १ चैतमा हुँदै छ। हिमालयन चेस एकेडेमीले हिमालयन फ्रिस्टाइल चेस च्याम्पियनसिप आयोजना गर्न लागेको हो। एकेडेमीले आफ्नो वार्षिकोत्सवका अवसरमा च्याम्पियन आयोजना गर्न लागेको एकेडेमीकी अध्यक्ष मोनालिसा खम्बूले बताइन्। पूर्वविश्व च्याम्पियन अमेरिकी ग्रान्डमास्टर बबी फिसरले बुद्धिचाललाई रोचक बनाउन फ्रिस्टाइल फर्म्याट सुरु गरेका हुन्। 'बुद्धिचाललाई नयाँपन दिन फ्रिस्टाइल लागु गर्न लागेकी हुँ, त्यसैले हामीले पहिलोपल्ट नेपालमा प्रतियोगिता आयोजना गर्दै छौं,' मोनालिसाले भनिन्।

आयोजक काँकडभिट्टा मेचीनगर गोल्डकपको फाइनलमा

अन्तिममा दुई पेनाल्टी चुकाउँदा धरान सेमिफाइनलबाटै बाहिरियो



रमेश सुवेदी/नयाँ पत्रिका

आयोजक काँकडभिट्टा फुटबल ट्रेनिङ सेन्टर मेचीनगर गोल्डकपको फाइनलमा प्रवेश गरेको छ। मेचीनगरस्थित काँकडभिट्टाको खेलमैदानमा बुधबार आयोजकले धरान एफसीलाई सडन डेथमा ५-४ ले पराजित गर्दै आयोजक टोली अन्तिम दुईमा पुगेको हो। दुवै टोलीले निर्धारित समयमा १-१ बराबरी खेलेपछि फाइनल पुग्ने टोलीको निर्णय टाइब्रेकर र सडन डेथबाट भएको हो।

आयोजक काँकडभिट्टाले उपाधिका लागि बिहीबार हुने चर्च ब्वाइज युनाइटेड र मच्छिन्द्र फुटबल क्लबबिचको विजेताविरुद्ध खेल्नेछ। फाइनल विजेताले १० लाख र उपविजेताले पाँच लाख पाउनेछन्। निर्धारित समयको खेल र टाइब्रेकरमा समेत धरानले नै अग्रता लिएको थियो। तर, अन्तिममा दुई पेनाल्टी चुकाउँदा धरान सेमिफाइनलबाटै बाहिरियो। टाइब्रेकरमा धरानका मिलन राई, सविन राई, प्रज्वल थापा, अजय विष्टले गोल गरेका थिए। धरानबाट पाँचौं टाइब्रेकर प्रहार गर्न आएका सुरज जिमी र सडन डेथमा रोमन लिम्बू गोल गर्न सकेनन्। रोमनको प्रहार काँकडभिट्टाका गोलरक्षक विश्वास चौधरीले रोकेका थिए। काँकडभिट्टाका अभिषेक गुरुङ, दिवस उराउ, निशान लिम्बू, विवेक गुरुङ र फ्च्यांकलिन टलाले गोल गरे। हेमन्त लिम्बूको प्रहार पोलमा लागेको थियो।

खेलको ३४औं मिनेटमा सुरज रसाइलीले धरानलाई १-० को अग्रता दिलाएका थिए। उनले कप्तान मिलन राईको पासमा गोल गरेका हुन्। हेमन्त लिम्बूले ६९औं मिनेटमा काँकडभिट्टालाई १-१ को बराबरीमा ल्याए।

धरानले राम्रो खेल्यो

● **मुन्ना सुब्बा**, प्रशिक्षक, काँकडभिट्टा

सेमिफाइनलको नतिजा हेर्दा हामी सफल भयौं, तर सोचेजस्तो खेल भएन। धरानले हाम्रो तुलनामा राम्रो खेल खेल्यो। धरानले दुवैपटक अग्रता लियो। उनीहरू खेलमा फर्कने आशा लिएका थियौं। घरेलु समर्थकको साथ बलियो छ। मच्छिन्द्र वा चर्च ब्वाइजमध्ये एकसँग फाइनलमा खेल्न तयार छौं।

खेलाडीले दबाबमा खेले

● **हेम गुरुङ**, प्रशिक्षक, धरान

खेल हाम्रो पक्षमा थियो। खेलमा अग्रता पनि लियौं। सेटपिसमा रहेका डिफेन्सले राम्रो गर्न सकेनन्। केही प्रहार पोस्टमा लाग्दा असफल भयौं। पेनाल्टीमा पनि हाम्रो अग्रता थियो। यसलाई अन्तिमसम्म कायम राख्न सकेनौं। खेलाडीले दबाबमा खेले। काँकडभिट्टासँगको खेलमा भाग्यले साथ दिएन।

श्री स्टारले जित्यो विराट गोल्डकप

विराटनगरमा गणेश लम्साल



ललितपुरको श्री स्टार क्लबले नवौं विराट गोल्डकप फुटबल प्रतियोगिताको उपाधि जितेको छ। सहिद रंगशालामा बुधबार भएको फाइनलमा श्री स्टारले उत्कृष्ट फर्ममा रहेको चर्च ब्वाइज युनाइटेडलाई २-० ले हराउँदै उपाधि हात पारेको हो। श्री स्टारले दोस्रोपटक ट्रफी उचालेको हो। श्री स्टारका खेमराज श्रेष्ठले पाँचौं मिनेटमा १-० को अग्रता दिलाएका थिए। खेलको ६३औं मिनेटमा दीपेश घलेले श्री स्टारलाई २-० को अग्रता दिलाएका थिए। च्याम्पियन श्री स्टारले ११ लाख र उपविजेता चर्च ब्वाइजले पाँच लाख रुपैयाँ पाएका छन्।

फाइनलका म्यान अफ द म्याच श्री स्टारका कप्तान एकराज बुढाथोकी भए। उनले ११ हजार रुपैयाँ पाएका छन्। विधागत पुरस्कारमा पनि श्री स्टार हावी रह्यो। उत्कृष्ट प्रशिक्षक श्री स्टारका गणेश खड्का घोषित भए। उत्कृष्ट गोलरक्षक श्री स्टारका विवेक मगर र उच्च गोलकर्ता पनि श्री स्टारका दीपेश घले घोषित भए। प्रतियोगितामा उनले दुई गोल गरेका थिए। उत्कृष्ट खेलाडीले १५ हजार पाए। गोल्डकपका सर्वोत्कृष्ट खेलाडी भएका श्री स्टारका खेमराज श्रेष्ठले ५१ हजार रुपैयाँ पाए।

श्री स्टारले क्वार्टरफाइनलमा मच्छिन्द्र र सेमिफाइनलमा त्रिभुवन आर्मीलाई हराउँदै अन्तिम दुई स्थान पक्का गरेको थियो। पहिलोपटक फाइनलमा स्थान पक्का गर्ने क्रममा चर्च ब्वाइजले एनआरटीलाई क्वार्टरफाइनलमा १-० र सेमिफाइनलमा नेपाल पुलिसलाई १-० ले हराएको थियो। १९ फागुनबाट सुरु भएको गोल्डकपमा दुई विदेशीसहित 'ए' डिभिजनका १० टोलीले भाग लिएका थिए।

प्रिक्वार्टरफाइनलबाट बाहिरियो लिभरपुल



एजेन्सी

इंग्लिस प्रिमियर लिगमा उत्कृष्ट प्रदर्शन गरिरहेको लिभरपुल युरोपियन च्याम्पियन्स लिग फुटबल प्रतियोगिताको प्रिक्वार्टरफाइनलबाटै बाहिरिएको छ। प्रिक्वार्टरफाइनलको बुधबार भएको दोस्रो लेगमा पेरिस सेन्ट जर्मेन (पिएसजी)सँग टाइब्रेकरमा स्तब्ध हुँदै लिभरपुल नकआउट चरणबाट बाहिरिएको हो। पहिलो लेगमा पिएसजीको मैदानमा लिभरपुल १-० ले विजयी भएको थियो। दोस्रो लेगमा लिभरपुल एन्डफिल्डमा पिएसजीसँग १-० ले पराजित भएको थियो। दुवै लेग बराबरी भएपछि खेल टाइब्रेकरमा धकेलिएको थियो। टाइब्रेकरमा पिएसजीका इटालियन गोलरक्षक जियानलुजी डोनारुमा नायक भए। उनले दुई पेनाल्टी प्रहार बचाएका थिए। पिएसजीले पेनाल्टीमा चार गोल गरेको थियो। लिभरपुलका मोहमद सलाहाले मात्र गोल गरे। डार्बिन नुनेज र कर्टिस जोन्सको प्रहार पिएसजीका गोलरक्षक डोनारुले छेके। खेलको १२औं मिनेटमा ओस्मान डेम्बेलेले पिएसजीलाई १-० को अग्रता दिलाएका थिए। त्यसपछि थप गोल नहुँदा समग्रमा १-१ को बराबरीले खेल अतिरिक्त समयमा धकेलिएको थियो। लिभरपुललाई टाइब्रेकरमा ४-१ ले हराएको पिएसजी क्वार्टरफाइनलमा पुगेको छ।

इन्टर मिलानले फेयनोर्डलाई हरायो

च्याम्पियन्स लिगकै अर्को खेलमा इटालियन क्लबले इन्टर मिलानले फेयनोर्डलाई २-१ ले पराजित गर्दै अन्तिम आठको स्थान पक्का गरेको छ। इन्टर मिलानले समग्रमा ४-१ को अग्रता बनाउँदै अन्तिम आठको स्थान पक्का गरेको हो। अब इन्टर मिलानले क्वार्टरफाइनलमा जर्मन क्लब बायर्न म्युनिखको सामना गर्नेछ।

स्पेनिस क्लब बार्सिलोनाले समग्रमा बेन्फिकालाई ४-१ ले हराउँदै क्वार्टरफाइनल स्थान सुरक्षित गऱ्यो। बार्सिलोनाको जितमा लामिन यामाल र राफिन्हाले गोल गरेका थिए। बार्यनले अन्तिम आठमा स्थान सुरक्षित गर्ने क्रममा बायर लेभरकुसेनलाई २-० ले हरायो। बायर्न समग्रमा ५-० को अग्रताका साथ अन्तिम आठमा पुगेको हो। यस सिजनको च्याम्पियन्स लिगमा ह्यारी केन दसौं गोल गर्न सफल भए। बायर्नका खेलाडी केन च्याम्पियन्स लिगको एकै सिजनमा १० गोल गर्ने पहिलो इंग्लिस खेलाडी बने।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com